जेठ - २

सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २५, अङ्क ४	२०७३, जेठ १६–३२	पूर्णाङ्क ५७४

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

Email: info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

प्रकाशन, सञ्चार तथा सम्पादन समिति

माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत	**- अध्यक्ष**
माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत	**- सदस्य**
नायव महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	**- सदस्य**
वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन	**- सदस्य**
सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत	**- सदस्य सचिव**

सम्पादक : श्री गजेन्द्रबहादुर सिंह

प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री लक्ष्मण वि.क.
ना.सु.श्री रमादेवी न्यौपाने
ना.सु.श्री विनोदकुमार यादव
सि.क.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

भाषाविद् : उपप्रा. श्री रामचन्द्र फुयाल

बिक्री शाखामा कार्यरत् कर्मचारी

डि.श्री नरबहादुर खत्री

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

पूर्ण इजलास	३
विशेष इजलास	४
संयुक्त इजलास	११
इजलास नं. १	१५
इजलास नं. २	४
इजलास नं. ३	११
इजलास नं. ४	२
इजलास नं. ५	५
इजलास नं. ८	२
एकल इजलास	१
जम्मा	५८

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

निर्णयहरूको सारसङ्ग्रह

विषयगत आधारमा

वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... . १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७३, जेठ – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

Toll Free Number

१६६०–०१–३३३–५५

वा

इमेल ठेगाना

cjs@supremecourt.gov.np

मा सम्पर्क गर्न सकिने छ।

मूल्य रू.१५।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष/विपक्ष	पृष्ठ
पूर्ण इजलास			**१-३**
१.	उत्प्रेषण	प्रहरी प्रधान कार्यालय, नक्साल र ऐजनको कानून शाखाको तर्फबाट प्रहरी महानिरीक्षक वि. रन्जनचन्द्र श्रेष्ठ	
२.	हातहतियार खरखजाना	संजयकुमार साह वि. नेपाल सरकार	
विशेष इजलास			**३-९**
३.	उत्प्रेषण / परमादेश	अधिवक्ता मीरा ढुङ्गानासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत	
४.	उत्प्रेषण / परमादेश	रविन्द्र श्रेष्ठसमेत वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत	
५.	उत्प्रेषण / प्रतिषेध	अधिवक्ता विश्वप्रकाश भण्डारीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत	
संयुक्त इजलास			**१०-१९**
६.	उत्प्रेषण / परमादेश	सिद्धान्त मल्लको हकमा आमा सुधा श्रेष्ठ वि. विनोद मल्लसमेत	
७.	उत्प्रेषण	निरजकुमार बाहुन वि. गणेशबहादुर ऐरसमेत	
८.	अप्राकृतिक मैथुन (जबरजस्ती करणी)	गोविन्द राउत वि. नेपाल सरकार	
९.	लागु औषध खैरो हेरोइन	नैतुल्लाह भन्ने शेष अनाय तुल्लाह वि. नेपाल सरकार	
१०.	जबरजस्ती करणी	हतिराम पुनमगर वि. नेपाल सरकार	
११.	उत्प्रेषण	भुवनप्रसाद जोशीसमेत वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत	
१२.	उत्प्रेषण	करिसिंह भुलसमेत वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत	
१३.	कर्तव्य ज्यान	अनिता गुरूङसमेत वि. नेपाल सरकार	
१४.	सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७ अन्तर्गतको कसुर अपराध गरेको	नेपाल सरकार वि. प्रहरी जवान भेषराज श्रेष्ठ	

१५.	कर्तव्य ज्यान	नेपाल सरकार वि. नारायणकाजी श्रेष्ठसमेत
१६.	उत्प्रेषण / परमादेश	मानबहादुर बिष्ट वि. तुलसिंह विष्टसमेत
इजलास नं. १		**२०-२९**
१७.	उत्प्रेषण	उमाकान्त जोशीसमेत वि. सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोक, काठमाडौंसमेत
१८.	प्रतिषेध / उत्प्रेषण	अधिवक्ता मिथिलेश्वरकुमार सिंहसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत
१९.	वैदेशिक रोजगार	नेपाल सरकार वि. निलेश पाण्डेसमेत
२०.	कुटपिट अङ्गभङ्ग	नेपाल सरकार वि. रामपुकार ठाकुरसमेत
२१.	अदालतको अपहेलना	सैदा खातुन वि. महम्मद आलम मियाँसमेत
२२.	हातहतियार खरखजाना	नेपाल सरकार वि. उमानाथ लुइटेलसमेत
२३.	उत्प्रेषण / परमादेश	जयप्रकाश चौरसिया वि. राजपतिदेवी बरैनी

२४.	जबरजस्ती चोरी	नेपाल सरकार वि. आकाश बुढाथोकी
२५.	अपुताली हक कायम दर्ता	श्यामकिशोर प्रसाद कायस्त वि. रामकिशोरप्रसाद कायस्त
२६.	निषेधाज्ञा / परमादेश	किशोर थापा वि. श्यामभक्त थापा, डा. भाइकाजी तिवारी वि. श्यामभक्त थापा
२७.	नापी निर्णय बदर	परशुराम जोशी वि. देवराज जोशी
२८.	निषेधाज्ञा	दयाराम अहिरसमेत वि. सीताराम अहिरसमेत
इजलास नं. २		**२९-३२**
२९.	छुट जग्गा दर्ता	मालपोत कार्यालय, उदयपुर वि. दानबहादुर घले
३०.	कर्तव्य ज्यान	नेपाल सरकार वि. मानबहादुर सुनार, मानबहादुर सुनार वि. नेपाल सरकार
३१.	कर्तव्य ज्यान	धनबहादुर चौहान वि. नेपाल सरकार
३२.	कर्तव्य ज्यान	नेपाल सरकार वि. संगीता भन्ने सम्झना क्षेत्री बोहरासमेत

इजलास नं. ३		३२-४२
३३.	भ्रष्टाचार	नेपाल सरकार वि. भरत प्रसाद घिमिरेसमेत
३४.	परमादेश	शेषकान्त पुरी वि. वैदेशिक रोजगार विभागसमेत
३५.	कर्तव्य ज्यान	बजिरसिंह खड्का वि. नेपाल सरकार
३६.	कर्तव्य ज्यान / जबरजस्ती चोरी / जबरजस्ती करणी	चक्रबहादुर रावल वि. नेपाल सरकार
३७.	हाडनाता जबरजस्ती करणी	भक्तबहादुर खतिवडा वि. नेपाल सरकार
३८.	मानव बेचबिखन तथा ओसारपसार	सीता भन्ने सरीता थिङ्ग वि. नेपाल सरकार
३९.	निषेधाज्ञा	भिष्ममान श्रेष्ठ वि. कर्पोरेट कार्यालय, कानून विभाग नारायणचौर नक्साल काठमाडौंस्थित लुम्बिनी विकास बैंक लिमिटेडसमेत
४०.	करार यथावत राखिपाउँ	बौकु मलाह वि. श्री जनता शंकर उच्च माध्यमिक विद्यालय, राजगढ नर्घोसमेत
४१.	परमादेश	अधिवक्ता राजुप्रसाद चापागाईंसमेत वि. नेपाल राज्यका महान्यायाधिवक्ताको कार्यालयसमेत
४२.	उत्प्रेषण / परमादेश	डा. बसन्तकुमार ताम्राकार वि. लोक सेवा आयोग केन्द्रीय कार्यालयसमेत
४३.	बैना रकम र सो बराबरको रकम फिर्ता पाउँ	बसन्तकुमार सिलवाल वि. किरणप्रसाद घिमिरे
इजलास नं. ४		४३-४५
४४.	कर्तव्य ज्यान	साइँली भन्ने जङ्गलीमाया पहरी वि. नेपाल सरकार
४५.	कर्तव्य ज्यान	तुलसीदेवी चन्द वि. नेपाल सरकार

इजलास नं. ५		४५-५३
४६.	कर्तव्य ज्यान	संजिव भन्ने संजीभ गुरूङसमेत वि. नेपाल सरकार
४७.	जबरजस्ती करणी	लालबहादुर परियार वि. नेपाल सरकार
४८.	कर्तव्य ज्यान	नेपाल सरकार वि. अस्मिता जिआर (गहतराज) समेत
४९.	सवारी ज्यान	नेपाल सरकार वि. लेखनाथ भन्ने कृष्ण पुरी
५०.	जबरजस्ती चोरी	नेपाल सरकार वि. लालबहादुर कार्की

इजलास नं.८		५३-५४
५१.	कर्तव्य ज्यान	नेपाल सरकार वि. धनबहादुर याक्सो लिम्बू
५२.	कर्तव्य ज्यान	नेपाल सरकार वि. इमबहादुर खड्का पाल्पाली
एकल इजलास		**५४-५५**
५३.	बन्दी प्रत्यक्षीकरण	वेगबहादुर तामाङ वि. जिल्ला कारागार कार्यालय,धादिङसमेत
अदालत गतिविधि		**५६-६०**

पूर्ण इजलास

१

स.प्र.न्या. श्री कल्याण श्रेष्ठ, मा.न्या. श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०६८-NF-०००५, उत्प्रेषण, *प्रहरी प्रधान कार्यालय, नक्साल र ऐजनको कानून शाखाको तर्फबाट प्रहरी महानिरीक्षक वि. रन्जनचन्द्र श्रेष्ठ*

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २३ मा उक्त ऐनको अनुसूची १ र २ मा लेखिएका मुद्दा सरकार वादी भई चल्ने कानूनी व्यवस्था भएको देखिन्छ। उक्त अनुसूची १ मा उल्लेख भए बमोजिमका मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्ता वा निजबाट अधिकार प्रत्यायोजन गरिएको सरकारी वकिललाई हुने व्यवस्था उक्त ऐनको दफा १७(२) मा गरिएको देखिन्छ। त्यसरी मुद्दा चल्ने निर्णय गरिएको अवस्थामा दफा १८(१) बमोजिम सरकारी वकिलले अभियोग पत्र दायर गर्नुपर्ने देखिन्छ। त्यस्तै दफा २२(५) मा अनुसूची २ अन्तर्गतको मुद्दाको हकमा समेत उक्त दफा १७(२) को व्यवस्था लागू हुने भन्ने उल्लेख भएको देखिँदा अनुसूची २ मा उल्लिखित मुद्दासमेत सरकारी वकिलको निर्णय बिना चल्न सक्ने देखिँदैन। त्यसैगरी उक्त ऐनको दफा ३१ मा अनुसूची १ र २ मा लेखिएबाहेकका नेपाल सरकार वादी भई चलाइने अन्य मुद्दाका सम्बन्धमा व्यवस्था गरिएको देखिन्छ । उक्त दफाको उपदफा (२) मा मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा निर्णय गर्दा दफा १७(२) को व्यवस्था लागू हुने भन्ने उल्लेख भएको देखिँदा अनुसूची १ र २ मा उल्लेख भएकादेखि बाहेकका अन्य सरकार वादी भई चल्ने मुद्दाहरू पनि सरकारी वकिलको निर्णयबाट मात्र चल्न सक्ने देखिन्छ । त्यसका अतिरिक्त सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ को क्रमसङ्ख्या ३६ र अनुसूची २ को क्रमसङ्ख्या १० मा ती अनुसूचीहरूमा उल्लिखित मुद्दाहरूका अलावा नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेका अरू फौजदारी र देवानी मुद्दा नेपाल सरकार वादी भई चल्नसक्ने देखिने।

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ र २ मा उल्लिखित मुद्दा, दफा ३१ बमोजिम प्रचलित नेपाल कानूनमा नेपाल सरकार वादी हुने भनी उल्लेख भएको मुद्दा तथा उक्त अनुसूची १ को क्रमसङ्ख्या ३६ र अनुसूची २ को क्रमसङ्ख्या १० मा उल्लिखित मुद्दा मात्र नेपाल सरकार वादी भई चल्ने हुँदा सोदेखि बाहेकका अन्य मुद्दा नेपाल सरकार वादी भई चल्न नसक्ने र त्यसरी सरकार वादी मुद्दा चलाउँदा पनि अनिवार्य रूपमा सरकारी वकिलबाट निर्णय हुनुपर्ने अवस्था देखिन आउने।

संवैधानिक र कानूनी व्यवस्थाको पृष्ठभूमिमा प्रस्तुत मुद्दाको विषयवस्तुका सम्बन्धमा विचार गर्दा, विपक्षी रिट निवेदकउपर प्रहरी ऐन, २०१२ को दफा ३४ को खण्ड (ग),(घ) र (छ) बमोजिमको कसुरमा प्रहरी प्रधान कार्यालयको पत्रले श्री ५ को सरकार वादी भनी प्रहरी प्रधान कार्यालय, कानून शाखाका प्रहरी नायव उपरीक्षक भिष्मकान्त अर्यालले सरकारी वकिलको निर्णयबिना नै मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालतसमक्ष अभियोगपत्र दायर गरेको देखिन्छ । निजले के कुन कानूनले दिएको अधिकार प्रयोग गरी अभियोगपत्र दायर गरेको हो सो कुरा उक्त अभियोगपत्रमा उल्लेख भएको देखिँदैन । प्रहरी ऐन, २०१२ मा रिट निवेदकउपर लगाइएको दफा ३४ को अभियोगसम्बन्धी मुद्दा सरकार वादी भई चल्ने भन्ने कुरा उल्लेख भएको देखिँदैन । त्यसैगरी प्रहरी ऐन, २०१२ अन्तर्गतको कसुरसम्बन्धी मुद्दालाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ र

२ मा समेटिएको नदेखिनुका साथै प्रहरी ऐन, २०१२ को दफा ३४ अन्तर्गतको कसुरसम्बन्धी मुद्दालाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ को क्रमसङ्ख्या ३६ र अनुसूची २ को क्रमसङ्ख्या १० बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी नेपाल सरकार वादी भई चल्ने भनी तोकेको भन्ने पनि देखिन आएको छैन । यसप्रकार विपक्षी रिट निवेदकउपर लगाइएको प्रहरी ऐन, २०१२ को दफा ३४ सँग सम्बन्धित कसुरसम्बन्धी मुद्दा सरकार वादी भई चल्ने भनी स्वयम् उक्त ऐन, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ र २ तथा अन्य कुनै कानूनी प्रावधानले स्पष्ट रूपमा व्यवस्था गरेको नदेखिँदा रिट निवेदकउपर दायर गरिएको उक्त मुद्दा नेपाल सरकार वादी भई चल्नसक्ने अवस्था देखिन नआउने ।

विपक्षी निवेदकउपर लगाइएको मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ र २ भित्र नपरेको, उक्त ऐनको दफा ३१ ले पनि नसमेटेको अवस्थामा प्रहरी प्रधान कार्यालयको पत्रले नेपाल सरकार वादी भनी सरकारी वकिलको निर्णयबेगर प्रहरी नायब उपरीक्षकले दायर गरेको मुद्दा कानूनबमोजिम अधिकारप्राप्त निकाय वा पदाधिकारीले दायर गरेको भन्न मिल्ने नदेखिँदा गैरकानूनी अभियोजनका आधारमा मुद्दाको सुनुवाई गरी विपक्षी निवेदकलाई एक वर्ष कैदसमेत हुने ठहर्‍याएको मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालतको मिति २०६१।१।२ को फैसला र सोलाई सदर गर्ने गरेको केन्द्रीय प्रहरी विशेष अदालतको मिति २०६३।३।१२ को निर्णयसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्‍याएको यस अदालतको संयुक्त इजलासको मिति २०६६।८।९ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । निवेदक विपक्षीको निवेदन जिकिर पुग्न नसक्ने ।

यस अदालतको संयुक्त इजलासबाट भएको फैसला सदर हुने ठहरे पनि प्रहरी ऐन, २०१२ अन्तर्गतका कसुरसम्बन्धी मुद्दा चलाउने वा वादी कायम गर्ने सम्बन्धमा स्पष्ट कानूनी व्यवस्थाको अभाव देखिन आएकोले सो सम्बन्धमा स्पष्ट र पर्याप्त कानूनी व्यवस्था हुन जरूरी देखिएकोले तत्सम्बन्धमा अविलम्ब थप स्पष्ट कानूनी व्यवस्था गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०७२ साल माघ १४ गते रोज ५ शुभम् ।

२

मा.न्या. श्री बैद्यनाथ उपाध्याय, मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०६९-CF-०००५, हातहतियार खरखजाना, *संजयकुमार साह वि. नेपाल सरकार*

निमित्त प्रमुख जिल्ला अधिकारीले मुद्दाको निर्णय नै गरेको नभई प्रमुख जिल्ला अधिकारी अनुपस्थित रहेको अवस्थामा बकपत्रका लागि उपस्थित गराइएका साक्षीको बकपत्र गराई मुद्दाको कारवाही अगाडि बढाएकोसम्म देखिएको छ । त्यसरी प्रमुख जिल्ला अधिकारीको अनुपस्थितिमा सहायक प्रमुख जिल्ला अधिकारीले गराएको बकपत्र प्रमुख जिल्ला अधिकारीबाट अनुमोदन गराउनै पर्ने अनिवार्य कानूनी व्यवस्था देखिँदैन । मूलतः बकपत्र भएको हो, होइन र बकपत्र गराइँदा इच्छाविपरीत गराइएको छ, छैन भन्ने कुरा हेरिनु पर्दछ । बकपत्र भएको तथ्यमा विवाद छैन । बकपत्र हुँदा अनुचित प्रभाव पारियो भन्ने जिकिर पनि रहेको छैन । अनुचित प्रभाव नपारी सहज रूपमा बकपत्र भएको अवस्थामा मुद्दाको कार्यविधिगत कुरामा निमित्त प्रमुख जिल्ला अधिकारीले साक्षीको बकपत्रसम्म गराएको देखिन्छ । बकपत्र गर्ने र गराउनेले कुनै आपत्ति गरेको देखिँदैन । प्रतिवादीले बकपत्रमा

जिरह गर्न पाउने नै हुन्छ । बकपत्र गर्ने व्यक्ति उही हो र गराउने निकाय पनि उही भएको अवस्थामा प्रतिवादीले जिरह लिई आफ्नो प्रतिरक्षा गर्न पाउने नै भएकोमा अन्यथा कुरा झिकी त्यस्तो बकपत्रलाई शून्यकृत गर्न मिल्ने देखिएन । अन्ततः निर्णय भने प्रमुख जिल्ला अधिकारीबाट नै भएको देखिँदा उल्लिखित नजिर प्रस्तुत मुद्दामा आकर्षित हुन सक्ने देखिएन । तसर्थ न्यायिक तथा व्यावहारिक दृष्टिबाट समेत उक्त बहस जिकिरसँग पनि सहमत हुन नसकिने ।

पुनरावेदक प्रतिवादी संजयकुमार शाहले अवैध हतियार पेस्तोल आफ्नो साथमा राखेको र बरामदी मुचुल्कामा उल्लेख भएअनुसार उक्त हतियार निजको साथबाट बरामद भएको कुरा पुष्टि हुन आएकोले निजलाई अभियोग दाबीबाट सफाई दिने गरी संयुक्त इजलासका माननीय न्यायाधीश श्री कमलनारायण दासले व्यक्त गर्नुभएको रायसँग सहमत हुन सकिएन । अतः यी प्रतिवादी संजयकुमार साहलाई अभियोग दाबीबमोजिमको कसुर अपराधमा १(एक) वर्ष ९(नौ) महिना कैद र रू. ५०००।- जरिवाना हुने ठहर्याई सुरू जिल्ला प्रशासन कार्यालय, धनुषाले मिति २०६१।३।३० मा गरेको फैसला सदर हुने ठहर्याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६३।२।३० को फैसला सदर हुने ठहर्याई संयुक्त इजलासका माननीय न्यायाधीश श्री अवधेशकुमार यादवले व्यक्त गरेको राय मनासिव देखिँदा सदर हुने ठहर्छ। अभियोग दाबीबाट सफाई पाउनु पर्दछ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली
कम्प्युटरः अमिररत्न महर्जन/ विकेश गुरागाईं
इति संवत् २०७२ साल भदौ ३१ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०६९-CF-०००४, केही सार्वजनिक अपराध, *संजयकुमार साह वि. नेपाल सरकार* भएको मुद्दमामा पनि यसैअनुसार फैसला भएको छ ।

विशेष इजलास

१

मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०७०-WS-००५२, उत्प्रेषण/परमादेश, *काठमाडौं जिल्ला, कामनपा वडा नं ११ थापाथलीस्थित महिला कानून र विकास बोर्डको तर्फबाट र आफ्नै तर्फबाट अधिवक्ता मीरा ढुङ्गानासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २९ को व्यवस्था बदरको माग गरेको सम्बन्धमा संविधानको धारा १३५ को उपधारा (२) मा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतहरूबाट नेपाल सरकारको प्रतिनिधित्व गरिनेछ । यस संविधानमा अन्यथा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई भएको भए तापनि त्यो व्यवस्था स्वेच्छाचारी नहुने हुँदा दफा २९ को उपदफा (१) को व्यवस्थाले आयोगबाट मुद्दा चलाउनको लागि प्राप्त भएको सिफारिस कार्यान्वयन गर्न शान्ति तथा पुनर्निर्माण मन्त्रालयले महान्यायाधिवक्तालाई बाध्यात्मकरूपमा लेखी पठाउनु पर्ने र उपदफा (२) को उपदफा (१) बमोजिम सो मन्त्रालयबाट लेखी आएमा महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकिलले त्यस्तो पीडकउपर मुद्दा चल्ने वा नचल्ने सम्बन्धमा निर्णय गर्नेछ भन्ने व्यवस्थाले अनुसन्धानबाट शङ्कित व्यक्ति दोषी नदेखिएको अवस्थामा महान्यायाधिवक्ताको चाहनाको कारणले मात्र मुद्दा नचल्ने गरी निर्णय हुन सक्छ भनी अर्थ गर्नु मनासिब हुँदैन । यस दफाबमोजिम

दायर गरिने मुद्दाहरूमा हदम्याद लागू हुने छैन भन्ने व्यवस्था थप गरी पाउन माग गरेको सम्बन्धमा सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारका गम्भीर उल्लङ्घनका घटनालाई जतिसक्दो चाँडो सम्बोधन गरी मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरूद्धका अपराधसम्बन्धी अन्य घटना र घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण तथा छानबिन गरी पीडक र पीडितबिच मेलमिलाप गराई समाजमा शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न आवश्यक रहेको अवस्थामा हदम्यादको व्यवस्थाको कारणबाट उक्त प्रक्रियालाई थप लम्ब्याउन नमिल्ने।

वस्तुतः मानिस प्राकृतिक प्राणी भएको कारण मानिससँग अन्योन्याश्रित भएका र अपहरण गर्नै नसकिने अधिकारहरूको दायराभित्र गैरकानूनी तवरले प्रवेश गर्ने वा अतिक्रमण गर्ने वा उल्लङ्घन गर्ने छुट राज्यका अमुक संगठन वा कुनै व्यक्ति, कसैलाई पनि छैन । त्यस्तै मानवीय संवेदनाका कतिपय विषयहरू सङ्कटकालीन अवस्था वा युद्धका बेलासमेत अनतिक्रम्य र संरक्षित हुनु पर्दछ । नेपाल नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र र यातना विरूद्धको महासन्धिलगायत सबैजसो महत्त्वपूर्ण मानव अधिकारसम्बन्धी महासन्धिहरूको पक्ष राष्ट्र हो । यसका अतिरिक्त, अन्तराष्ट्रिय मानवीय कानून (जेनेभा) महासन्धिहरूको पनि पक्ष राष्ट्र छ । अन्तर्राष्ट्रिय मानव अधिकार कानूनअन्तर्गत अधिकार वा स्वतन्त्रताको उल्लङ्घनबाट पीडित व्यक्तिको प्रभावकारी कानूनी उपचार पाउने हक सुनिश्चित छ । यो अधिकार प्रमुख रूपमा मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा ८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २, यातना तथा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरूद्धको महासन्धिको धारा १४, बाल अधिकारसम्बन्धी महासन्धिको धारा ३९ र जेनेभा महासन्धि, १९४९ लगायतका व्यवस्थाहरू अन्तर्गत संरक्षित छ । मानव अधिकारका पछिल्ला केही दस्ताबेजले संक्रमणकालीन न्याय र परिपूरणको सुनिश्चितताको लागि मार्ग निर्देश गरेको देखिने।

मानव अधिकारको उल्लङ्घन र त्यसका कसुरदारलाई फौजदारी कानूनका स्थापित मूल्य र मान्यताअनुरूप फौजदारी दायित्व बहन गराउनु आवश्यक हुन्छ । कानून मान्ने संस्कृति जनसाधारणसँग मात्रै अपेक्षा गरिने होइन, राज्यसँग पनि उत्तिकै अपेक्षा गरिन्छ। राज्यले आफैँ कानूनको उचित सम्मान गर्न सक्तैन भने राज्यले बनाएको कानून अन्य जनसाधारणबाट पालनाको अपेक्षा गर्न कठिन हुन्छ। यस सन्दर्भमा राज्यको चरित्र दण्डहीनतालाई प्रोत्साहन गर्ने होइन। द्वन्द्वले उजागार गरेका प्रश्न र परिणामलाई व्यवस्थित गर्दै न्यायपूर्ण समाज स्थापना गर्नेतर्फ अग्रसर हुनुपर्दछ । गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई न्यायको दायरामा ल्याउने राज्यको राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनी सिर्जित दायित्व हुने।

राष्ट्रिय कानूनका अतिरिक्त अन्तर्राष्ट्रिय मानव अधिकार कानून र मानवीय कानूनविपरीत हुने मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाहरू अक्षम्य र दण्डनीय छन् । त्यस प्रकारको दोषबाट उन्मुक्ति लिन अब सम्भव छैन । सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घनको विषय हाम्रो देशको मात्र स्वार्थ र चासोको विषय नभई समग्र विश्व जगतको अविभाज्य र अक्षुण्ण एजेन्डा बन्न पुगेको छ । त्यसैले यस्ता विषयहरू न्यायको दायरामा ल्याउनै पर्ने हुन्छ। संक्रमणकालीन न्यायको सबैभन्दा ठूलो सम्बन्ध समाज र कानूनसँग रहेको हुन्छ। हाम्रो देशमा १० वर्ष चलेको सशस्त्र द्वन्द्वको क्रममा धेरै नेपाली मारिएका छन्। धेरै बेपत्ता भएका छन् र धेरै घरवारविहीन भई विस्थापित भएका

छन् । यही अवधिमा विगतको न्यायपूर्ण समाज क्षतविक्षत बन्न पुगेको तथ्य सबैको सामु छर्लङ्ग छ । द्वन्द्वको समयमा भएका उल्लिखित घटनाको सम्बोधन हुनु नपर्ने कुनै कारण छैन । राज्यले द्वन्द्वको समयमा भएका घटनाको दोषीलाई क्षमादान दिन प्रयास गरे तापनि फौजदारी कानूनको स्थापित मूल्य र मान्यताले क्षमादान दिन मिल्दैन । मिति २०५२।११।१ देखि चलेको सशस्त्र द्वन्द्वको अन्त्य मिति २०६३।८।५ को विस्तृत शान्ति सम्झौतामा आएर टुङ्गिएको छ । विस्तृत शान्ति सम्झौता भएपश्चात् शान्ति प्रक्रियाको थालनी भएको र शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुर्‍याउने प्रमुख अभिभारा राज्यको जिम्मा आएको छ। शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउने प्रयास स्वरूप नै नेपालको अन्तरिम संविधानको धारा ३३ मा (ड), (ढ), (त), (थ), (द) र (ध) समेतका व्यवस्था राखिएको तथ्यमा विवाद नहुने ।

सशस्त्र द्वन्द्वकालमा नियन्त्रणमा लिई हत्या, बलपूर्वक बेपत्ता तथा जबरजस्ती विस्थापनसमेत गरे गराएको भन्ने कुरा निवेदन लेखबाट देखिन्छ । बलपूर्वक व्यक्ति बेपत्ता पारिएको घटनालाई मानव अधिकारसम्बन्धी गम्भीर अपराधको रूपमा लिइने अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको दृष्टिकोण रही आएको देखिन्छ । द्वन्द्वकालमा भइरहेका मानवीय कानून विरूद्ध वा मानव अधिकार उल्लङ्घनका गम्भिर कसुरहरू रोक्ने, ती कसुरहरू दोहोरिन नदिने, पीडितमा आत्मसम्मानको भाव उद्‌बोधन गराउने राष्ट्रिय मेलमिलापको वातावरण बनाउने र कानूनी राज्यको पुनस्थापन गरी शान्ति बहालीको मार्गमा योगदान पुर्‍याउने नै सङ्क्रमाणकालीन न्यायको मुख्य अभीष्ट हो । सङ्क्रमणकालीन अवधिमा भएका घटनाहरूको दोषीलाई मनपरी क्षमादान गर्दा विधिको शासन (Rule of law) कायम रहन सक्दैन । बरू विधिको शासन (Rule of law) कायम गर्न गम्भीर अपराधका पीडकहरूलाई क्षमादान दिनेसमेतका व्यवस्था राखिनु हुँदैन । द्वन्द्वकालमा राजनीतिकरूपले मात्र घटना घटित भएका छैनन् । अपराधिकरूपले पनि घटना भएका छन् । राजनीतिकरूपले घटित घटना र आपराधिकरूपले घटित घट्नलाई एकै स्थानमा राखेर हेर्न नमिल्ने ।

मानव अधिकारको दृष्टिकोणले द्वन्द्वकालमा घटेका घटनाहरू राज्यले सम्बोधन गर्नु पर्ने हुन्छ । राज्यले कानून बनाएँ भनेर मात्र हुँदैन । बनेको कानून संविधान अन्तर्राष्ट्रिय मापदण्ड र अदालतबाट भएको फैसला वा आदेशअनुकूलको भई कार्यान्वयन योग्य हुनुपर्दछ । संविधानसमेतको प्रतिकूल कानून बनेमा त्यस्तो कानून संवैधानिक परीक्षणको रोहमा कायम रहन सक्दैन । त्यस्तै गरी यस अदालतबाट विवादित विषयको सन्दर्भमा नै पहिले आदेश भइसकेको भए सो आदेशसमेतको पालना गरी कानून निर्माण गरिनु पर्ने । संविधानको धारा ११६ को उपधारा (१) मा मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालना गर्नुपर्ने र उपधारा (२) मा मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या र प्रतिपादन गरेको कानूनी सिद्धान्त नेपाल सरकार तथा सबै अड्डा अदालतहरूले मान्नुपर्ने संवैधानिक व्यवस्था भएको देखिन्छ । यो व्यवस्था विधिको शासनको मेरूदण्डको रूपमा रहेको देखिन्छ । विधिको शासनको पालनाबाट नै स्थायित्व, उन्नयन र विकास हुन्छ । स्थायित्व, उन्नयन र विकासको लागि विधिको शासन स्थापित गरिनु पर्दछ । विधिको शासनमा विश्वास गर्ने संस्थाहरूले अदालतबाट भएको आदेशलाई उपेक्षा गर्न मिल्दैन । विधिभन्दा माथि व्यक्ति वा संस्था कुनै पनि हुन नसक्ने ।

राज्यका हरेक अङ्गहरूको आ-आफ्नो कार्यहरू तोकिएका हुन्छन् । ती कुनै एक अर्काका विरूद्ध लक्षित छैनन् । हरेक अङ्गले तोकिएको आआफ्नो कार्य

गरेको खण्डमा मात्र राज्य सन्तुलित रूपमा विकास र समृद्धिको पथमा अग्रसर हुन्छ । राज्यका अङ्गहरू विधायिका, कार्यपालिका र न्यायपालिकाले पनि आआफ्नो कार्य गरेमा त्यो सार्थक र अपेक्षित हुन्छ । नीति निर्माण गर्ने काम र देशको प्रशासन सञ्चालन गर्ने काम कार्यपालिकाको क्षेत्रभित्र, कानून निर्माण गर्ने काम व्यवस्थापिका संसदको क्षेत्रभित्र र कानूनको व्याख्या गर्ने काम न्यायपालिकाको क्षेत्रभित्र पर्ने हुँदा यी तिनै अङ्गहरूले एक अर्काको अधिकार क्षेत्रमा हस्तक्षेप गर्न मिल्दैन । अदालतबाट भएको आदेश अन्यथा भएमा बाहेक कार्यपालिका र व्यवस्थापिकाले मान्नुपर्ने हुन्छ। अतः अदालतबाट विभिन्न महत्त्वपूर्ण अवसरमा जारी भएका आदेश, निर्णय, निर्देशनको उपेक्षा गरी अर्को अङ्गले विपरीत दिशामा हिँड्ने कोसिस गर्ने हो भने राज्य सुचारू रूपले सञ्चालन सम्भव हुँदैन । अदालतले आफ्नो स्वार्थ वा अभीष्टको लागि कुनै निर्णय वा आदेश गर्दैन। बरू जनताको न्यायको सर्वोपरितालाई हृदयङ्गम गरेर नै आदेश वा निर्णय गरेको हुन्छ । यस अवस्थामा आदेशबमोजिमका कार्यहरू राज्यका अङ्गहरूले एक आपसमा एकअर्काप्रति सम्मान, मैत्री र सहकारिताको भावनाले प्रेरित भएर गर्नु वाञ्छनीय हुने।

कानून बदर माग गरेको सम्बन्धमा अदालतले आफूसमक्ष आएका विवादको निरूपण गर्दा विधायिकी कानूनहरू प्रारम्भमा संविधानसम्मत नै भएको अनुमान गर्दछ। प्रारम्भिकरूपमा शङ्काको सुविधा विधायिकी कानूनको पक्षमा नै जान्छ । विधायिकी कानून बदर गर्दा अदालतले आफूलाई संयमित र आत्मनियन्त्रणमा राखेको हुन्छ । कुनै विधायिकी कानून संविधानको प्रावधानसँग प्रत्यक्ष मेल नखाने देखिएको र संविधानप्रदत्त जनताको मौलिक हकमा प्रतिकूल असर परेको देखिएको अवस्थामा त्यसलाई अन्यथा गर्नुअघि यस अदालतले विधायिकी असल नियतको पक्षमा नै आफ्नो खोजीलाई जारी राख्दछ। तर त्यति हुँदाहुँदै पनि विधायिकी कानून संविधानविपरीत भई जनताको मौलिक हकमा अनुचित बन्देज लगाउने गरी जारी भई विधायिकी दुर्भावना वा स्वेच्छाचारिता जस्ता कमी कमजोरीका गन्ध आएमा यस अदालतले त्यस्तो कानूनलाई बदर वा संशोधन वा परिमार्जन गर्ने गरी आदेश गर्न सक्ने।

अदालतबाट पटक-पटक गम्भीर मानव अधिकार उल्लङ्घनका दोषीहरूलाई कानूनको दायरामा ल्याई पीडितलाई न्यायको महसुस गराउन, परिपुरणको व्यवस्था गर्नु र मेलमिलापको वातावरण बनाई दण्डहीनता अन्त्य गर्न आदेश जारी भइरहने तर राज्यका जिम्मेवार निकायबाट त्यसको उपेक्षा र उल्लङ्घन भइरहेमा विधिको शासनको अवमूल्यन हुने।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा नपरेका वा परेर पनि अस्पष्ट भएका तथा संविधान, अन्तर्राष्ट्रिय मानव अधिकार कानून र मानवीय कानूनसमेतसँग असङ्गत भएको कारणले कार्यान्वयन गर्न नमिल्ने व्यवस्थाहरूका सम्बन्धमा राजेन्द्र ढकाल, लिलाधर भण्डारी, सुमन अधिकारी र माधवकुमार बस्नेत समेत निवेदक भएका मुद्दाहरूमा यसअघि जारी गरिएका तथा प्रस्तुत रिट निवेदनमा भएको आदेश, दिइएका निर्देशन र व्याख्याहरू प्रतिकूल नहुने गरी कार्य गर्नु गराउनु भनी विपक्षीहरूको नाममा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) बमोजिम ध्यानाकर्षण सहितको निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटर: गीता घिमिरे (गिरी)

इति संवत् २०७२ साल वैशाख ३ गते रोज ५ शुभम्।

२

मा.न्या.श्री सुशीला कार्की, मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७०-

WS-०००७, उत्प्रेषण / परमादेश, *रविन्द्र श्रेष्ठसमेत वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६(२)(ख) अनुसार बढुवा हुने पदभन्दा एक तहमुनिको पदमा कम्तीमा ८ वर्ष सेवा अवधि पूरा गरेको भएमा दफा २६(१) अनुसार १ वर्ष अतिदुर्गम वा २ वर्ष दुर्गममा काम नगरेको भए पनि बढुवाको लागि योग्यता पुगेको मानिन्छ । स्तरवृद्धिभन्दा बढुवा उच्च अवस्था हो । बढुवाको लागि उपयुक्त तर स्तर वृद्धिको लागि अनुपयुक्त भन्न मिल्दैन । संशोधित दफा २६(२ख), दफा ९(१)(२) को विशेष व्यवस्था आकर्षित गरी तोकेको सेवा अवधि पूरा गरेकाहरूको हकमा सो पुगेकै मितिबाट तलब भत्ता सुविधा र जेष्ठता लागू हुने गरी छैठौं तहमा स्तर वृद्धि गर्नु गराउनु भनी परमादेशसमेत पाउँ भन्ने निवेदकहरूको थप जिकिर रहेको छ । तर बढुवा र स्तरवृद्धि दुई बेग्लाबेग्लै अवस्था भएकाले दुवैको हकमा समान व्यवस्था हुनुपर्छ भन्ने निवेदकहरूको माग तर्कपूर्ण देखिँदैन । बढुवाको लागि के कस्तो आधार, योग्यता र सर्त तोक्नुपर्छ र स्तरवृद्धिको लागि के कस्तो आधार र अवस्था हुनुपर्छ यो कुरा शुद्ध विधायिकी नीतिभित्र पर्ने कुरा हो । चौथो संशोधनबाट आएको स्तरवृद्धिसम्बन्धी कानून केहीको लागि कुनै र केहीको लागि कुनै परिणाम आउने गरी आएको नभई सबैको लागि समानरूपमा आएकोले यसबाट कर्मचारीहरूका बिचमा भेदभाव भएको भन्न नमिल्ने ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ ले स्वतन्त्रताको हकको प्रत्याभूति गरेको छ । सो धाराको उपधारा (३) मा "प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ" भन्ने व्यवस्था रही खण्ड (च) मा "कुनै पेसा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता" भन्ने प्रावधान रहेको देखिन्छ । विवादित संशोधनले धारा १२(३)(च) को पेसा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रतामा रोक वा बन्देज लगाएको देखिँदैन । निवेदकहरूको लागि सेवाको सर्त अनुकूल नहुँदैमा वा कुनै संशोधनबाट निवेदकहरू तत्काल लाभान्वित नहुँदैमा त्यो संशोधन संविधानसँग बाझिएको भन्न नमिल्ने ।

स्वास्थ्य सेवा ऐन, २०५३ को चौथो संशोधनले स्वास्थ्य सेवाका निवेदकसरहका कर्मचारीको लागि घटी वर्षको सेवा अवधि वा न्यून शैक्षिक योग्यता वा अति दुर्गम वा दुर्गम क्षेत्रमा सेवा नगरे पनि स्तरवृद्धि हुने प्रावधान राखेर भेदभावपूर्ण कानून बनाएको देखिँदैन । समानता भन्ने कुरा सापेक्षतामा नै आधारित हुन्छ । संविधानले अंगीकार गरेको समानताको सिद्धान्त पनि सापेक्षतामा आधारित छ । निरपेक्ष समानता न सम्भव छ न वान्छनीय नै । कानूनको समान संरक्षण समान स्थितिका व्यक्तिहरूलाई दिइनु पर्ने समान व्यवहार हो । समान व्यक्तिहरूका बिचमा भेदभाव भएमात्र समानता विपरीत भेदभावपूर्ण प्रयोग मान्नु पर्ने हुन्छ । कानूनको दृष्टिमा समान वा कानूनको समान संरक्षण भन्ने वाक्यांशको अर्थ नागरिकहरूबिच योग्यता, कार्यको विभिन्नता इत्यादि आधारमा भेदभाव नगरी निरपेक्ष समानताको अवस्था होइन । कानूनको समान संरक्षण भयो भएन भन्ने कुरा कानूनको प्रयोग समानरूपमा भयो भएन भनी हेर्नु पर्ने ।

धारा १९ सम्पत्तिको हकको हनन् भएको निवेदन जिकिर सारहीन छ । उक्त धाराको उपधाराहरू क्रमशः "(१) प्रत्येक नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ । (२) सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरू कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन । तर अवैध ढङ्गले आर्जन गरेको वा सम्पत्तिको हकमा यो उपधारा लागू हुने छैन । (३) वैज्ञानिक भूमिसुधार

कार्यक्रम लागू गर्दा वा सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकारको सिर्जना गर्दा कानूनबमोजिम क्षतिपूर्ति दिइनेछ । क्षतिपूर्ति र सोको आधार र कार्य प्रणाली कानूनद्वारा निर्धारण गरिएबमोजिम हुनेछ ।" भनी भएको व्यवस्थामा प्रस्तुत संशोधनले कसरी आघात पुर्‍यायो निवेदकहरूको कति सम्पत्ति अपहरण भयो वा निवेदकहरूले कुन सम्पत्ति आर्जन भोग गर्न खोजेका तर गर्न नपाएका ती सबै कुरा स्पष्ट नगरी सगोलमा लिएको जिकिरलाई न्यायिक जिकिर भन्न मिल्दैन । यस्ता जिकिरलाई सतही जिकिर मानिने ।

संविधानसँग कानून अमान्य भएको भन्ने निवेदनको निरोपणका लागि यस अदालतले लिने गरेको आधारहरू यसप्रकारका देखिन्छन् । विधायिका निर्मित कानून संविधानसम्मत रहेको अनुमान गरिन्छ । कानून संविधानसँग बाझिएको छ भन्ने जिकिर लिने पक्षले सो कुरा स्पष्ट किसिमले प्रमाणित गर्नुपर्छ । यसको लागि निजले सफा हात लिएर आउनु पर्छ र उल्लिखित कानूनलाई स्वीकार गरेको वा त्यसबाट फाइदा लिएको देखिनु हुँदैन । बाझिएको कुरा सामान्य विवेक भएको मानिसले सहजरूपमा थाहा पाउन सक्ने हुनु पर्छ । सामान्य मानिसले त्यसरी बुझ्न सक्दैन भने त्यसलाई बाझिएको भनेर अदालतले बलपूर्वक व्याख्या गर्दैन । अदालतले कानूनको समीक्षा गरेर यस्तो कानून भइदिए अझ राम्रो हुन्थ्यो भनी त्यसको औचित्य खोज्ने वा मस्यौदाकारको काम गर्दैन । अदालतले दाबी गरिएको कानून स्पष्टसँग संविधानसँग बाझिएको छ छैन भन्नेसम्म हेर्छ । विवेक, तर्कसम्मत र बुझ्न सकिने वर्गीकरण (reasonable and intelligible differentia) सर्वस्वीकृत छ । समान र असमान बिच समान कानून लागू गर्न मिल्दैन । यसबाट झन् असमानता बढ्छ । कर्मचारी प्रशासनको स्वरूप संगठन र तिनीहरू बिचको वर्गीकरण राज्यको नीतिभित्र पर्ने नीतिगत कुरा भएकाले यो अन्यायपूर्ण नदेखिएसम्म अदालतले हात नहाल्ने ।

वास्तविक पीडितहरूलाई समयमा न्याय प्रदान गर्नका लागि अत्यन्त दबाबमा रहेको यस अदालतलाई सानातिना असुविधा भएको बहानाबाजी गरी अलमल गर्ने काम सह्य हुन सक्तैन । यस्ता ससाना गुनासा सुन्नका लागि रिट उपचारको व्यवस्था भएको होइन । यसमा निवेदकहरूको कानून व्यवसायीहरूको अहम् भूमिका रहने ।

अदालतलाई कानून बदर गर्ने अधिकार मात्र छ । त्यसमा थपघट गरी संशोधन गर्ने अधिकार छैन । यो अदालतले मस्यौदाकारको काम गर्न सक्दैन । त्यसको लागि अदालतको निर्माण भएको होइन । यो अदालतले कानूनको शासनको सम्मान गर्नुपर्ने हुँदा यसले शक्ति पृथकीकरणको दायरा नाँघ्न नसक्ने ।

माथि उल्लेख भएबमोजिम नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), धारा १३(१)(२) र धारा १९ को हकमा कुन संशोधनले के कसरी आघात पुर्‍यायो त्यसलाई यस इजलासको सन्तुष्टि हुने गरी निवेदकहरूबाट विवेकसम्मत र स्पष्ट तर्क आउन सकेको छैन । संविधानसँग ती धाराहरू बाझिएको भन्ने कुरा प्रमाणित गर्ने भारलाई निवेदकहरूले पुरा गर्न नसक्नु भएकोले निवेदकहरूको मागबमोजिमको आदेश जारी हुनसक्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सिना र विकेश गुरागाईं

इति संवत् २०७२ साल असोज ७ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको ०६८-WS-००८३, उत्प्रेषण / परमादेश, *राजनप्रसाद पोखरेलसमेत वि.*

लोक सेवा आयोग केन्द्रीय कार्यालयसमेत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

३

मा.न्या.श्री सुशीला कार्की, मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७०-WS-००२२, उत्प्रेषण / प्रतिषेध, *अधिवक्ता विश्वप्रकाश भण्डारीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६५ ले संविधानसभा सदस्यको अयोग्यतासम्बन्धी व्यवस्था भई सोको खण्ड (ग१) मा संविधानसभा सदस्य हुनका लागि "कुनै कानूनले अयोग्य नभएको" हुनुपर्ने भन्ने व्यवस्था रहेको देखिन्छ । संविधानमा भएको सो व्यवस्थाबाट संविधानसभा सदस्यको अयोग्यताको निर्धारण कानूनद्वारा हुन सक्ने हुँदा विधायिकाले कानून बनाएर संविधानसभा सदस्यको अयोग्यता निर्धारण गर्नसक्ने देखिन्छ । विधायिकाको त्यस्तो कानून बनाउन पाउने अधिकारमा यस अदालतबाट हस्तक्षेप गर्न नमिल्ने।

संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० बमोजिम संविधानसभा सदस्यको निर्वाचन सम्पन्न भई नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ बमोजिमको संविधानसभाबाट मिति २०७२।६।३ मा नेपालको संविधान जारी भइसकेको र सो मिति २०७२।६।३ मा जारी भएको नेपालको संविधानको धारा ३०८ ले नेपालको अन्तरिम संविधान, २०६३ लाई खारेजसमेत गरेको देखिन्छ । निवेदकले दाबी लिएको कानूनी व्यवस्थाबमोजिम संविधानसभाको निर्वाचन सम्पन्न भई संविधानसभाले मिति २०७२।६।३ मा नेपालको संविधान जारी गरी नेपालको अन्तरिम संविधान, २०६३ लाई खारेजसमेत गरिसकेको अवस्था हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिन नआउने।

निवेदकले संवैधानिकता परीक्षणका लागि दिएको प्रस्तुत रिट निवेदनको विषयमा यसअघि यस अदालतको विशेष इजलासबाट संवैधानिकता परीक्षण भइसकेको परिप्रेक्ष्यमा सोही विषयमा पुनः संवैधानिकता परीक्षण गरी कुनै आदेश जारी गरिरहन पर्ने आवश्यकता र औचित्यसमेत देखिन नआउने हुँदा निवेदकले संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० को दफा १९(ङ) को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावना तथा धारा १३(१)(२)(३), धारा ३३(घ) र धारा ६५(क)(ख)(ग)(घ) समेतसँग बाझिएकोले उक्त व्यवस्था अमान्य र बदर घोषित गरिपाउँ भनी दाबी लिएको भए पनि माथिका प्रकरण प्रकरणहरूमा विवेचना गरिएका आधार र कारणहरूबाट उक्त व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ सँग बाझिएको नदेखिनुका साथै सो अध्यादेशमा भएको कानूनी व्यवस्थाअनुसार संविधानसभाको निर्वाचन सम्पन्न भई सो संविधानसभाले मिति २०७२।६।३ मा नेपालको संविधान जारी गरी नेपालको अन्तरिम संविधान, २०६३ लाई खारेजसमेत गरेको र निवेदकले अमान्य र बदर घोषित गरिपाउँ भनी दाबी लिएको कानूनी व्यवस्थाको यस अदालतको विशेष इजलासबाट यसपूर्व नै संवैधानिकता परीक्षण भइसकेको देखिँदा एक पटक संवैधानिकता परीक्षण भइसकेको अवस्थामा पुनः सोही विषयमा संवैधानिकता परीक्षण गरिरहनु पर्ने कुनै आवश्यकता र औचित्यसमेत देखिन नआएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल असोज ७ गते रोज ५ शुभम्।

संयुक्त इजलास

१

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोपाल पराजुली, ०६९-WO-०२२३, उत्प्रेषण / परमादेश, *सिद्धान्त मल्लको हकमा आमा सुधा श्रेष्ठ वि. विनोद मल्लसमेत*

निवेदकले निजका बाबुसमेतलाई प्रतिवादी बनाई मिति २०६६।८।२३ मा अंश मुद्दा दायर गर्नुपूर्व नै विनोद मल्लले दीपा मानन्धरलाई मिति २०६६।८।१९ मा जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट दर्ता विवाह गरिसकेको अवस्थामा समेत बढ अंशियार नदेखाई अंशको दाबी गरेको र अंश मुद्दामा मिति २०६७।१०।२ मा फैसला हुनुपूर्व उक्त मुद्दा विचाराधीन रहेकै अवस्था विनोद मल्ल र दीपा मानन्धरको सम्बन्धबाट वरदान मल्लको मिति २०६७।६।१५ मा जन्म भई अंशियार बढेको स्थितिमा समेत सो कुरा उल्लेख नगरी दुई भागको १ भाग अंश भाग छुट्ट्याई पाउँ भनी यी निवेदकले मिति २०६८।७।१४ मा बन्डातर्फ दरखास्त दिएको देखियो । निवेदकले मिति २०६८।७।१४ मा दायर गरेको बन्डा दरखास्तमा अंश मुद्दाका प्रतिवादीमध्ये चन्द्रमायाको मृत्यु भएको र टिना मल्लको विवाह भएकोले अंशियार बाहेक गरी बन्डा छुट्ट्याई पाउन माग गरेका तर अंश मुद्दामा फैसला हुनुपूर्व बढ भएका दीपा मानन्धर र वरदान मल्ललाई अंशियार नदेखाई यस अदालतमा गरेको रिट निवेदनमा समेत बढ भएका अंशियारलाई आफ्नो अंश भाग लाग्ने सम्पत्तिमा अंशियार कायम गर्न नमिल्ने भनी जिकीर लिएको देखिन आएको छ । पुनरावेदन अदालतले हालसम्म देखिएका सबै अंशियार कायम गरी फैसला कार्यान्वयन गर्ने भनी जिल्ला अदालतका नाममा जारी भएको आदेश नै दण्ड सजायको महलको ४६(१८) नं. र जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८ख को प्रतिकूल भएको भनी चुनौती दिएको हुँदा सोमा भएका कानूनी व्यवस्थाहरू उल्लेख हुनु सान्दर्भिक हुने ।

मुलुकी ऐन, दण्ड सजायको महलको ४६(१८) नं. मा भएको कानूनी व्यवस्था देहायबमोजिम छः

"वादीले अंश पाउने ठहरी अन्तिम फैसला भएको मुद्दामा अन्य प्रतिवादी अंशियारहरूले पनि आफ्नो अंश छुट्ट्याई लिन दरखास्त दिएमा कानूनबमोजिम लाग्ने कोर्टफी लिई फैसलाबाट ठहरेबमोजिमको सम्पत्तिबाट अंश छुट्ट्याई दिलाई दिनुपर्छ"

यसैगरी जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८ख को कानूनी व्यवस्था देहायबमोजिम छः-

७८खः- अंश छुट्ट्याई दिने कार्यविधि (१) *मुलुकी ऐन, दण्ड सजायको महलको ४६ नं. को देहाय (१८) बमोजिम प्रतिवादी अंशियारहरूले आफ्नो अंश छुट्ट्याई लिन सोही दण्ड सजायको महलको ४६ नं. को देहाय (१) बमोजिमको म्यादभित्र दरखास्त दिए पहिले अंशबन्डा लाग्ने भनी फैसला भएको सम्पत्तिमध्ये कुनै सम्पत्ति बेचबिखन आदि कुनै व्यहोराको हक हस्तान्तरण भए नभएको, अंशियार सङ्ख्या घटबढ भए नभएको सम्बन्धमा कुनै जिकिर भए लिखित जवाफ पेस गर्न सात दिनको समय दिई अन्य अंशबन्डा हुन बाँकी देखिएका सबै अंशियारहरूलाई झिकाई दुवैथरीको कुरा बुझ्दा पहिले तायदाती फाँटवारीमा उल्लेख भएबमोजिमको सम्पत्तिमा घटीबढी नभएको र अंशियार सङ्ख्यासमेत घटबढ नभएको देखिएमा कानूनको रित पुर्‍याई कानूनबमोजिम लाग्ने कोर्टफी असुल गरी अंश छुट्ट्याई दिनुपर्दछ ।*

(२) उपनियम (१) बमोजिम बुझ्दा अंशियार

सङ्ख्या घटबढ भएको वा पहिले तायदाती फाँटवारी भएको सम्पत्तिमा घटबढ भएको देखिन आएमा सोही मिसिलबाटै अंशियार सङ्ख्या र बन्डा लाग्ने सम्पत्ति यकिन गरी कानूनको रित पुर्‍याई अंशबन्डा गरिदिनु पर्छ।

उल्लिखित कानूनी व्यवस्थाबाट बन्डा गर्नुपर्ने कुनै सम्पत्तिका हकमा र त्यस्तो सम्पत्तिका हिस्सेदार अंशियार घटबढ भए नभएको यकिन गरी सोही मिसिलबाट बन्डा छुट्ट्याई दिनुपर्ने हुन्छ। प्रस्तुत विवादमा यी निवेदकले दायर गरेको अंश मुद्दामा फैसला हुनुपूर्व नै दीपा मानन्धर र वरदान मल्ल गरी दुई अंशियार थप भइसकेको परिप्रेक्ष्यमा निज निवेदकले दायर गरेको बन्डा मुचुल्काको मिसिलबाटै अंशियार सङ्ख्या कायम गर्नुपर्ने हुन्छ। फैसला हुनुपूर्व नै विवाह र जन्मबाट थप भएका अंशियारलाई चलिरहेको बन्डा मुद्दामा अंशियार कायम नगर्दा निजले प्राप्त गर्ने अंश हकमा प्रतिकूल असर पुग्न जाने हुन्छ। फैसला कार्यान्वयन नहुँदै थप भएका अंशियारलाई थप अंशियार कायम गर्दा यी निवेदकको हकमा असर परेको सम्झन नमिल्ने।

निवेदक सिद्धान्त मल्ल बाबु विनोद मल्लसँग नछुट्टिई सगोलमा बसेको अवस्थामा दीपा मानन्धरसँग निवेदकका बाबुको विवाह भएको र वादीले अंश मुद्दाको फिराद दिई उक्त मुद्दा विचाराधीन रहेकै अवस्थामा अर्को अंशियार वरदान मल्लको जन्म भएको देखिन्छ। यसरी अंश मुद्दा चल्नुअघि विवाह भई अंश नछुट्टिएको अवस्थामा जन्मेका सन्तानले अंश नपाउने भन्ने अंशबन्डाको कानून, दण्ड सजायको महलको ४६(१८) नं. र जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८ख लगायतले व्यवस्था नगरेको हुँदा अंश मुद्दामा मिति २०६७।१०।२ मा फैसला हुनुपूर्व विवाह र जन्मबाट थप भएका अंशियारलाई अंशियार कायम गरी फैसला कार्यान्वयन गर्न काठमाडौं जिल्ला अदालतका नाममा पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।५।१ मा भएको आदेशमा कुनै कानूनी त्रुटि नहुँदा निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल भदौ ३० गते रोज ४ शुभम्।

२

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०७०-WO-०३२८, उत्प्रेषण, *निरजकुमार बाहुन वि. गणेशबहादुर ऐरसमेत*

प्रहरी नियमावली, २०४९ को नियम ८९(२) मा प्रहरी कर्मचारीलाई कुनै सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको कुरा उल्लेख गरी हुनसक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेस गर्ने मौका दिनुपर्नेछ भन्ने व्यवस्था रहेको र ऐ. को स्पष्टिकरणको खण्ड (क) मा भागी पत्ता नलागेको वा अरू कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको प्रहरी कर्मचारीको सम्बन्धमा यस नियमावलीको कार्यविधिको रित पुर्‍याउनु पर्ने छैन भन्ने र खण्ड (ग) मा सफाइ पेस गर्ने मौका दिँदा मनासिब नपर्ने भएमा सो कुराको पर्चा खडा गरी त्यस्तो प्रहरी कर्मचारीलाई सफाइ पेस गर्ने मौका दिनुपर्ने छैन भन्ने व्यवस्था रहेको देखिन्छ। यी रिट निवेदक बिदा स्वीकृत नगराई लामो समयसम्म कार्यालयमा गैर हाजिर रहेका र हाजिर हुन आउने बारेको सूचना घर दैलामा टाँस हुनुका साथै गोरखापत्रमा सूचना प्रकाशित गर्दासमेत निज कार्यालयमा सम्पर्कमा आएको नदेखिँदा त्यसरी सम्पर्क स्थापित गर्न असम्भव भएका त्यस्ता प्रहरी कर्मचारीको हकमा उक्त कानूनी व्यवस्थाबमोजिम सफाई पेस गर्ने मौका दिई रहनु पर्ने नदेखिएको र सो सम्बन्धमा सजाय गर्ने अधिकारीबाट छुट्टै पर्चासमेत खडा गरिएको देखिने।

निवेदकलाई प्रहरी नियमावली, २०४९ को

नियम ८८(झ) को कसुरमा ऐ. को नियम ८४(छ) बमोजिम सामान्यतः भविष्यमा सरकारी नोकरीका लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने निर्णय भएको देखिन्छ । उक्त नियम ८८(झ) मा मनासिब कारण नभई वा बिदा नलिई बिदा बसेमा वा गैरहाजिर भएमा सजाय गर्ने अधिकारीले त्यस्ता प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउने वा बर्खास्त गर्नसक्ने भन्ने र नियम ८४ मा सजायका विभिन्न प्रकारहरू उल्लेख भई सोको उपनियम (छ) मा भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने सजायको व्यवस्था गरिएको देखिन्छ। यी रिट निवेदक कुनै जानकारी नगराई, बिदा नलिई ५१ दिनसम्म गैरहाजिर रहेको देखिन्छ। प्रहरी सेवा सार्वजनिक शान्ति सुरक्षा र जनताको सुरक्षासँग प्रत्यक्षरूपमा सम्बन्धित अत्यन्त संवेदनशील सेवा हो। त्यस्तो सेवामा कार्यरत कर्मचारीमा उच्च अनुशासनको अपेक्षा गरिन्छ, लापरवाहीको कुनै गुन्जायस रहन सक्दैन र रहनु पनि हुँदैन । यसप्रकार निवेदक बिदा नलिई लामो समयसम्म कार्यालयमा गैरहाजिर रही लापरवाहीयुक्त कार्य गरेको देखिँदा निजलाई सरकारी सेवामा अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी अधिकारप्राप्त अधिकारीबाट भएको निर्णयमा कुनै त्रुटि रहेको देखिन नआउने।

रिट निवेदक निरजकुमार बाहुन बिदा नलिई, कार्यालयमा कुनै जानकारी नै नगराई कार्यालयमा गैरहाजिर रही लापरवाहीयुक्त कार्य गरेको देखिँदा प्रहरी नियमावली, २०४९ को नियम ८८(झ) को कसुरमा ऐ. को नियम ८४(छ) बमोजिम निजलाई समान्यतः भविष्यमा सरकारी नोकरीका लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी जिल्ला प्रहरी कार्यालय, दाङबाट मिति २०६८।८।२ मा भएको निर्णय सदर हुने ठहऱ्याएको मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालय, सुर्खेतका प्रहरी नायब महानिरीक्षकले मिति २०७०।४।२७ मा गरेको निर्णयमा कुनै त्रुटि रहेको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुनसक्ने अबस्था देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली
कम्प्युटर: रामशरण तिमिल्सीना
इति संवत् २०७२ साल भदौ २३ गते रोज ४ शुभम्।

३

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०६८-CR-०२९१, अप्राकृतिक मैथुन (जबरजस्ती करणी), *गोविन्द राउत वि. नेपाल सरकार*

वादी पक्षले जाहेरवाला तथा पीडितलाई अदालतमा उपस्थित गराई जाहेरी र मौकाको कागज व्यहोरालाई पुष्टि गराउन नसकेकोले त्यस्ता कागज मेरा विरूद्धमा प्रमाणमा लाग्न सक्दैन भनी प्रतिवादीले लिएको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, निज स्वयम्ले पीडितको कपडामा आफूले वीर्य लगाएको कुरा स्वीकार गरी अदालतसमक्ष बयान गरेको, मौकामा कागज गर्ने जिना श्रेष्ठ र नरेन्द्रलाल श्रेष्ठले पीडितको भोटोमा सेतो फोहोर लागेको देखेको भनी अदालतसमक्ष उपस्थित भई बकपत्र गरेको तथा विशेषज्ञको परीक्षण प्रतिवेदनसमेतका प्रमाणबाट पीडितको कपडामा प्रतिवादीकै वीर्य लागेको व्यहोरा समर्थित भइरहेको देखिन्छ । पुनरावेदक प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्षको साबिती स्वेच्छाको नभई कुटपिट गरी लेखिराखेको कागजमा सहीछाप गराएको भन्ने कथनका सम्बन्धमा हेर्दा पनि मिसिल प्रमाणबाट निजको शरीरमा यातना वा घा खतको कुनै चिह्न रहेको नदेखिएको, निजले सुरू जिल्ला अदालतमा म्याद थप गर्न आँउदा आफूलाई कुटपिट वा यातना दिइको भन्ने सम्बन्धमा कुनै निवेदन दिन सकेको समेत नदेखिँएकोले अधिकारप्राप्त अधिकारीसमक्षको निजको साबितीलाई स्वेच्छाको होइन भनी अर्थ गर्न मिल्ने देखिँएन। निजको उक्त साबिती अन्य प्रमाणबाट समेत समर्थित भइरहेको देखिँदा सो साबिती प्रमाण ऐन,

२०३१ को दफा ९ को उपदफा (१) र उपदफा (२) को खण्ड (क) को देहाय २ नं. बमोजिम निजका विरूद्ध प्रमाणमा लाग्ने नै देखिँदासमेत प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ९क नं. बमोजिमको कसुरमा ऐ. ३ नं. को देहाय दफा १ बमोजिम १० (दश) वर्ष र ऐ ९क नं. बमोजिम थप १(एक) वर्षसमेत ११(एघार) वर्ष कैद हुने तथा ऐ. १० नं. बमोजिम पीडितले प्रतिवादीबाट रू.१५०००।- (पन्ध्र हजार) क्षतिपूर्ति भराई पाउने ठहर्‍याई सुरू काठमाडौं जिल्ला अदालतले मिति २०६६।८।२३ मा गरेको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।८।२१ मा भएको फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल मङ्सिर २२ गते रोज ३ शुभम् ।

४

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०६९-CR-०९५६, लागु औषध खैरो हेरोइन, *नैतुल्लाह भन्ने शेष अनाय तुल्लाह वि. नेपाल सरकार*

मिसिल संलग्न मिति २०६७।११।२१ को बरामदी मुचुल्कामा प्रतिवादीले लगाइरहेको ज्याकेटको दुईवटा खल्तीबाट दुई प्याकेट सेतो प्लाष्टिकको पोका फेला परेको सो प्लाष्टिकको पोकाभित्र लागु औषध खैरो हेरोइन जस्तो देखिने धुलो पदार्थ फेला परेको र सोको तौल गर्दा १९०.५५० ग्राम भएको भन्ने व्यहोरा उल्लेख भएको पाइन्छ। उक्त बरामद वस्तुलाई परीक्षण गर्दा केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालाको मिति २०६७।१२।६ को प्रतिवेदनअनुसार हेरोइन भएको भन्ने देखिन्छ । उक्त बरामदी मुचुल्कामा प्रतिवादी रोहबरमा बसी सहिछापसमेत गरेको अवस्थामा आफूबाट बरामद भएको होइन भन्ने प्रतिवादीको जिकिर प्रमाणसम्मत देखिन नआउने ।

बरामदी मुचुल्कामा रहेका प्रहरी कर्मचारीबाहेक अन्य मानिसहरू अदालतमा उपस्थित हुन नसकेको भए पनि प्रहरी कर्मचारी अदालतमा आई बरामदी मुचुल्काको व्यहोरा पुष्टि हुने गरी गरिदिएको बकपत्रलाई प्रमाणको रोहमा अन्यथा भन्न मिल्दैन । प्रमाण ऐन, २०३१ को दफा १८ ले पनि यस्तो बकपत्रलाई प्रमाण ग्राह्य मान्नुपर्ने ।

प्रतिवादीको मौकाको बयान एवम् अदालतको बयानमा उल्लेख भएका तथ्यगत कुराहरू एक आपसमा मिल्नुका साथै सो कुरालाई बरामदी मुचुल्का एवम् त्यसमा रहेका व्यक्तिको अदालतमा भएको बकपत्रसमेतले पुष्टि गरिरहेको स्थितिमा प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा प्रतिवादीउपरको कसुर पुष्टि भइरहेको अवस्थामा पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६९।६।२३ को फैसला मनासिब नै देखिँदा सदर हुने ।

इजलास अधिकृत: अनिलकुमार शर्मा

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल असार ३० गते रोज ४ शुभम् ।

५

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०६७-CR-०६००, जबरजस्ती करणी, *हतिराम पुनमगर वि. नेपाल सरकार*

वारदात मिति २०६५।१२।२२ का दिन प्रतिवादीको उमेर १४ वर्ष ४ महिना २१ दिन भएको भनी प्रतिवादीले अध्ययन गरेको विद्यालयको विद्यार्थी भर्ना मितिलाई जिल्ला अदालत तथा पुनरावेदन अदालतबाट कायम भएको उमेरका सम्बन्धमा प्रतिवादीले यस अदालतमा गरेको पुनरावेदनमा अन्यथा भनी विवाद जनाएको देखिएन । तर कम सजायमात्र हुनुपर्ने भन्ने जिकिर गरेको देखिन आएको

छ। वारदात मिति २०६५।१२।२२ मा यी प्रतिवादीको उमेर चौध वर्ष चार महिना २१ दिन र पीडितको उमेर ९ वर्ष रहेको देखिन्छ। पीडित तथा पीडक दुवै नाबालक रहेको अवस्था छ। प्रतिवादीउपर जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम सजायको माग दाबी रहेको परिप्रेक्ष्यमा पीडितको उमेर, सो नम्बरले उमेर पुगेको व्यक्तिले कसुर गरेमा पीडकलाई हुनसक्ने १५ वर्ष कैद सजायमा प्रतिवादीको उमेरलाई विचार गरी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम उमेर पुगेका व्यक्तिले कसुर गरेमा हुन सक्ने सजायको आधा सजाय ७ वर्ष कैद सजाय हुने ठहर गरेको सुरू प्युठान जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत तुलसीपुरको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

पुनरावेदन अदालतको फैसला अध्ययन गरी हेर्दा सजायतर्फ बोली क्षतिपूर्तितर्फ बोलेको देखिएन। तर जिल्ला अदालतले सजाय र क्षतिपूर्तितर्फ बोलेको फैसलालाई नै सदर गरेको देखिएको हुँदा पुनरावेदन अदालतको फैसलामा क्षतिपूर्तितर्फ नबोल्दैमा त्यसले तात्विक भिन्नता पार्न नसक्ने र पीडितले क्षतिपूर्ति पाउन सक्ने कुरामा कुनै प्रतिकूल असर पर्न नसक्ने हुँदा प्युठान जिल्ला अदालतको मिति २०६६।३।१६ को फैसला सदर गरेको पुनरावेदन अदालत, तुल्सीपुरको मिति २०६७।५।१ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७२ साल भदौ २ गते रोज ४ शुभम्।

६

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री जगदीश शर्मा पौडेल, ०६९-WO-०३४३, उत्प्रेषण, *भुवनप्रसाद जोशीसमेत वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको लिखित जवाफ हेर्दा, निवेदकहरूसमेत १५ जनाले पदस्थापना गरी पाउँ भनी दिएको निवेदनको आधारमा हचुवा र अनियमित तवरबाट स्वास्थ्य सेवा विभागबाट निवेदकहरू समेतलाई पदस्थापना गर्ने निर्णय भएको देखिँदा उक्त पदस्थापना निर्णय बदर गर्न र सबै सि.अ.हे.व. हरूलाई समेट्ने गरी स्पष्ट नीति बनाई पदस्थापनासम्बन्धी निर्णय गर्नु भनी आयोगको निर्णयअनुसार लेखी पठाइएको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ। विपक्षी आयोगले लिखित जवाफमा उल्लिखित निर्णयको प्रतिलिपिसमेत लिखित जवाफसाथ पेस गर्न सकेको देखिँदैन भने के कुन कानूनले दिएको अधिकार प्रयोग गरी निवेदकहरूको पदस्थापना बदर गर्नु भनी लेखी पठाउने निर्णय गरिएको हो सो कुरासमेत लिखित जवाफमा उल्लेख गर्न सकेको देखिँदैन। राज्यका हरेक निकायहरूले संविधान र कानूनले दिएको अख्तियारीको सिमाभित्र रही कार्य गर्नुपर्ने हुन्छ। ती निकायहरूले आफूबाट भएका हरेक काम कारवाही र निर्णयको कानूनी आधार देखाउन सक्नु पर्दछ, सो देखाउन नसके त्यस्ता काम कारवाहीले वैधता प्राप्त गर्न सक्दैन। विपक्षी आयोगले निवेदकहरूको पदस्थापना बदर गर्नु भनी पत्राचार गर्दा सोको कानूनी आधार उल्लेख गर्न नसक्नुका अतिरिक्त लिखित जवाफमा समेत सो कुरा खुलाउन सकेको नदेखिँदा विपक्षी आयोगको उक्त काम कारवाही कुनै कानूनमा आधारित रहेको नभई हचुवाका भरमा भएको देखियो। त्यस्तो हचुवा पत्रका आधारमा निवेदकहरूलाई कुनै सुनुवाईको मौकासमेत प्रदान नगरी निजहरूको पदस्थापना बदर गर्ने गरी विपक्षी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र स्वास्थ्य सेवा विभागबाट भएको निर्णय कानूनबमोजिमको निर्णय भनी मान्न नमिल्ने।

विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णयानुसार भनी पदस्थापना भइसकेका निवेदकहरूको पदस्थापना बदर गर्ने गरी भएको

निर्णयमा विधिसम्मत आधार उल्लेख भएको नदेखिएकोले निवेदकहरूको पदस्थापना बदर गर्ने गरी विपक्षी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट मिति २०६९।४।३ मा भएको निर्णय र सो का आधारमा विपक्षी स्वास्थ्य सेवा विभागबाट मिति २०६९।५।१ मा भएको निर्णय तथा मिति २०६९।५।८ को पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । अब विपक्षी जिल्ला स्वास्थ्य कार्यालय, बैतडीको मिति २०६८।९।१४ को निर्णय तथा सोही मितिको पत्रबमोजिम भएको निवेदकहरूको पदस्थापना यथावत् कायम राख्नु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली
कम्प्युटर: विकेश गुरागाईं
इति संवत् २०७२ साल मङ्सिर १३ गते रोज १ शुभम् ।

७

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री जगदीश शर्मा पौडेल, ०७०-WO-०६५०, उत्प्रेषण, *करिसिंह भुलसमेत वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत*

राज्यका हरेक निकायहरूले आफूबाट भएका हरेक कामकारवाही र निर्णयको कानूनी आधार देखाउन सक्नुपर्ने हुन्छ, देखाउन नसके त्यस्ता कामकारवाही र निर्णयले वैधता प्राप्त गर्न सक्दैन । कानूनद्वारा सृजित व्यक्तिको अधिकारमा आघात पुग्ने गरी मनोगत र स्वेच्छाचारी (Arbitrary) किसिमले निर्णय गर्नु हुँदैन । कुनै कानूनद्वारा सिर्जित व्यक्तिको अधिकारलाई सो कानूनअन्तर्गत बनेको नियम वा कुनै नीतिगत निर्णयका आधारमा खोस्न वा कुनै सीमा बन्देज लगाउन मिल्दैन । कानूनद्वारा निर्धारित पूर्वसर्तहरू पूरा भएको अवस्था भएमा सोबमोजिम गरिदिनु प्रत्येक निकायको दायित्व हुन जान्छ । विपक्षी लोक सेवा आयोगले एउटै सेवा, समूह र तह वा पदका निमित्त पटकपटक परीक्षा दिन पाउने व्यवस्थाले स्रोत साधन र जनशक्तिको अपव्यय हुने तथा उत्तीर्ण हुने उम्मेदवारले वैकल्पिक उम्मेदवारलाई पद मोलमोलाई गर्ने गरेको गुनासोसमेतलाई दृष्टिगत गरी विवेकसम्मत निर्णय गरिएको भनी मनोगत कुरा उल्लेख गरी आफ्नो निर्णयको बचाउमा जिकिर लिएको देखिन्छ, तर आफ्नो निर्णयको कानूनी आधार उल्लेख गर्न सकेको देखिँदैन । यसप्रकार स्वास्थ्य सेवा ऐनले आफू कार्यरत् रहेको सेवा, समूहको समान तहको पदको परीक्षामा सामेल हुन नपाउने भनी स्पष्टरूपमा बन्देज नलगाएको अवस्थामा आफू कार्यरत रहेको सेवाको अर्को समूहको समान तहमा मात्र परीक्षा दिन पाउने भनी मनोगत अर्थ गर्न मिल्ने नहुँदा सो सम्बन्धमा विपक्षी लोकसेवा आयोगले लिएको जिकिर सन्तोषजनक र कानूनसम्मत रहेको नदेखिने ।

रिट निवेदकहरूले स्तर वृद्धिका माध्यमबाट नियुक्ति हुने र खुला प्रतियोगिताबाट नियुक्ति हुने कर्मचारीहरूको बिचमा वृत्ति विकासका अवसरहरू फरक हुने भएकोले लोकसेवा आयोगले आफूहरूलाई खुला प्रतियोगिताबाट नियुक्ति हुन रोक लगाउने गरी गरेको निर्णयबाट आफूहरूलाई मर्का पर्न गएको भन्नेसमेत जिकिर लिएको सन्दर्भमा स्तरवृद्धि र खुला प्रतियोगिताबाट नियुक्ति हुने प्रक्रियामा अन्तर भई जिम्मेवारी वितरण गर्ने हिसाबले पनि निवेदकहरूले आफ्नो वृत्ति विकासको मार्ग पहिल्याउन नपाउने भन्न नमिल्ने ।

स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८(३) ले निर्धारित योग्यता भएमा आफू कार्यरत रहेको समान तहको पदमा परीक्षा दिन बाधा नहुने व्यवस्था भएको आधारमा निवेदकहरू विज्ञापित पदको लिखित परीक्षामा सामेल भई उक्त परीक्षा उत्तीर्ण गरी अन्तरवार्तामा समेत सामेल भएकोमा निवेदकहरूको नाम अन्तिम योग्यताक्रम सूचीमा समावेश नगर्ने भनी विपक्षी लोकसेवा आयोगबाट मिति २०७०।१०।९ मा भएको निर्णय स्वास्थ्य सेवा ऐन, २०५३ को दफा

८(३) विपरीत रहेको देखिँदा उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । अब निवेदकहरू लिखित परीक्षामा उत्तीर्ण भई अन्तरवार्तामा सामेल भएका विज्ञापन नम्बरहरूमा रिट निवेदकहरूको नामसमेत योग्यताक्रम सूचीमा समावेश गरी अन्तिम नतिजा प्रकाशन गर्नु गराउनु भनी विपक्षी लोकसेवा आयोग केन्द्रीय कार्यालय र क्षेत्रीय कार्यालयहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: रामशरण तिमिल्सीना/विकेश गुरागाईं

इति संवत् २०७२ साल मङ्सिर १३ गते रोज १ शुभम् ।

८

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री जगदीश शर्मा पौडेल, ०६७-CR-१२८५, ०६८-CR-०२३२, ०६८-CR-०५५६, ०७०-CR-१६८४, कर्तव्य ज्यान, *अनिता गुरूङ वि. नेपाल सरकार, कर्मा घले वि. नेपाल सरकार, नेपाल सरकार वि. अनिता गुरूङ, नेपाल सरकार वि. किरणलाल श्रेष्ठ*

प्रतिवादी अनिता गुरूङलाई घटी सजाय गरेको फैसला बदर गरिपाउँ भनी वादी नेपाल सरकारको र आफूलाई ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम अन्य किसिमको मतलबी कायम गरी सजाय गरेको फैसला मिलेको नहुँदा अभियोग दाबीबाट सफाई पाउनु पर्दछ भनी प्रतिवादी अनिता गुरूङले पुनरावेदन जिकिर लिएको देखिँदा निज प्रतिवादी अनिता गुरूङका सम्बन्धमा विचार गर्दा, निजले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा मृतक प्रेमकुमार गुरूङसँगको वैवाहिक सम्बन्ध बिग्रन गई कर्मा घलेसँग प्रेम सम्बन्ध भएको र निजसँग श्रीमान् श्रीमतीको रूपमा बस्दै आएकोमा वारदातको समयमा प्रेमकुमार गुरूङसमेत निजको कोठामा रहेको अवस्थामा कर्मा घले बाहिरबाट आई ढोका खोल्न लगाई कर्मा घलेले पेस्तोल झिकी पहिला निज अनिता गुरूङको कञ्चटमा घोची धकेलेको र त्यसपछि वारदात घटाएको भनी उल्लेख गरी अदालतसमक्ष समेत सोही व्यहोरा समर्थित हुने गरी बयान गरेको देखिन्छ । प्रतिवादी कर्मा घलेले प्रतिवादी अनितासँग प्रेम सम्बन्ध रहेको कुरा स्वीकार गरे पनि वारदातमा अनिताको भूमिकाको बारेमा केही कुरा उल्लेख गरेको देखिँदैन । मिसिल संलग्न कागजातबाट बिहानको ३.३० बजेपछि वारदात घटित भएको देखिन्छ। मिसिल संलग्न कल रेकर्डबाट अनिता र कर्माबिच मिति २०६४।११।४ गते राति ११.१७ बजेपछि कुनै फोन सम्पर्क भएको देखिँदैन । डान्स रेस्टुरेन्टबाट राति छुट्टिएपछि प्रतिवादी अनिता र निजकी बहिनी आफ्नो डेरामा आएका र प्रेमकुमार डेरामा नगई निजको साथी खुमबहादुर थापासँग गएको भन्ने देखिन्छ । सोपश्चात् बिहान ३.०० बजेतिर मात्रै प्रेम गुरूङले अनिता गुरूङलाई फोन गरी निजको डेरामा आउने कुरा गरेको, त्यसपछि बिहान ३.२८ बजे फोन सम्पर्क भई मृतक अनिताको कोठामा पुगेको भन्ने मिसिलबाट देखिन्छ । उपरोक्तबमोजिम कल रेकर्डबाट पनि मृतक प्रेम गुरूङ कोठामा आएपछि अनिताले प्रतिवादी कर्मा घलेलाई फोन गरेर बोलाएको भन्ने देखिँदैन । मिसिल संलग्न कुनै पनि प्रमाणबाट प्रतिवादी अनिता मृतकलाई मार्न सहभागी भएको, हतियार दिएको वा मार्ने कार्यमा अन्य सहयोग गरेको भन्ने देखिँदैन । तर पनि दाम्पत्य सम्बन्ध राम्रो नभएका पति प्रेमकुमार गुरूङ आफ्नो कोठामा आई बसेको अवस्थामा प्रतिवादी कर्मा घलेसमेतका मानिस रातको समयमा आउँदा ढोका खोलिदिएको र प्रेमकुमारउपर कर्मा घलेले गोली प्रहार गर्दा निजले कुनै प्रतिकार वा बचाउको प्रयास गरेको भन्ने मिसिलबाट देखिँदैन । यसरी आफ्नो पतिलाई कर्माले गोली प्रहार गर्दासमेत प्रतिवादी अनिताले कुनै किसिमको हारगुहार समेत नगरी चुप लागी सहयोग नजुटाई बसेको देखिन्छ । तसर्थ वादी नेपाल सरकारको पुनरावेदन जिकिरबमोजिम निजलाई सुरू अभियोग माग दाबीबमोजिम सजाय हुने अवस्था नदेखिए पनि

निज वारदातस्थलमा मौजुद रही घटना घट्दा चुप लागी बसेको देखिँदा निजलाई ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिमको कसुरदार ठहर गरेको पुनरावेदन अदालत, पाटनको फैसला अन्यथा देखिन नआउने।

प्रतिवादी किरणलाल श्रेष्ठलाई अभियोग दाबीबमोजिम सजाय नगरेको सुरू तथा पुनरावेदन अदालतको फैसला मिलेको नहुँदा उल्टी हुनुपर्दछ भनी वादी नेपाल सरकारले लिएको पनुरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, यी प्रतिवादीले अदालतसमक्ष बयान गर्दा प्रतिवादी कर्मा घलेलाई वारदातस्थल रहेको घर कोठामासम्म पुर्‍याई दिएको कुरा स्वीकार गरे पनि आफू वारदात घटाउन संलग्न भएको कुरामा इन्कार रहेका देखिन्छन्। प्रत्यक्षदर्शी भूमिका गुरूङले अनुन्धानको क्रममा बयान गर्दा प्रतिवादी किरणलाल श्रेष्ठले मृतकलाई प्रहार गरेको वा समाएको भन्ने कुरा लेखाउन सकेको नदेखिई घटना भएको कोठाको ढोकामा उभिएको भन्नेसम्म उल्लेख गरेको देखिन्छ । त्यसैगरी प्रतिवादीहरू अनिता गुरूङ र कर्मा घलेको बयानमा पनि निज प्रतिवादी घटना घटेको कोठाको ढोकामा उभिएको भन्ने उल्लेख भएको देखिन्छ । निजको प्रतिवादी कर्मा घलेसँग मृतकलाई मार्ने पूर्वयोजना तथा तयारीको कार्यमा संलग्नता रहेको र वारदात घटाउने कार्यमा निजले कुनै किसिमको भूमिका खेलेको भन्ने मिसिल प्रमाणबाट नदेखिँदा निजलाई अभियोग दाबीबमोजिम सजाय हुनसक्ने अवस्था देखिएन। तर निज स्वयम्ले आफू वारदातस्थलको घर कोठासम्म गएको कुरा स्वीकार गरेका, प्रतिवादीहरू कर्मा घले र अनीता गुरूङ तथा प्रत्यक्षदर्शी भूमिका गुरूङको बयानबाट निज वारदातको समयमा वारदातस्थल रहेको कोठाको ढोकामा उभिएको भन्ने कुरा लेखाई दिएको देखिएबाट निज वारदातस्थलमा मौजुद रहेको पुष्टि हुन आएकोले निजलाई मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम ३ (तीन) वर्ष कैद सजाय हुने ठहर्‍याएको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसलासमेत अन्यथा देखिन नआउने।

पुनरावेदक प्रतिवादी कर्मा घलेलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र प्रतिवादी अनीता गुरूङलाई ऐ. को १६ नं. बमोजिम १५ (पन्ध्र) वर्ष कैद सजाय हुने ठहर्‍याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।५।१ मा भएको फैसला पुनरावेदक प्रतिवादी कर्मा घलेको हकमा सदर हुने र पुनरावेदक प्रतिवादी अनिता गुरूङको हकमा केही उल्टी भई निजलाई ऐ.१७(३) नं. बमोजिम ३ (तीन) वर्ष कैद सजाय हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।१।१३ मा भएको फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । त्यस्तै प्रतिवादी किरणलाल श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम ३ (तीन) वर्ष कैद सजाय हुने ठहर्‍याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।२।३१ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।१०।२७ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकार र पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७२ साल फागुन १६ गते रोज १ शुभम्।

९

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७०-RC-००२७, सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७ अन्तर्गतको कसुर अपराध गरेको, *नेपाल सरकार वि. प्रहरी जवान भेषराज श्रेष्ठ*

प्रतिवादी भेषराज श्रेष्ठ निज कार्यरत रहेको सशस्त्र प्रहरी गणका गणपतिको अङ्गरक्षकका रूपमा कार्यरत रहेका र निजले कार्यालयबाट भरपाई गरी बुझिलिएका हातहतियारहरू मध्ये ब्राउनिङ पेस्तोल थान-१, ऐ. को म्याग्जीन थान-२, ऐ. को गोली राउन्ड २० र एस.एम.जी. को वालराउण्ड ३५ गोटासमेतका हातहतियारहरू लिई भागी हिँडी लामो समयसम्म कार्यालयमा सम्पर्कमा नआएको भन्ने अभियोग दाबी रहेको देखिन्छ । यसरी निज लामो समयसम्म कार्यालयको सम्पर्कमा नआएको भनी निजलाई खोजतलास गर्न विभिन्न प्रहरी इकाईहरूमा लेखापढी भएकोमा खोजतलास गर्दा निज फेला नपरेको भन्ने देखिएको छ । तत्पश्चात् निज प्रतिवादीउपर सशस्त्र प्रहरी विशेष अदालतमा मुद्दा दायर भई उक्त अदालतबाट निजको स्थायी ठेगानामा १५ दिने म्याद जारी गरी पठाइएको र उक्त म्याद रितपूर्वक तामेल भएकोमा सो म्यादभित्र समेत निज हाजिर हुन नआई फरार रहेको देखिने।

प्रतिवादीउपर सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७(१) को देहाय खण्ड (घ) र (ङ) को कसुरमा सोही दफा २७(१) बमोजिमको सजाय गरी पाउँ भन्ने सुरू अभियोग माग दाबी रहेको देखिन्छ। उक्त कानूनी व्यवस्था हेर्दा, दफा २७(१) मा देहायको अपराध गर्ने सशस्त्र प्रहरीलाई सर्वस्वसहित जन्मकैदको सजाय हुनेछ भन्ने व्यवस्था रही सोको देहाय खण्ड (घ) मा आफ्नो प्रयोगको निमित्त लिई राखेको वा आफूले जिम्मा लिई राखेको हातहतियार खरखजाना लिई भागेमा भन्ने र खण्ड (ङ) मा आतङ्ककारी गतिविधिलाई प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सघाएमा भन्ने उल्लेख भएको देखिन्छ । निज प्रतिवादी उक्त खण्ड (ङ) मा उल्लेख भएबमोजिम आतङ्ककारी गतिविधिमा संलग्न रहेको वा सघाएको भन्ने कुरा मिसिलबाट पुष्टि हुन नआएको भन्ने आधारमा सशस्त्र प्रहरी विशेष अदालतले उक्त अभियोगबाट निजलाई सफाइ दिएको देखिएको र सोउपर वादी नेपाल सरकारको पुनरावेदन परेको नदेखिँदा सोतर्फ केही बोलिरहनु परेन । निज प्रतिवादी आफ्नो जिम्माको हातहतियार लिई भागी हिँडी लामो समयसम्म कार्यालयमा सम्पर्कमा नआएको र अदालतबाट निजका नाममा जारी भएको म्यादमा समेत हाजिर हुन आएको नदेखिँदा निजले उल्लिखित खण्ड (घ) बमोजिमको कसुर अपराध गरेको कुरा पुष्टि हुने।

सुरक्षा निकाय जस्तो जिम्मेवार र अति संवेदनशील निकायमा कार्यरत प्रतिवादी भेषराज श्रेष्ठ आफ्नो जिम्मामा लिएको हातहतियार लिई भागी हिँडी सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७(१) को देहाय खण्ड (घ) को कसुर अपराध गरेको पुष्टि हुन आएकोले निजलाई ऐ. दफा २७(१) बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई सशस्त्र प्रहरी विशेष अदालतले मिति २०६४।१०।२९ मा गरेको फैसला साधकको रोहमा सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६६।५।१६ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७२ साल असोज १५ गते रोज ६ शुभम्।

१०

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७१-RC-०००३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नारायणकाजी श्रेष्ठसमेत*

यस अदालतसमेतबाट कसुरदार ठहर भएका प्रतिवादीहरू फत्तबहादुर श्रेष्ठ, चन्द्रबहादुर श्रेष्ठ र अन्तनारायण श्रेष्ठले मौकामा र सुरू अदालतमा बयान गर्दा यी प्रतिवादीहरू समेतले मृतकलाई लाठा, मुङ्ग्रा, कोदालाको बिँड, रड, घनसमेतका हतियारले शरीरका जत्रतत्र भागमा कुटपिट गरी सोही चोट पीडाका कारणबाट मृतकको मृत्यु भएको भनी मौकामा कागज

गर्ने झलकमाया श्रेष्ठ, पुतली सार्किनी, सूर्यबहादुर श्रेष्ठ, लीलादेवी श्रेष्ठ, कालु श्रेष्ठसमेतका व्यक्तिहरू र जाहेरवाला माननारायण श्रेष्ठले अदालतमा समेत उपस्थित भई बकपत्र गरी लेखाई दिएको देखिन्छ । लास जाँच मुचुल्का र पोष्टमार्टम रिपोर्टबाट मृतकको टाउको तथा शरीरका विभिन्न भागमा घाउ चोट, नीलडामहरू रहेको देखिएको र सो कुरा वादी पक्षका उल्लिखित साक्षीहरूको बकपत्रले समर्थित गरेको देखियो । यसका अतिरिक्त निजहरू निर्दोष रहेको भए अदालतमा उपस्थित भई सबुद प्रमाण पेस गरी आफ्नो निर्दोषिता पुष्टि गराउन सक्नुपर्नेमा प्रतिवादीहरू अदालतसमक्ष उपस्थित नभई हालसम्म फरारै रहेका र यिनै प्रतिवादीहरू सरहका प्रतिवादीहरू फत्तबहादुर र चन्द्रबहादुर श्रेष्ठ कसुरदार ठहर भई सजाय भइसकेको देखिँदासमेत यी प्रतिवादीहरूको मृतकलाई कुटपिट गरी कर्तव्य गरी मार्ने कार्यमा संलग्नता रहनेछ भनी मान्न नमिल्ने हुँदा लास प्रकृति मुचुल्का, पोस्टमार्टम रिपोर्ट, सहअभियुक्तहरूको पोल, मौकामा कागज गर्ने व्यक्तिहरूले अदालतमा उपस्थित भई मृतकलाई कुटपिट गरी मारेको कुरा पुष्टि हुन आएकोले सुरू धादिङ जिल्ला अदालतले प्रतिवादीहरू नारायणकाजी श्रेष्ठ, बुद्धिमान श्रेष्ठ, मानबहादुर श्रेष्ठ, झंकनारायण श्रेष्ठ र एकनारायण श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जनही जन्मकैदको सजाय हुने ठहर्‍याई मिति २०६७।२।२६ मा गरेको फैसला साधकको रोहमा सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।११।२२ को फैसला मनासिब देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७२ साल असोज १५ गते रोज ६ शुभम् ।

११

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री जगदीश शर्मा पौडेल, ०७०-CI-१०८९, उत्प्रेषण / परमादेश, *मानबहादुर बिष्ट वि. तुलसिंह विष्टसमेत*

फैसला कार्यान्वयनका क्रममा दाबीको जग्गा विपक्षी तुलसिंहले सकार गरी निजका नाममा दा.खा. नामसारीमात्र हुन बाँकी रहेको अवस्थामा यी पुनरावेदकले उक्त जग्गा आफ्नै एकाघरकी बुहारी नन्दकुमारीलाई मिति २०६९।४।२६ मा हा.व. गरी दिएकोमा रूकुम जिल्ला अदालतबाट मिति २०७०।४।४ मा उक्त हा.व. लिखत बदर गरी सो जग्गा निज विपक्षी तुलसिंह विष्टका नाममा दर्ता गरी दिने गरी आदेश भएको देखिन्छ । उक्त आदेशउपर यी पुनरावेदकले कुनै कानूनी कारवाही अवलम्बन गरेको देखिँदैन । यसप्रकार फैसलाबमोजिमको बिगो भरिभराउको क्रममा भएका काम कारवाही पटक पटक जिल्ला न्यायाधीश तथा पुनरावेदन अदालतसमेतबाट परीक्षण भई फैसला कार्यान्वयनको कार्य सम्पन्न भई प्रत्यर्थी तुलसिंह विष्टले दाबीको जग्गाको दा.खा. चलन पुर्जीसमेत पाई सकेको अवस्था देखिने ।

यी पुनरावेदकले फैसला कार्यान्वयनका क्रममा आफूले विपक्षीलाई फैसलाबमोजिम तिर्नु बुझाउनु पर्ने बिगोको रकम बुझाउनेतर्फ कुनै तत्परता नदेखाई फैसला कार्यान्वयनको सम्पूर्ण प्रक्रिया सम्पन्न भइसकेको अवस्थामा निजले बिगो दाखिल गरेको भन्दैमा कानूनबमोजिम सम्पन्न भएको लिलामसमेतको काम कारवाही बदर हुनसक्ने अवस्था देखिन नआउने हुँदा कानूनबमोजिम सम्पन्न भइसकेको लिलामसमेतका कार्यहरू बदर भई निवेदन मागबमोजिमको आदेश जारी हुनसक्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, तुल्सीपुरबाट मिति २०७०।९।१४ मा भएको आदेश मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: रामशरण तिमिल्सीना

इति संवत् २०७२ साल कात्तिक २९ गते रोज १ शुभम् ।

इजलास नं. १

१

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, २०७०-WO-००३९, उत्प्रेषण, *उमाकान्त जोशीसमेत वि. सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोक, काठमाडौंसमेत*

संविधानद्वारा प्रतिरक्षित समानताको हक समान वर्गको लागि मात्र प्रासङ्गिक हुन्छ । असमान वर्गको लागि प्रासङ्गिक हुँदैन । कुनै पनि व्यक्ति वा समूहहरूलाई कानूनको प्रयोग गर्दा वा व्यवहारमा समानता अवलम्बन गर्नु नै समानताको सिद्धान्तको उद्देश्य रहेको हुन्छ । सरकार तथा सरकार वा कुनै पनि निकायका कार्यबाट समान व्यक्तिहरूकाबिच भेदभाव भएको अवस्थामा संविधान प्रदत्त समानताको हकको प्रतिकूल भई आघात पुग्न जाने हुन्छ । प्रस्तुत निवेदनको सन्दर्भमा उद्धवबहादुर रावललगायत ६ जना मिति २०५८।१।१८ मा सशस्त्र प्रहरी बलमा प्रहरी नायब निरीक्षक पदमा स्थानान्तरण भई मिति २०५८।२।१ मा सशस्त्र प्रहरी बलमा प्रहरी वरिष्ठ नायब निरीक्षक पदमा का.मु. मुकरर भई २०५९।१।१ मा सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षकमा पदमा बढुवा भएको देखिन्छ तर निवेदकहरू प्रहरी सहायक निरीक्षक पदकै हैसियतले सशस्त्र प्रहरी बलमा स्थानान्तरण भई आएको देखिएकोले निवेदकले दाबी लिएको उद्धवबहादुर रावल समेतका ६ जना सशस्त्र प्रहरी बलमा स्थानान्तरण भई आउँदा नै एक दर्जा माथिको दर्जाको फरक रहेको देखिँदा फरक दर्जा वा बर्गको अवस्थामा निवेदकले दाबी लिएअनुरूप समानताको हकविपरीत रहेछ भनी मान्न मिल्ने नदेखिने ।

एउटै विभागमा एउटै पदमा कार्यरत कसैलाई का.मु. भएको मितिबाट लागू हुने गरी सशस्त्र प्रहरी निरीक्षकको पदमा बढुवा गरिएको र सोही पदमा कार्यरत हामी निवेदकलाई ६ वर्षपछि मात्र बढुवा गरिएको विपक्षीहरूको कार्य स्वेच्छाचारी एवम् समानताको हकविपरीत भएको भन्ने निवेदन जिकिरतर्फ हेर्दा सशस्त्र प्रहरी नियमावली, २०६० को परिच्छेद ५ को नियम ३४(१) को खण्ड (ख) बमोजिम राजपत्र अनङ्कित पदबाट राजपत्राङ्कित पदमा बढुवा हुन सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक पदमा ४ वर्ष वा सशस्त्र प्रहरी निरीक्षक पदमा ६ वर्ष न्यूनतम सेवा अवधि पुगेको हुनुपर्ने स्पष्ट कानूनी व्यवस्था भएअनुरूप निवेदकहरूलाई सशस्त्र प्रहरी नायब निरीक्षक पदमा कायम मुकायम भएको मिति २०५८।२।१ देखि सशस्त्र प्रहरी निरीक्षक पदमा बढुवा हुन आवश्यक पर्ने न्यूनतम अवधि ६ वर्ष पुगेपश्चात् मिति २०६४।७।२१ मा सो पदमा बढुवा गरेको समेत कानूनअनुरूप नै भएको देखिने ।

२०७०।४।६ को निर्णयानुसार सशस्त्र प्रहरी नायब उपरिक्षक पदमा बढुवा भएका विपक्षी छविलाल पाण्डेसमेतका व्यक्तिहरू खुला प्रतिस्पर्धाबाट २०६१।३।२५ को निर्णयले सशस्त्र प्रहरी निरीक्षक पदमा नियुक्ति भएका देखिन्छन् भने निवेदकहरू २०६४।६।२१ मा मात्र सशस्त्र प्रहरी निरीक्षक पदमा बढुवा भएको देखिन्छ । यसरी निवेदकहरूभन्दा करिब ३ वर्ष अगावै सशस्त्र प्रहरी निरीक्षक पदमा नियुक्त भएका विपक्षी छविलाल पाण्डेसमेतका विपक्षीहरूभन्दा निवेदकहरू सिनियर हुनसक्ने देखिएन । तत्काल काम चलाउने उद्देश्यले माथिल्लो पदमा कायम मुकायम मुकर्रर गरिएकोलाई माथिल्लो पदमा बढुवा वा नियुक्ति पाएको भनी मान्न मिल्नेसमेत नदेखिने ।

सशस्त्र प्रहरी बलमा ४२ जना सशस्त्र प्रहरी नायब उपरिक्षकको बढुवा दरबन्दी स्वीकृत भई कार्य सम्पादन मूल्याङ्कनअनुरूप ४२ जना लगायत अन्य सशस्त्र प्रहरी कर्मचारीहरूलाई सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ३२ को उपनियम (३) को देहाय खण्ड (क) अनुसार गठित बढुवा समितिको

सिफारिसमा नेपाल सरकारले कार्यसम्पादन, जेष्ठता, विभिन्न क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता, तालिम, कमाण्ड आदिको मूल्याङ्कनको आधारमा मिति २०७०।०४।०६ मा बढुवा गरिसकेको भन्ने विपक्षीहरूको लिखित जवाफ व्यहोरा रहेको र सो लिखित जवाफको व्यहोरालाई अन्यथा रहेछ भनी मान्नुपर्ने कारणसमेत नदेखिँदा उक्त मिति २०७०।०४।०६ को वढुवा निर्णयलाई कानूनअनुरूपकै मान्नु पर्ने।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल भदौ ३१ गते रोज ५ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०७०-WO-०००७, प्रतिषेध, *उमाकान्त जोशीसमेत वि. सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोक, काठमाडौंसमेत*
- ०७०-WO-०५१४, उत्प्रेषण, *उमाकान्त जोशीसमेत वि. सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोक, काठमाडौंसमेत*

२

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०६९-WO-०१५६, प्रतिषेध / उत्प्रेषण, *अधिवक्ता मिथिलेश्वरकुमार सिंहसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिषरिषद्को कार्यालयसमेत*

उत्पादन अनुमतिपत्रको दर्खास्त रद्द भएको अवस्थामा सो रद्द भएको कम्पनीलाई नै पुनः त्यस्तो अनुमतिपत्र दिन नमिल्ने भनी विद्युत् ऐन तथा नियमावलीमा कुनै व्यवस्था भएको नदेखिएको र पर्वद्धक कम्पनीले उक्त आयोजनाको विकासको लागि विश्व बैंक र कोरियन साउथइष्ट पावर कम्पनी जस्ता अन्तर्राष्ट्रिय संस्थाबाट लगानी जुटाउने कार्य तथा आयोजनाको निर्माणको लागि डिटेल इन्जिनियरिङ कार्यसमेत गरेको, वातावरणीय प्रभाव मूल्याङ्कनको प्रतिवेदन स्वीकृतिका लागि वातावरण मन्त्रालयमा पेस गरिसकेको तथा आयोजनाको निर्माणमा वैदेशिक लगानी जुटाउन सक्ने पर्याप्त आधार र सम्भावना देखिएको र नेपाल विद्युत् प्राधिकरणसँग कनेक्सन एग्रिमेन्ट र पि.पि.ए. गर्ने सम्बन्धमा कारवाही अगाडि बढिसकेको मिसिल संलग्न कागजातहरूबाट देखिन्छ । निवेदकले निवेदनमा उल्लेख गरेजस्तो सर्वेक्षण अनुमतिपत्रसमेत खारेज भई उत्पादन अनुमतिपत्रको दर्खास्त रद्द भएको अवस्थामा निवेदक कम्पनीलाई पुनः अनुमतिपत्र नदिई उक्त आयोजना बास्केटमा आएको ठानी पुनः प्रतिस्पर्धा गराउने हो भने निवेदक कम्पनीले ५ वर्षको सर्वेक्षण अनुमतिपत्रको अवधिमा उक्त आयोजनाको विकासको लागि विश्व बैंक र कोरियन साउथइष्ट पावर कम्पनीजस्ता अन्तर्राष्ट्रिय संस्थाबाट लगानी जुटाउने कार्य तथा आयोजनाको निर्माणको लागि डिटेल इन्जिनियरिङको कार्य, वातावरणीय प्रभाव मूल्याङ्कन, नेपाल विद्युत् प्राधिकरणसँग कनेक्सन एग्रिमेन्ट र पि.पि.ए. गर्ने सम्बन्धमा कारवाही अगाडि बढेको कार्यहरू पुनः प्रारम्भ गर्नुपर्ने र सो गर्दा समय र श्रम धेरै लाग्न गई वैदेशिक लगानीकर्ताहरू समेत पछि हट्ने अवस्था सिर्जना हुन जाने।

राज्यका प्रमुख उद्देश्यभित्र नागरिकको हक, हित, आर्थिक, सामाजिक, वातावरणीय र लैङ्गिक जस्ता विविध पक्षहरूमा राष्ट्र र नागरिकहरूको हितार्थ कानूनको निर्माण गर्ने कार्य पर्छ । तथापि जीवन र जगतलाई यदाकदा कानूनले नसमेट्ने वा कानूनको निर्माणभन्दा नागरिकहरूको हितार्थ कानूनको निर्माण गर्ने कार्य गर्छ । तथापि जीवन र जगतलाई यदाकदा कानूनले नसमेट्ने वा कानूनको निर्माणभन्दा नागरिकको गति अघि बढिरहेको अवस्थामा कानूनद्वारा समग्र व्यवस्थापन नहुनु स्वभाविक हुन्छ । यस्तो अवस्थामा कानूनको अभावमा पनि आवश्यकताको सिद्धान्तभित्र प्राकृतिक कानूनलाई परिपालना गर्ने तौरतरिकाबाट

नागरिकको हितकै लागि सकारात्मक सोच र कानूनको र कानूनको अभावमा आपूर्तिको व्यवस्था गर्नुपर्ने।

आवश्यकताले कानून चिन्दैन (Necessity Knows No Law)। यो सिद्धान्तले बाध्यताबस गरिनुपर्ने कार्यको संरक्षणसमेत गर्दछ। (Necessity Defends or Justidies what is Comples) कानूनमा भएको व्यवस्था लागू हुन नसकेमा वा कानूनमा कुनै स्पष्ट व्यवस्था नभएको अवस्थामा कुनै कामकारवाही गर्नु परेमा वा सो कार्य नगरेमा मुलुकलाई अत्यधिक हानि वा नोक्सानी हुने अवस्था देखियो भने त्यस्तो अवस्थामा हुन जाने हानि नोक्सानीबाट बचाउन आवश्यकताको सिद्धान्तबमोजिम काम कारवाही गर्न नमिल्ने भनी अर्थ गर्न नमिल्ने।

आर्थिकरूपले मजबुत र अनुभवी सेयर लगानीकर्ताहरूले सेयर लगानी गर्न स्वीकृति जनाई संयुक्त लगानी सम्झौता तथा सेयर खरिद बिक्री सम्झौता र विश्व बैंकको IFC समेतलाई सामेल गराई Joint Development Agreement समेत सम्पन्न भई नेपाल सरकारको उद्योग विभाग र नेपाल राष्ट्र बैंकसमेतबाट स्वीकृति तथा सहमति लिई हालसम्म करिब रू. १५ करोड लगानी गरिसकेको भन्ने विपक्षी कम्पनीको लिखित जवाफ व्यहोराबाट देखिएको अवस्थामा निवेदकले दाबी लिए जस्तो उक्त कम्पनीलाई उत्पादन अनुमतिपत्र नदिने हो भने उक्त लगानी त्यसै खेर जानेमात्र नभई विद्युत् उत्पादन गरी लोडसेडिङ अन्त्य गर्ने सरकारको योजनासमेत धरासयी बन्न जाने।

असामान्य अवस्थामा राज्य संयत्रबाट गरिएको कुनै कार्यको न्यायिक उपयुक्तताको आधारमा अदालतले परीक्षण गर्नसक्ने नै देखिँदा र सोही सिद्धान्तसमेतलाई आधार मानी विद्युत् ऐन, २०४९ को दफा ३५ ले दिएको अधिकारअन्तर्गत रही उक्त कम्पनीलाई करार गरी उत्पादन अनुमतिपत्र दिने गरी भएको निर्णय कानूनसम्मत नै देखिने हुँदा आयोजना तथा यसका लगानीकर्ताको पृष्ठभूमि, बचनबद्धता तथा हालसम्म भएको कार्य प्रगतिको स्थितिबाटै विपक्षीहरूले भनेजस्तो झोलामा खोला रहेको अवस्था नदेखिएको तथा लगानीकर्ताहरूको हैसियत तथा अनुभव र सर्वेक्षणको कार्य पुरा गरिसकेको अवस्थासमेतलाई मध्यनजर गरी उत्पादन अनुमतिपत्रको दर्खास्त रद्द गरिएको भए पनि प्रस्तुत आयोजनाको सन्दर्भमा आयोजना बनाउन सक्ने विपक्षी नेपाल वाटर एन्ड इनर्जी कम्पनीसँग जल विद्युत् ऐन, २०४९ को दफा ३५ बमोजिम करार गर्न लागेको कार्य उपरोक्त आधार तथा कारणसमेतबाट कानून र न्यायसङ्गत नै देखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल भदौ ३१ गते रोज ५ शुभम्।

- यसै लगाउको ०७०-WO-०४१६, उत्प्रेषण / परमादेश, *अधिवक्ता मिथिलेश्वरकुमार सिंहसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिषरिषद्को कार्यालयसमेत* यसैअनुसार आदेश भएको छ।

३

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०७०-CR-०७८८, वैदेशिक रोजगार, *नेपाल सरकार वि. निलेश पाण्डेसमेत*

प्रतिवादीहरू त्रिलोकीप्रसाद, पशुपति र मनोजकुमार World Solution का प्रतिनिधि भई नेपालमा थप रकम बुझ्नका लागि नक्कली भिसा र टिकट लिएर आएका हुन्। उनीहरूको बयान झुट्टा हो। त्रिलोकी र निक्लेश पटेलको साथमा World Solution को Marketing Director लेखिएको प्रमाणसमेत भएकोले यिनीहरू बैदेशिक रोजगारीका ठगी हुन् भनी जाहेरवाला केशवराज शर्माले तथा मैले भारतीय कम्पनी World Solution

र Dream Solution बाट क्यानडा जाने भनी रू. १६,८०,०००।– अर्पित पटेललगायतका निक्लेश पटेल, निलेश पाण्डेका नाममा जम्मा गरिदिएको हो। व्यक्तिगतरूपमा जयस पटेल र निक्लेश पटेललाई पोखरा र लखनउ बैंकमार्फत बुझाएको हो। त्रिलोकी प्रसादसमेतले गरेको बयान झुट्टा हो। त्रिलोकीसमेत नेपाल प्रतिनिधि भई नेपालमा रकम असुल गर्न आएका हुन्। भिसा पेपरहरू मेरो र मेरा साथीको इमेलबाट प्राप्त भएको हो भनी जाहेरवाला अशोककुमार सुनुवारले अनुसन्धान अधिकृतसमक्ष बयान गरेको देखिए पनि सो बयान व्यहोराको पुष्ट्याई हुने कुनै वस्तुनिष्ठ आधार प्रमाण गुजार्न सकेको देखिँदैन। निज जाहेरवालाहरू न्यायाधिकरणको आदेशानुसार न्यायाधिकरणमा उपस्थित नभएकोले निजहरूलाई उपस्थित गराइदिनु भनी वैदेशिक रोजगार विभागमा पत्राचार गरिएकोमा उपस्थित नगराएकोले निजहरूको नाउँमा अ. बं. ११५ नं. बमोजिमको म्याद एवम् राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्दासमेत न्यायाधिकरणमा उपस्थित भई बकपत्र गरी जाहेरी व्यहोरालाई पुष्टि गर्नसकेको अवस्था नदेखिने।

प्रतिवादीहरूमध्ये पशुपति राउत र मनोजकुमार निर्दोष साबित देखिएको हुँदा निजहरूलाई थुनामुक्त गरिपाउँ भनी जाहेरवालाहरू केशवराज शर्मा, टेक नारायण शर्मा पौडेल र कुमार श्रीससमेतले २०६८।६।२ मा वैदेशिक रोजगार विभागमा निवेदन दिई सनाखतसमेत गरेको सुरू मिसिल संलग्न कागजातबाट देखिने।

क्रेडिट जनिएका भारतीय स्टेट बैंकका केही भौचरहरू जाहेरीसाथ पेस भएको देखिए तापनि उक्त भौचरहरूबाट के कसरी र कुन प्रयोजनका लागि यी प्रतिवादीहरूका नाउँमा रकम जम्मा भएको हो मिसिल संलग्न कागजातहरूबाट स्पष्ट देखिएको छैन भने सो भौचरको सक्कल प्रतिसमेत न्यायाधिकरणसमक्ष वादी पक्षले पेस गर्न सकेको देखिँदैन। फौज्दारी मुद्दामा आरोप लगाउनुमात्र पर्याप्त हुँदैन सो आरोप पुष्टि हुने भरपर्दो र वस्तुनिष्ठ प्रमाणसमेत वादी पक्षले गुजार्न सक्नु पर्दछ। प्रस्तुत मुद्दामा प्रतिवादीहरूले आरोपित कसुर गरेका रहेछन् भनी मान्न मिल्नेसम्मको ठोस एवम् वस्तुनिष्ठ प्रमाण वादी पक्षले गुजार्न सकेको नदेखिने हुँदा प्रतिवादीहरूले आरोपित कसुरमा इन्कार रही बयान गरेको, साक्षीको बकपत्रद्वारा वादीले दाबी समर्थन गराउन र ठोस सबुद प्रमाण गुजार्न नसकेको एवम् प्रतिवादीहरू उपरको अभियोग शङ्कारहित तवरबाट प्रमाणित गर्न नसकेको समेतका उल्लिखित आधार र कारणबाट प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने ठहर्‍याई भएको वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको मिति २०६९।३।३१ को फैसला मिलेकै देखिँदा सो सदर हुने।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल पुस २ गते रोज ५ शुभम्।

४

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०७०-CR-०६६१, कुटपिट अङ्गभङ्ग, *नेपाल सरकार वि. रामपुकार ठाकुरसमेत*

मौकामा दिएको जाहेरी कथन, मिसिल संलग्न घटनास्थल प्रकृति मुचुल्का एवम् वस्तुस्थिति मुचुल्कासमेतबाट जाहेरवालाहरू एवम् प्रतिवादीहरूबिच कुटपिटको वारदात स्थापित भएको पाइन्छ। कुटपिटको वारदातबाट अङ्गभङ्ग भएको हो होइन भन्ने सम्बन्धमा मिसिल संलग्न रहेको घाजाँच केस फाराम हेर्दा जाहेरवालाहरूमध्ये वीरेन्द्र ठाकुर लोहार, गान्धीदेवी र रामएकवाल ठाकुरको घाजाँच भएकोमा पीडितमध्ये गान्धीदेवीको हात भाँचिएको र वीरेन्द्र ठाकुरको हातमा चोट लागेको भन्ने देखिन्छ। वादी नेपाल सरकारले लिएको कुटपिटको

२ नं.मा मेरूदण्ड, डडाल्नु, हातखुट्टा वा यिनैको जोर्नी भाँची फोरी फुकाली बेकम्मा पारिदिएमा भनी अङ्गभङ्गको परिभाषा गरेको देखिन्छ । जाहेरवालाहरूले अदालतमा आई बकपत्र गर्दा पीडित गान्धीदेवीको हात भाँचिएको बेकम्मा नभएको र वीरेन्द्र ठाकुरको हातमा चोट लागेको थियो भनी व्यहोरा लेखाएको देखिन्छ । हात भाँचिएको भनिएको पीडित गान्धीदेवीको हातको हाड जोडिइसकेको देखिएको र अन्य पीडितहरूलाई सामान्य चोट परेको भन्ने देखिएको छ। पीडित गान्धीदेवीको हात भाँचिएको भए पनि हाल सो जोडिइसकेको अवस्था मिसिल संलग्न कागजातहरूबाट देखिँदा हात भाँचिएको कारणले मात्र कुटपिटको २ नं. मा आकर्षित हुने देखिएन। कुटपिटको २ नं. बमोजिम भएको खत काम नलाग्ने भएको अवस्थामा मात्र वादी नेपाल सरकार भई मुद्दा चल्ने अङ्गभङ्गको खत निको भई काम लाग्ने अवस्थाको देखिँदा प्रस्तुत मुद्दामा पीडित व्यक्ति स्वयम् वादी दाबी मुद्दा चलाई प्रतिवादीलाई सजायको माग दाबी लिनुपर्ने अवस्था देखिएकोले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम दुनियाँवादीमा परिणत गरिदिएको फैसलालाई अन्यथा हो भनी भन्न मिल्ने देखिएन भनी नेपाल सरकार विरूद्ध रामएकवाल यादवसमेत भएको ०६७-CR-११४० को कुटपिट अङ्गभङ्ग मुद्दामा यस अदालतबाट फैसलासमेत भएको देखिँदा पीडितहरूको जाहेरी दरखास्त, अदालतसमक्ष भएको निजहरूको बकपत्रसमेतबाट अभियोग दाबीबमोजिम कुटपिटको २ नं. बमोजिम अंगभंगको वारदात भएको नदेखिएकोले सोतर्फको अभियोग दाबीबाट प्रतिवादीहरूले सफाइ पाउने र कुटपिटको वारदात भएको देखिँदा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम पीडितले सकार गरेमा कुटपिटतर्फ कारवाही गर्ने गरी भएको बारा जिल्ला अदालतको आदेशलाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।१२।१४ को आदेश मिलेकै देखिँदा सो सदर हुने ।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल पुस २ गते रोज ५ शुभम्।

५

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०६९-CR-०५०९, अदालतको अपहेलना, *सैदा खातुन वि. महम्मद आलम मियाँसमेत*

पुनरावेदन अदालत, हेटौंडाबाट जारी भएको आदेशको अवज्ञा गरी विपक्षीहरूले घर निर्माण गरे नगरेको भन्ने सम्बन्धमा सोही मुद्दाबाटै प्रमाणको विवेचना गरी न्यायिक निरूपण हुने अवस्था देखिन्छ । अदालतमा विचाराधीन रहेको उक्त मुद्दाको विषयवस्तुलाई असर पर्ने गरी प्रस्तुत अपहेलना मुद्दामा विचार गर्नसमेत मिल्ने देखिँदैन। फैसला कार्यान्वयन र चलन चलाउनेतर्फको कार्य बाँकी नै राखी अदालतको अपहेलनामा कारवाही गर्नु अपहेलनासम्बन्धी विवादहरूमा प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल हुनजाने देखिन्छ । अपहेलना आशङ्कामा होइन भएको देखिनु पर्छ । फैसला कार्यान्वयनतर्फको काम बाँकी राखी अदालतको ढोका घचघच्याउनमात्र पर्याप्त हुँदैन । त्यस्तो अपहेलनाको अवस्था प्रमाणको रोहमा देखिने हुँदा अदालतको अपहेलनामा दाबी पुग्न नसक्ने ठहर्‍याई भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६९।०४।१२ को फैसला अन्यथा परिवर्तन गरिरहनु पर्ने नदेखिँदा सदर हुने ठहर्छ । निवेदकको प्रस्तुत पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल पुस २ गते रोज ५ शुभम्।

६

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०७०-CR-०५४६, हातहतियार खरखजाना, *नेपाल सरकार वि. उमानाथ लुइटेलसमेत*

प्रतिवादीहरूको सँगसाथबाट दाबीका कुनै पनि हातहतियार बरामद भएको मिसिल संलग्न कागजातहरूबाट देखिँदैन । यी प्रतिवादीहरूउपर किटानी जाहेरी परेको देखिए पनि सो जाहेरी व्यहोरालाई पुष्टि गर्ने ठोस एवम् खम्बिर प्रमाण वादी पक्षले गुजारेको देखिँदैन । घटनास्थल प्रकृति मुचुल्काबाट वारदात भएको भन्ने देखिए पनि सो वारदात यिनै प्रतिवादीहरूले गराएको रहेछ भनी मान्न मिल्नेसम्मको ठोस आधार मिसिल संलग्न कागजातबाट देखिएको छैन । जाहेरवाला, प्रतिवेदक प्रहरी, मौकामा कागज गर्ने व्यक्तिहरूसमेत बुझ्ने भनी सुरू कार्यालयबाट आदेश भएकोमा सो आदेशबमोजिम वादीले जाहेरवालालगायत अन्य कुनै पनि साक्षी उपस्थित गराई बकपत्र गराई जाहेरी व्यहोरालाई पुष्टि गर्न सकेको देखिँदैन । फौजदारी मुद्दामा किटानी जाहेरीमात्र कसुर प्रमाणित गर्ने आधार हुन सक्दैन । किटानी जाहेरीको व्यहोरालाई अन्य स्वतन्त्र एवम् भरपर्दो प्रमाणबाट पुष्टि गरिनु पर्दछ । सो पुष्टि गराउने दायित्व वादी नेपाल सरकारको भएकोमा प्रस्तुत मुद्दामा वादी पक्षले सो दायित्व पुरा गरेको देखिँदैन । वारदात भएको भन्ने देखिए पनि सो वारदातमा यिनै प्रतिवादीहरूको संलग्नता रहेको थियो भनी मान्न मिल्नेसम्मको कुनै वस्तुनिष्ठ आधार प्रमाण मिसिल संलग्न रहेको देखिँदैन । जाहेरवाला एवम् प्रतिवादीहरूबिच घरजग्गाको कारोबार सम्बन्धमा विवाद रहेको भन्ने देखिए पनि सो कारणले मात्र बिना ठोस आधार कारण यिनै प्रतिवादीहरूले उक्त वारदात घटाएका रहेछन् भनी मान्न मिल्नेसमेत नदेखिने ।

प्रतिवादीहरू अनुसन्धान अधिकारी एवम् सुरू मुद्दा हेर्ने अधिकारीसमक्ष कसुर अपराधमा इन्कार रहेको, प्रतिवादीहरूको सँगसाथमा कुनै हातहतियार बरामद हुन नसकेको एवम् जाहेरी व्यहोराको पुष्टि हुनेसम्मको कुनै पनि ठोस एवम् आधारभूत प्रमाण वादी पक्षले पेस गर्न नसकेको समेतका आधार कारणहरूबाट प्रतिवादीहरू उमानाथ लुइँटेल, ध्रुवराज लुइँटेल तथा सन्तोषविक्रम शाहले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ४(२) बमोजिमको कसुर गरेको ठहर्‍याई सोही ऐनको दफा २०(२) बमोजिम प्रतिवादीहरू उमानाथ लुइँटेल र ध्रुवराज लुइँटेललाई जनही रू. १,००,०००।– तथा प्रतिवादी सन्तोषविक्रम शाहलाई रू. ६०,०००।–जरिवाना हुने ठहर्‍याई भएको सुरू जिल्ला प्रशासन कार्यालय, काठमाडौंको फैसला उल्टी गरी निज प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।११।३० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल पुस २ गते रोज ५ शुभम् ।

७

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०६९-CI-०९१७, उत्प्रेषण / परमादेश, *जयप्रकाश चौरसिया वि. राजपतिदेवी बरैनी*

दाबीको कि.नं. १३४ र ८० को जग्गा निवेदिका राजपतिदेवी बरैनीको नाउँमा दर्ता रहेको मिसिल संलग्न दर्ता स्रेस्ताको प्रतिलिपिबाट देखिन्छ । उक्त जग्गा सरकारी जग्गा भई व्यक्तिको नाउँमा दर्ता भएको सम्बन्धमा छानबिन भइरहेको भनी विपक्षी मालपोत कार्यालयले लिखित जवाफ व्यहोरामा उल्लेख गरेको भएपनि उक्त जग्गामा निवेदिकाको नाउँको दर्ता बदर भएको र सरकारी वा सार्वजनिक पुष्टि हुने कुनै प्रमाणसमेत पेस गर्न सकेको देखिँदैन । तहतहबाट हक हस्तान्तरण हुँदै निवेदिकाले कानूनबमोजिम दर्ता स्रेस्ता पाएर बसेको अवस्थाको जग्गा अन्यथा प्रमाणित नहुँदासम्म निवेदिकाको निर्विवाद हकभोगभित्रकै जग्गा रहेको मान्नुपर्ने ।

विपक्षी जिल्ला प्रशासन कार्यालयको पत्रको आधारमा निवेदिकाको जग्गा रोक्का राखिएको कुरालाई विपक्षीहरूले लिखित जवाफमा अन्यथा भन्न

सकेको नसकेको र त्यसरी कुनै व्यक्तिको निर्विवाद हकभोगमा रहेको जग्गा रोक्का राख्ने अधिकार विपक्षी जिल्ला प्रशासन कार्यालयलाई कुनै कानूनले प्रदान गरेकोसमेत नदेखिने हुँदा कि.नं. १३४ र ८० को जग्गा सार्वजनिक भनी अन्यथा प्रमाणित भई नसकेको, छानबिनबाट अन्यथा प्रमाणित भएमा तत् अवस्थामा कानूनबमोजिम हुने नै हुँदा र हाल उक्त जग्गा मिसिल संलग्न रहेको दर्ता स्रेस्ताको प्रतिलिपिबाट निवेदिकाको निर्विवाद हक भोगमा रहेको भन्ने देखिएको तथा त्यस्तो जग्गा रोक्का राख्ने अधिकार जिल्ला प्रशासन कार्यालयलाई कुनै कानूनले प्रदान गरेकोसमेत नदेखिँदा सोसमेतका आधार कारणहरूबाट विपक्षी जिल्ला प्रशासन कार्यालय पर्साको ०६९।०२।२३ को रोक्का राखेको पत्र उत्प्रेषणको आदेशले बदर गरी उक्त कि.नं. १३४ र ८० को जग्गा फुकुवा गरी भोगचलनमा कुनै किसिमको हस्तक्षेप नगर्नु भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञा र परमादेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति ०६९।०७।१५ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर : गीता घिमिरे

इति संवत् २०७२ साल पुस २ गते रोज ५ शुभम्।

८

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०७०-CR-११३७, जबरजस्ती चोरी, *नेपाल सरकार वि. आकाश बुढाथोकी*

प्रस्तुत वारदातमा जबरजस्ती चोरीको सम्बन्धमा मुलुकी ऐन, चोरीको महलको ४ नं. मा वर्णित तवरबाट चोरी भएको भन्ने देखिएको छैन । जाहेरवालाको जाहेरीमा उल्लिखित कथनबाटै यी प्रतिवादीसमेत भई जाहेरवाला चढेको मोटरसाइकललगायत निजले बोकेको झोला चोरी गरी भागेको भन्ने देखिएको छ । प्रतिवादीले वारदातको समयमा आफू घरमा नै रहेको, वारदातमा संलग्न नभएको भनी अदालतसमक्षको बयानमा व्यहोरा लेखाएको भए तापनि अधिकारप्राप्त अधिकारीसमक्षको बयान, जाहेरवालाको अदालतसमक्षको बकपत्र र बुझिएका प्रकाश लामा र सुजिल मानन्धरले गरेको बकपत्रबाट प्रतिवादी आकाश बुढाथोकी चोरीको रकम बाँडी लिने मतियार भएको देखिँदा निजलाई चोरीको २० नं.को कसुर अपराधमा बिगोबमोजिम रू. ७५,०००।– जरिवाना र १ महिना कैदको सजाय हुने ठहर्‍याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।२।१४ को फैसला अन्यथा रहेछ भनी मान्न मिल्ने नदेखिँदा उक्त फैसला सदर हुने।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल पुस २ गते रोज ५ शुभम्।

९

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०७०-CI-१००७, अपुताली हक कायम दर्ता, *श्यामकिशोर प्रसाद कायस्त वि. रामकिशोरप्रसाद कायस्त*

मुलुकी ऐन, अपुतालीको २ नं.मा "यस महलको अन्य नम्बरहरूको अधीनमा रही अपुताली पर्दा मर्नेको लोग्ने, स्वास्नी, छोरा, अविवाहित छोरी, छोराको छोरा वा निजको अविवाहित छोरी भएसम्म अरूले अपुताली पाउँदैन। मर्नेको छोरा नभई बिधवा बुहारी भएमा निजले छोरासरह अपुताली पाउँछ । त्यस्ता कोही नभएमा विवाहिता छोरी, विवाहिता छोरी पनि नभए निजका छोरा वा अविवाहिता छोरी पनि नभए निजका छोरा वा अविवाहिता छोरी र निजहरू, पनि नभए त्यस्तो अपुताली ऐनबमोजिमका हकवालाले पाउँछन्" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। वादी प्रतिवादीका कान्छा भाइ अवधकिशोर प्रसाद अविवाहित अवस्थामा नै परलोक भएकोले उक्त कानूनी व्यवस्थाअनुसार निजको अपुताली

समान पुस्ताका हकवाला रहेका यी पुनरावेदक वादी तथा प्रत्यर्थी प्रतिवादीले पाउने रहेनछन् भनी मान्न नमिल्ने।

मृतक भाइ अवधकिशोरप्रसादलाई आफूले पालनपोषण गरेको, मृत्युपश्चात् काजक्रियासमेत गरेको भन्ने वादीको पुनरावेदन रहे पनि मृतक भाइ अवधकिशोर प्रसादलाई यी पुनरावेदक वादीले पालनपोषण गरेको र मृत्युपछि काजक्रिया गरेका रहेछन् भनी मान्न मिल्नेसम्मको ठोस आधार कारण मिसिल संलग्न कागजातहरूबाट नदेखिनुका अतिरिक्त यी वादी प्रतिवादीहरूबिच मृतकको स्याहारसम्भार गरेको विषयमा मुख मिलेको नदेखिएको र वादी प्रतिवादी मृतक अवधकिशोर प्रसादको समान पुस्ताका हकदार रहेको देखिँदा अपुतालीको २ नं. मा भएको उल्लिखित कानूनी व्यवस्थाअनुसार मृतकको सम्पत्तिमा वादी प्रतिवादीले बराबर अपुताली पाउने देखियो । बन्डा भइसकेपछि भाइ अवधकिशोर प्रसाद म पुनरावेदकसँग सगोलमा बसेको भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिर रहे पनि मानो जोडिएको लिखतको अभावमा मौखिक भनाईलाई मात्र आधार मानी उक्त जिकिरलाई स्वीकार गर्न मिल्ने नदेखिने हुँदा पुनरावेदक वादी श्यामकिशोर प्रसाद कायस्तको मात्र अपुताली हक कायम गरी भएको मिति २०६९।०३।२६ को रौतहट जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रत्यर्थी राम किशोरसमेतले एकभाग अपुताली पाउने ठहर्‍याई भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।०५।०३ को फैसला मिलेकै देखिँदा सो सदर हुने।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल पुस २ गते रोज ५ शुभम्।

१०

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०७१-CI-०००१, ०००७, निषेधाज्ञा / परमादेश, *किशोर थापा वि. श्यामभक्त थापा, डा. भाइकाजी तिवारी वि. श्यामभक्त थापा*

निवेदकले निवेदनमा जिकिर लिएको सडक निर्देशित जग्गा विकास (GLD) भित्र परेको सडक हो भन्ने कुरालाई निवेदकले निवेदनमा नै स्वीकार गरेको देखिँदा सो सम्बन्धमा कुनै विवाद देखिँएन। निवेदकले निवेदनमा उल्लेख गरेको सडकको आसपास पुरातात्विक महत्त्वका शिलालेख, मठ, मन्दिर एवम् प्राचीन स्मारकहरू रहेको भएको भन्ने तथ्यलाई विपक्षीहरूले लिखित जवाफमा नै स्वीकार गरेको र उपरोक्त ऐतिहासिक महत्त्व बोकेका प्राचीन पुरातात्विक महत्त्वका सम्पदाहरूको संरक्षण गरिनुपर्ने कुरामा विवाद हुन सक्दैन । मिसिल संलग्न रहेको पुरातत्व विभागको सर्वेक्षण प्रतिवेदनसमेतबाट पुरातात्विक महत्त्वका सम्पदाहरूलाई प्रस्तावित सडक विस्तारको कार्यले प्रभाव पार्नसक्ने देखिँदा निवेदनमा उल्लिखित हाँडीगाउँ मार्ग र मालीगाउँ मार्ग, चारनारायण मार्ग, कोटाल मार्ग, न्यात्मा मार्ग, धनु मार्गमा अवस्थित प्राचीन स्मारक एवम् पुरातात्विक महत्त्वका शिलालेख, मठ, मन्दिरलाई क्षति पुर्‍याउने गरी सडक विस्तार नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।२।२९ को आदेश मिलेकै देखिँदा सो सदर हुने।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल पुस २ गते रोज ५ शुभम्।

११

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी, ०६६-CI-११४५, नापी निर्णय बदर, *परशुराम जोशी वि. देवराज जोशी*

बझाङ जिल्ला अदालतबाट मिति २०६२।१।४ मा भएको नाप नक्सामा पुनरावेदक वादी र प्रत्यर्थी प्रतिवादी दुवैले आआफ्नो व्यहोरा लेखी

उक्त नक्सालाई स्वीकार गरेकोसमेत देखिन्छ । उक्त नक्साको आधारमा पुनरावेदक वादीले दाबी लिएको विवादको कि.नं. ५७१ को जम्मा क्षेत्रफल १०१२.२४ वर्गमिटर रहेको देखिन्छ भने कालीप्रसादले दर्ता गराएको कि.नं. ५७३ को जग्गाको क्षेत्रफल ४४६.३० वर्गमिटर रहेको देखिन्छ । अर्कोतर्फ सर्वे नक्साअनुसार प्रत्यर्थी प्रतिवादीको जग्गा ११३० वर्गमिटर भएकोमा अदालतबाट भएको नक्साबाट १०१२.२४ वर्गमिटरमात्र देखिएको अवस्थाबाट पनि प्रत्यर्थी प्रतिवादीको उक्त जग्गामा पुनरावेदक वादीको जग्गा घुसेको भनी मान्न मिल्ने देखिन नआउने ।

पुनरावेदक वादीले आफ्नो जग्गाको चार किल्ला खुलाउने क्रममा उत्तरतर्फ देवराज, पश्चिमतर्फ कालीप्रसाद र पूर्वतर्फ मोहीको खेत भनी उल्लेख गरेको कुरा फिरादपत्रको व्यहोराबाट देखिन्छ भने बझाङ जिल्ला अदालतबाट भई आएको नक्सामा विवादको जग्गा भनिएको न.नं.३ को कि.नं. ५७१ को जग्गाको चार किल्लामा पुनरावेदक वादीले देखाएको चार किल्लासँग मिल्न भिड्न आएको नदेखिने ।

साबिक कि.नं. ६३ को जग्गाबाट नै प्रत्यर्थी प्रतिवादीको कि.नं. ५७१, पुनरावेदक वादीको काका कालीप्रसादको कि.नं. ५७३ तथा टिका दत्तको कि.नं. ५७० समेत कायम भएको तथ्य मिसिल संलगन कागज प्रमाणबाट देखिएबाट पनि पुनरावेदक वादीले विवादको जग्गा प्रत्यर्थी प्रतिवादी देव राज जोशीले निजको कि.नं. ५७१ मै घुसाएको भनी भरपर्दो र विश्वसनीय प्रमाण पेस गर्न नसकेको अवस्थामा पुनरावेदक वादीको दाबी आफैँमा तथ्य र प्रमाणबाट टाढा रहेको देखिँदा यस अदालतबाट प्रस्तुत मुद्दालाई दोहोर्‍याई हेर्नको लागि दिएको निस्साको आधार र कारणसँग यो इजलास सहमत हुन नसकिने हुँदा पुनरावेदक वादीको दाबी पुग्न नसक्ने भनी सुरू बझाङ जिल्ला अदालतबाट भएको मिति २०६२।१।१२ को फैसलालाई सदर हुने ठहरी पुनरावेदन अदालत, दिपायलबाट मिति २०६४।३।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल जेठ १७ गते रोज १ शुभम् ।

१२

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०६७-CI-०९२२, निषेधाज्ञा, *दयाराम अहिरसमेत वि. सीताराम अहिरसमेत*

पुनरावेदकको कि.नं. १३ को उत्तरतर्फ र प्रत्यर्थीको कि.नं. १० को दक्षिणतर्फबाट सोही कि.नं. १० र कि.नं. ११ को निकासको लागि गोरेटो बाटो रहेको तथ्य यस अदालतको आदेशानुसार बाँके जिल्ला अदालतबाट तयार भई मिसिल संलग्न रहेको नक्सा विवरण मुचुल्का तथा सर्वे नक्साबाट देखिने ।

कि.नं. १७ र १३ को उत्तरतर्फ र कि.नं. १६, १४ र १० को दक्षिण सिमानामा गोरेटो बाटो जनिएको आलिको जग्गा रहेको र कि.नं. १७ सम्मको उत्तरतर्फ खुल्ला रहेको र कि.नं. १३ को उत्तरतर्फको गोरेटो निकासमा पुनरावेदक दयाराम अहिरले ९ इन्चको ५ फुट उचाई भएको पक्की दिवाल लगाई भोगचलन गरेको तथ्य मिसिल संलग्न प्रमाण कागजबाट देखिएबाट विवादको कि.नं. १३ को उत्तरतर्फ विपक्षीको कि.नं. १० र ११ मा जान आउनको लागि गोरेटो बाटो रहेको र उक्त निकासको रूपमा रहेको गोरेटो बाटोमा निज पुनरावेदक दयाराम अहिरले पक्की दिवाल लगाई भोग चलन गरेको तथ्य मिसिल संलग्न नाप नक्सा विवरण मुचुल्काबाट प्रष्ट देखिन आएबाट पुनरावेदकले आफ्नो लिखित जवाफमा उक्त ठाउँमा कुनै पनि सार्वजनिक गोरेटो बाटो नभएको र त्यस्तो बाटोमा आफूले बाटो च्याप्ने गरी कुनै पनि काम कारवाही नगरेको भनी लिएको जिकिर आफैँमा विरोधाभाषपूर्ण भई तथ्य र यथार्थताभन्दा बाहिर रहेको देखिने ।

विवादको गोरेटो बाटोमा पुनरावेदकले दिवाल बनाएको देखिएको र सो विषयमा प्रत्यर्थी निवेदकले आफ्नो निवेदनमा कुनै कुरा खुलाएको नदेखिएको अवस्थामा सो विषयमा पछि विवाद भएका बखत सम्बन्धित निकायबाट त्यसको निरूपण हुने नै हुँदा विवादको रूपमा नआएको विषयमा प्रस्तुत मुद्दाको रोहबाट बोलिरहन नपर्ने।

पुनरावेदकले निजको दर्ता भोगमा रहेको कि.नं. १३ को उत्तरतर्फ रहेको गोरेटो बाटोमा पर्खाल बनाएको देखिएको र निजले प्रत्यर्थी निवेदकको निवेदन मागबमोजिम उक्त ठाँउमा घरलगायतका थप निर्माण कार्य गर्न सक्ने सम्भावना रहेको देखिँदा पुनरावेदन अदालत, नेपालगञ्जबाट भएको आदेशलाई अन्यथा भन्न नमिल्ने हुँदा निवेदन मागबमोजिम गोरेटो बाटो च्याप्ने गरी जग नखन्नु, घर नबनाउनु, निकास बाटो बन्द नगर्नुसमेत भनी पुनरावेदक विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी गर्ने गरी पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६७।३।१६ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः अर्जुनप्रसाद कोइराला
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७२ साल भदौ ६ गते रोज १ शुभम्।

इजलास नं. २

१

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोपाल पराजुली, ०६७–CI–०२९२, छुट जग्गा दर्ता, मालपोत कार्यालय, *उदयपुर वि. दानबहादुर घले*

विवादित जग्गा पुनरावेदकको साबिक दर्ताको थियो वा थिएन भन्नेतर्फ आवश्यक प्रमाण बुझी सो सम्बन्धमा निर्णय गरिएको देखिएन। दर्ता नहुने हो भने दर्ता नहुने भनी स्पष्ट अन्तिम आदेश वा निर्णय गर्नुपर्ने हुन्छ । तामेलीमा राखी अनिर्णित अवस्थामा राख्न हुँदैन । सुरू मालपोत कार्यालयबाट तामेलीमा राख्ने गरी भएको आदेशमा उक्त कुरा स्पष्टसँग खुलाएको अवस्थासमेत छैन । यस परिप्रेक्ष्यमा दाबीको उक्त जग्गा नम्बरी हो कि होइन, नापीमा दर्ता गर्न छुट भएको हो होइन, सो सम्बन्धमा यकिन सबुद प्रमाण हेरी निर्णय गर्नुपर्ने हुन्छ । यसरी उपरोक्तबमोजिमका प्रमाणहरू हेरी र दर्ता गर्न नमिल्ने हो भने सो र दर्ता गर्नुपर्ने स्पष्ट आधार भएमा दर्ता गरिदिने तर सबुत प्रमाण बुझ्दा द्विविधा भई मूल्याङ्कन गर्नुपर्ने अवस्था आयो भने सोको हक बेहकको निर्णय गराउन अदालत पठाउनु पर्ने हुन्छ । दुनियाँको जग्गा स्रेस्ता आदि अभिलेख राख्ने सच्चाउने दर्तासम्बन्धी काम गर्नु पर्ने जस्तो जन सरोकारको दायित्व निर्वाह गर्नुपर्ने मालपोत कार्यालयसमक्ष दर्ता सम्बन्धमा आएको निवेदनमा निश्चित हुने गरी निर्णय गर्नुपर्ने हुन्छ । तामेलीमा राखिदिने जस्तो अनिर्णयको स्थितिमा अनिश्चित कालसम्म राखिनु वाञ्छनीय हुँदैन । तसर्थ तामेलीमा राख्ने गरी भएको आदेश कानूनसङ्गत रहेको नदेखिने हुँदा सरकारी जग्गा व्यक्ति विशेषको नाउँमा दर्ता गर्न नमिली तामेलीमा राखिदिने गरी मालपोत कार्यालय, उदयपुरबाट मिति २०५५।४।२२ मा भएको आदेश बदर गरी जे जो बुझ्नुपर्ने हो बुझी तारेख तोकी मिसिल सुरू मालपोत कार्यालय उदयपुरमा पठाइदिनु भनी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६६।४।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी मालपोत कार्यालय, उदयपुरको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : मीना गुरूङ
कम्प्युटर : मन्दिरा रानाभाट
इति संवत् २०७२ साल फागुन ३ गते रोज २ शुभम्।

२

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७०–CR–००४०, ०१८५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मानबहादुर सुनार,*

मानबहादुर सुनार वि. नेपाल सरकार

प्रतिवादीले मृतकलाई ज्यान लिने उद्देश्य लिएर पुरा तयारीसाथ नै घातक हतियार प्रहार गरेको हो भन्ने नदेखिएको अवस्थामा स्वाभाविक खालको मानवीय सुझबुझ र चेतनालाई ख्याल नगरी रिसको आवेगमा गरेको प्रहारलाई नेपाल सरकारको पुनरावेदन जिकिरअनुरूप ज्यानसम्बन्धीको महलको १३(३) नं. को कसुरको संज्ञा दिन मिल्ने देखिन नआउने ।

पुनरावेदक प्रतिवादीले ज्यानसम्बन्धीको महलको ५ नं. अनुरूपको कसुर कायम हुनु पर्ने भनी भवितव्यतर्फ लिएको जिकिरतर्फ विचार गर्दा ज्यानसम्बन्धीको महलको ५ नं. मा भवितव्यको परिभाषा गरिएको देखिन्छ । ज्यान लिने इवीलाग वा मनसाय नहुनु भवितव्यको लागि चाहिने तत्त्व हो । तर, त्यति नै मात्र पर्याप्त भने हुँदैन । आफूले गरेको कार्यबाट मानिस मर्लाजस्तो देखिनु हुँदैन । प्रस्तुत मुद्दामा वर्णित वारदात हेर्दा बञ्चरोको बिँडले टाउकोमा बलपूर्वक प्रहार गरेको देखिन्छ । टाउको जस्तो संवेदनशील अङ्गमा बञ्चरोको बिँडले बलपूर्वक प्रहार गर्दा चोट खानेको मृत्यु हुन सक्छ भन्ने जो कोहीले पनि सहज अनुमान गर्न सक्छ । यसरी आफूले गरेको कार्यबाट कसैको ज्यान जानसक्छ भन्ने देखिएको अवस्थामा त्यस्तो कार्य ज्यानसम्बन्धीको महलको ५ नं. अनुरूपको भवितव्यको कसुर हो भनी मान्न मिल्ने देखिएन । यसर्थ, भवितव्यको कसुर कायम गरिपाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा तत्काल रिस आवेगमा आई बञ्चरोको बिँडको प्रहारबाट मृतक धनसरा वि.क. को मृत्यु भएको देखिएकोले प्रतिवादी मानबहादुर सुनारलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी भएको दैलेख जिल्ला अदालतको मिति २०६९।३।२४ को फैसला उल्टी भई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १०(दश) वर्ष कैद हुने ठहर गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति २०६९।१०।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकार र प्रतिवादी मानबहादुर सुनार दुवैको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः मीना गुरूङ

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल फागुन ५ गते रोज ४ शुभम् ।

३

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०६९–CR–०४५७, कर्तव्य ज्यान, *धनबहादुर चौहान वि. नेपाल सरकार*

मृतक अनिल गुरूङले यी प्रतिवादीलाई छुराले प्रहार गरेको र आफूलाई छातीमा घाउ लागेको भनी जिकिर लिएको देखिए पनि निजको छातीमा घाउ लागेको देखिने घा जाँचलगायतका प्रमाण मिसिल संलग्न देखिँदैन । प्रतिवादीहरू ५/६ जना भएको तर मृतक एक्लै रहे भएको अवस्था देखिन्छ । ज्यानसम्बन्धीको महलको ७(१) नं. आकृष्ट हुन प्रतिवादीले जुलुमीको पञ्जाबाट भागी उम्की आफ्नो ज्यान बचाउनसमेत फुर्सद नपाउने अवस्था स्पष्टरूपमा प्रमाणित हुनुपर्दछ । तर, प्रतिवादीहरू ५, ६ जना हुनुको अतिरिक्त पुनरावेदक प्रतिवादी धनबहादुर चौहानले मृतक अनिल गुरूङको चक्कु खोसिसकेपछि पनि निज भाग्न उम्कन सक्ने अवस्था थिएन भन्न मिलेन । जुलुमीलाई केहि नगरेको अवस्थामा आफ्नो ज्यान नबच्ने अवस्था सिर्जना भई यी प्रतिवादीले अन्तिम विकल्पको रूपमा मृतकलाई छुरा प्रहार गरेको भन्ने मिसिल प्रमाणबाट देखिएन । यस्तो अवस्थामा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ७(१) नं. को कानूनी व्यवस्था यी प्रतिवादीका हकमा आकर्षित हुनसक्ने नदेखिने ।

मृतक अनिल गुरूङको मृत्यु प्रतिवादी धनबहादुर चौहानले प्रहार गरेको छुराको चोटबाट भएको पुष्टि भएको देखिँदा निज प्रतिवादीलाई मुलुकी

ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६८।५।१९ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।६।२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

प्रतिवादी राज चौहान भन्ने धनबहादुर चौहानले मृतक अनिल गुरूङलाई छुराले प्रहार गरी सख्त घाइते बनाएपछि निजको उपचार गराउन लैजाने क्रममा मृत्यु भएको देखिन्छ । प्रतिवादी धनबहादुर चौहानले मृतकलाई मार्नुपर्नेसम्मको पूर्व रिसइवी, इविलाग आपसी लेनदेन तथा मनमुटावको अवस्था र ज्यान मार्ने पूर्वतयारी र योजनाकासाथ प्रतिवादी आएको देखिँदैन । घटनाको समग्र अवस्था र परिस्थितिको मूल्याङ्कन गर्दा यी प्रतिवादीले तत्काल होटलमा छ्याङ रक्सी खाइरहँदाका अवस्थामा केटीलाई जिस्क्याएको र लोला हान्ने नहान्ने सन्दर्भमा विवाद भई मृतकले नै निकालेको छुरी प्रतिवादीले खोसी अनिल गुरूङलाई हानेको र सोही चोट पीरबाट अनिल गुरूङको मृत्यु भएको देखिन्छ । यस्तो अवस्थामा प्रतिवादीलाई ऐनबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा प्रतिवादी धनबहादुर चौहानलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कम सजाय गर्नुपर्ने देखिन आउने ।

साधारण अवस्थामा आवेशमा आई लाठा, लात मुक्का ढुङ्गाले प्रहार गर्दा कसैको ज्यान गएमा ज्यानसम्बन्धीको महलको १४ नं. अनुसार १० (दश) वर्ष कैद हुनसक्ने पनि हुन्छ । तर, केटी जिस्क्याएको विषयमा वादविवाद हुँदा पटकपटक छुरा प्रहार भएको कारणबाट ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिमको कसुर ठहरिएको अवस्था छ । तसर्थ प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १४ नं. अनुरूप हुनसक्ने सजाय १० (दश) वर्षभन्दा माथि तथा ऐ. को १३(१) नं. अनुसार हुनसक्ने कैद २० (बीस) वर्षभन्दा कम सजाय गर्नु उचित हुने देखिन आयो । प्रस्तुत मुद्दामा प्रतिवादीले मादक पदार्थ सेवन गरी मातेको अवस्थामा केटी जिस्क्याएको निहुँमा वादविवाद हुँदा अनिलसँग भएको छुरा खोसी निजलाई नै प्रहार गर्दा मृतकको मृत्यु भएको देखिँदा प्रतिवादीलाई १२ (बाह्र) वर्ष कैद सजाय गर्नु न्यायोचित हुने देखिन आयो । तसर्थ मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्रतिवादी राज चौहान भन्ने धनबहादुर चौहानलाई १२ (बाह्र) वर्ष कैद सजाय हुने ठहर्छ । अ.बं. १८८ नं. बमोजिम प्रतिवादीलाई १२(बाह्र) वर्ष कैद सजाय हुने ठहरिएकोले निजको सर्वस्व गरिरहनु नपर्ने ।

इजलास अधिकृतः प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल वैशाख ८ गते रोज ४ शुभम् ।

४

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७०–CR–०२१२, ०६९-CR-०७३८, ०७२-RC-००३३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. संगीता भन्ने सम्झना क्षेत्री बोहरा, संगीता भन्ने सम्झना क्षेत्री बोहरा वि. नेपाल सरकार, नेपाल सरकार वि. विकास भन्ने माधव घिमिरे*

कसैले कानूनद्वारा निषेधित कार्य गरेमा वा कानूनद्वारा गर्नुपर्ने कार्य नगरेमा फौजदारी दायित्व सिर्जना हुन्छ । प्रतिवादी सम्झना क्षेत्रीले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष मलाई चन्द्रबहादुर बोहरासँग घृणा लागेर आउने र माधव घिमिरेसँग माया लागेर आउन थाल्यो । माधव घिमिरेले मलाई विवाह गर्छुभन्दा मैले बाधा अवरोधहरू छन् उसले बाधा अवरोध मैले हटाउँछु भन्यो । मैले कसरीभन्दा चन्द्रबहादुरलाई सफाया गरिदिन्छु, ठिक पारी दिन्छु भन्यो भनी बयान गरेको पाइन्छ । यसरी प्रतिवादीले

सफाया गरिदिन्छु भनी मौकामा भनेको कुराप्रति कुनै उजुर आपत्ति नगरी त्यसलाई समर्थन गरी बसेको र सोहीअनुसारको घटना घटी फौजदारी अपराधको दुस्परिणाम निस्केपछि जाहेरी दिएको देखिन्छ । घटना घटाउन सहमति जनाई अपराधको दुस्परिणाम निस्केपछि जाहेरी दिएको आधारमा मात्र यी प्रतिवादीले फौजदारी दायित्वबाट सफाइ पाउन सक्ने अवस्था नरहने ।

प्रतिवादी सम्झना क्षेत्री वारदातस्थलमा महजुद भएको वा चन्द्रबहादुर बोहरालाई मार भनी निजले बचन दिएको देखिँदैन । तर, प्रतिवादीले चन्द्रबहादुरलाई सफाया गरी दिन्छुभन्दा त्यसो गर्नु हुन्न भनी नरोकी अपराध हुनजाने काममा मतलबीको रूपमा यी प्रतिवादीले काम गरेको देखिन्छ । यसरी प्रतिवादी सम्झना क्षेत्रीले मृतक चन्द्रबहादुर बोहरासमेतलाई मार्ने मतलबमासम्म पसेको मिसिल संलग्न प्रतिवादीहरूका मौकाको बयानसमेतका कागजप्रमाणहरूबाट देखिँदा प्रतिवादी सम्झना क्षेत्रीलाई मतलबीसम्म ठहर्‍याई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७ (३) नं. बमोजिम सजाय गरेको पुनरावेदन अदालतको फैसलामा कानूनी त्रुटि रहेको नदेखिने हुँदा प्रतिवादी विकास भन्ने माधव घिमिरेलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र प्रतिवादी सम्झना क्षेत्रीलाई ऐ. महलको १३(४) नं. बमोजिम जन्म कैद हुने ठहर्‍याएको सुरु रूपन्देही जिल्ला अदालतको मिति २०६७।१२।१० को फैसलामा प्रतिवादी माधव घिमिरेका हकमा सुरूको फैसला सदर गरी र प्रतिवादी सम्झना क्षेत्रीको हकमा सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम ३ (तीन) वर्ष कैद सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६९।२।२८ को फैसला मिलेको देखिँदा साधकसमेत सदर हुने ठहर्छ । पुनरावेदक वादी, प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल माघ २८ गते रोज ५ शुभम् ।

इजलास नं. ३

१

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी, ०६७-CR-०३५३, १०६२, १०६३, भ्रष्टाचार, *नेपाल सरकार वि. भरत प्रसाद घिमिरेसमेत, रमादेवी घिमिरेसमेत वि. नेपाल सरकार, नारायणप्रसाद घिमिरेसमेत वि. नेपाल सरकार*

जसका नाममा बिल बिजक देखिन्छ त्यो वस्तु उसैको हुनेमा त्यसको अनदेखा गरी सोको विपरीत प्रतिवादीको भाई गणेश घिमिरेको उक्त व्यापारिक कारोबारको घडी छापा मार्दा भरतप्रसाद घिमिरेको घरमा फेला परेको उल्लेख गरी सोको स्रोतसमेत निजले नै पुष्टि गर्नुपर्छ भन्न मिल्ने नदेखिने ।

विवादित रकम जसका नाममा रोक्का रहेको छ उसैको हुन्छ । जहाँसम्म बैंकमा रोक्का रहेको रकम प्रतिवादीले गैरकानूनी आर्जन गरी भ्रष्टाचार गरेका हुन् भनी आरोपित गरिसकेपछि बैंकको खातावालालाई पनि प्रतिवादी बनाई मुद्दा चलाउन सक्नुपर्ने हुन्छ । खातावाला व्यक्तिलाई अभियुक्त बनाई मुद्दा दायर पनि नगर्ने र अर्काको खातामा रहेको रकमसमेत यिनै प्रतिवादीको हो भनी सो रकमको समेत स्रोत पुष्टि गर्नुपर्दछ भनी उक्त रकममा समेत यिनै प्रतिवादी भरतप्रसाद घिमिरेको कायम गरी गैरकानूनी आर्जन भनी सजाय ठहर गर्नु न्यायोचित नहुने ।

अभियोग लगाउने पक्षले आफूले लगाएको अभियोग शङ्कारहित तवरबाट पुष्टि गर्नुपर्दछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त हो ।

भ्रष्टाचारलगायत कतिपय फौजदारी मुद्दामा प्रमाणको भार प्रतिवादीले नै पुर्‍याउनु पर्ने गरी व्यवस्था गरिएको भए पनि अभियोग लगाउने पक्षले अभियोग लगाइसकेपछि आफ्नो दायित्वबाट पुरै पन्छिन मिल्छ भनी अर्थ गर्न नमिल्ने।

प्रतिवादीका नाममा रहेको सम्पत्ति निजको कारोबार र सो कारोबारबाट बढे बढाएको छ, छैन भन्ने कुराको मापन निजको कारोबारबाट हेर्न सकिने विषय हुन्छ। रू. ३ लाख १० हजारमा आफ्नो पैतृक सम्पत्ति बिक्री गरेको कार्यलाई प्रतिवादीले पेस गरेको गा.वि.स. कार्यालयको कागजलाई अन्यथा नभएपछि सोपश्चात् खरिद भएको जग्गाको सम्पत्तिमा स्रोत नखुलेको भन्न नमिल्ने।

तत्कालिन निजामती सेवा ऐनले निजामती कर्मचारीलाई ऋण लिनेदिने कार्य गर्न रोक लगाएको देखिँदैन । मुलुकी ऐन, लेनदेन व्यवहारको २ नं. समेतले त्यसलाई कानूनी वैधता दिएको देखिन्छ । ऋण लिनेदिने कानूनी व्यवस्थाको वैधतामा वादी पक्षले प्रश्न उठाएको देखिँदैन । कानूनद्वारा रोक नलगाएको कारोबारबाट प्रतिवादीले आर्जन गरेको सम्पत्तिमा गैरकानूनी आर्जन हो भनी अर्थ गर्न नमिल्ने।

प्रतिवादीले विभिन्न मानिसहरूसँग ऋण लिनेदिने कार्य गरेको र त्यसलाई मौकामा नै प्रतिवादीले आफ्नो बयानद्वारा पुष्टि हुने गरी बयान गरिदिएको देखिन्छ भने त्यसलाई साहुले समर्थन गरी कागज गरेको समेत देखिन आएको छ। त्यसरी कानूनबमोजिम ऋण लिनेदिने कार्य गर्दा उक्त कार्यका सम्बन्धमा मान्यता दिन मिल्ने नमिल्ने के हो भन्ने विषयमा निर्णय गर्दा प्रष्ट आधार र कारण उल्लेख गर्नुपर्ने हुन्छ । यदी प्रतिवादीसँगको मिलोमतोमा त्यसरी नक्कली कागज खडा गरी झुट्ठा कागज गराएको पाइएमा त्यस्तो कार्यका उपर पनि अभियोजन पक्षले अभियोग लगाउन सक्ने नै हुन्छ । यी प्रतिवादीको कारोबारको स्वरूप हेर्दा पस्मिनाको कारोबार गरेको भन्नेबारेमा स्वयम् आयोगको अभियोगमा उल्लेख भएको र त्यसरी पस्मिना उद्योग सञ्चालन गर्ने त्यसमा पनि ऋण सापटी लिन नमिल्ने भन्न नमिल्ने।

उद्योगको आय गणना गर्ने कार्यमा प्रतिवादीले दिएको कारोबारको सूचीलाई आयोगले अन्यथा गर्न मिल्दैन । बढी कारोबार र आय बढी देखिएमा त्यसमा कर प्रणालीले प्रतिवादीलाई करको दायित्वतर्फ कानूनबमोजिम असुल गर्नसक्छ र आयोगले त्यसतर्फ सम्बन्धित कर कार्यालयलाई सचेत गर्न र बुझ्न सक्छ त्यस्तो भएको नदेखिँदा प्रतिवादीले पेस गरेको आयलाई अन्यथा भन्न नमिल्ने।

छोरीको ट्युसन फी ससुराबाट प्राप्त रकम र दिदीबाट प्राप्त गरेको अंकलाई हेर्दा प्रतिवादीको कारोबार संगोलको अवस्था र निजको हैसियतलाई नसुहाउने प्रकृतिको देखिँदैन । प्रतिवादीले पेस गरेको आयको स्रोतलाई अवैध हो भन्ने कायम गर्दा त्यसलाई पुष्टि गर्ने प्रमाण आधार पनि हुनुपर्ने।

प्रतिवादीको भागमा पर्ने कुल सम्पत्ति निजको पैतृकसम्बन्धी त्यसबाट बढे बढाएको सम्पत्ति कृषि आय तथा संगोलका परिवारले गरेको कारोबार र त्यसबाट आर्जन गरेको सम्पत्तिमा प्रतिवादीको के कति हिस्सा पर्न आउने हो सोतर्फ पनि यथेष्ट प्रमाणबाट प्रतिवादीको दान दातव्य उपहार विलासितापूर्ण जीवनयापन गरेको भन्ने देखिनु पर्ने।

आय र व्ययको स्रोत मापन गर्नेमात्रको कार्य त कर प्रणालीले नै सुनिश्चत गरेको हुन्छ । करको दायित्वमा कानूनप्रतिकूल भए तत् निकायबाट हेरिने विषयलाई भ्रष्टाचारको अभियोगमा सजाय गर्नु उपयुक्त हुँदैन । प्रतिवादीले गरेको कारोबार निजले कारोबार गरेबापत राज्यलाई बुझाएको कर र निजको आयस्रोत अस्वभाविक देखिएको हुनुपर्दछ । कर तिर्दैमा भ्रष्टाचारबाट उन्मुक्ति हुन नसक्ने।

पैतृक सम्पत्तिको आधारबिना पनि कसैले आफ्नै उद्यमताले आय आर्जनमा उपायहरू अवलम्बन

गरेको हुन्छन् भने उद्यमता र कारोबारविहिन सम्पत्ति देखिन्छ भने त्यस्तो अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० द्वारा अनुमानित गरी कसुरदार ठहर गर्नुपर्ने नै हुन्छ । कुनै निजामती कर्मचारीले उद्योग र आयआर्जन गर्ने कारोबार नै गर्न पाउँदैन भन्न मिल्दैन । जग्गाको किनबेच समयको अन्तरालमा त्यसको मुल्यमा बृद्धि र कारोबार गर्दा मालपोत कार्यालयमा देखाउने मूल्य र वास्तविकरूपमा भएको कारोबारमा धेरै नै अन्तर भने रहेको हुन्छ भनी अनुमान गर्न नहुने।

अभियोजन पक्षले परिवारका अन्य सदस्यका नाममा रहेको सम्पत्तिसमेत निज भरतप्रसाद घिमिरेकै मानी गैरकानूनी आर्जनको भन्ने उल्लेख गरी आरोप पत्र पेस गरेको भए पनि प्रतिवादी निजकी श्रीमतीबाहेक घर परिवारका अन्य सदस्यहरूलाई अभियोजन गर्न सक्नुपर्ने हुन्छ । अन्यथा एकासगोलका परिवारले आ-आफ्नो व्यवसायबाट कमाएको रकम घरमा राखेकै कारणले एकजना प्रतिवादीमात्र दोषी हुन् भनी हेर्न मिल्दैन । प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान र सो बयानको मिलानमा मुद्दामा बुझिएका व्यक्तिहरूले गरेको बयान बकपत्रलाई प्रमाणमा नलिनु पर्ने कुनै आधार नदेखिने।

वादी नेपाल सरकारले लिएको जग्गा खरिद तर्फको ७०९२२८।– र घर निर्माणतर्फको २१७१९०२।०२ को रकमको सम्बन्धमा यिनै प्रतिवादीले आफ्नो सम्पत्तिको स्रोतसमेत खुल्ने गरी तराईतर्फको घरजग्गा बिक्री गरी ल्याएको रू. ३ लाख १० हजारसमेतको स्रोतलाई अन्यथा गर्न सक्ने देखिएन । सोही स्रोतका आधारमा बढे बढाएको र प्रतिवादीका एकासगोलका भाइहरूले आफ्नो व्यवसायबाट आर्जन गरी कमाएको आम्दानीबाटै घर निर्माण र जग्गा खरिद गरेको देखिएकोले घर निर्माणतर्फ केहीमा विशेष अदालतले छुट दिई केहीमा ठहर गरेको हदसम्मको फैसलालाई मुनासिब भन्न नमिल्ने।

प्रतिवादीले लिएका जिकिरहरूलाई अन्यथा गर्ने वादी पक्षबाट ठोस तथ्ययुक्त प्रमाणहरू संकलित नभएको अवस्थामा प्रतिवादीको जिकिरलाई बेमनासिब भन्न मिल्दैन। सेयरतर्फको रू. ५००।– र बैंक मौज्दाततर्फ रू. २४२७।६२ लाई समेत विशेष अदालतको गैरकानूनी आर्जन मानेको देखिन्छ। त्यति सामान्य न्यून रकम सामान्य हिसाबले जो कसैसँग रहन सक्ने प्रकृतीको देखिँदा त्यस्तो न्यून रकमको सेयर तथा नगद रकमलाई समेत गैरकानूनी आर्जन मान्नु स्वभाविक मान्न सकिँदैन तसर्थ त्यसतर्फ समेतको वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने।

मोटरसाइकलतर्फ स्रोत नखुलेको भन्नेतर्फ विचार गर्दा प्रतिवादीका भाइहरूको कारोबार हेर्दा भ्याली पम्प सर्भिस, इम्पोरियम चलाउने Export तथा Import को कारोबार गर्ने सोको करसमेत विधिवत् बुझाउँदै आएको अवस्था देखिँदा अघि नै खरिद भएको मोटरसाकइकलको डिप्रसेसनसमेत नकटाई दाबी लिएको मिलेको देखिएन। सगोलमा रहँदा प्रतिवादीका भाइहरूले समेत प्रयोग गरेको मोटरसाइकललाई प्रतिवादीको एकलौटी कायम गरी सजाय गर्न सकिने नदेखिँदा त्यसतर्फ समेत सुरू विशेष अदालतको फैसलालाई मनासिब मान्न नमिल्ने।

लगानीतर्फको ५१,५०,०००।- तर्फको हकमा फैसलाको ठहर खण्डको विभिन्न प्रकरणमा विवेचना भएको र कृष्णबहादुर कुँवरका नाउँमा रहेको बैंक खाताको दायित्व प्रतिवादीमा जानसक्ने वस्तुनिष्ठ आधार र प्रमाण नदेखिएको निज कृष्णबहादुर र प्रतिवादीका बिचमा नाता सम्बन्ध नभई निजका नाउँमा सम्पत्ति राखी लुकाएको भन्नेतर्फ निजलाई प्रतिवादी नै नबनाएको अवस्थामा सो सम्पत्ति नै कृष्णबहादुर कुँवरको हुने गरी विवेचना भएकोले त्यसतर्फ समेतको वादी दाबी मनासिब देखिन नआउने हुँदा प्रतिवादी भरतप्रसाद घिमिरे आरोपित कसुरबाट

सफाइ पाउने ठहर्छ । प्रतिवादीहरूको एकमुष्ठ आय र व्यय गणना भएको, सम्पत्तिको खरिद मूल्य नभई हालको मूल्य कायम गरेको, आय सँगसँगै खर्च रकम नहेरेको, घरको निर्माण लागत कम गरेको, फर्निचरको मूल्याङ्कन आधा गरेको, दशैँ खर्च बचत हुने उल्लेख भएको, घरभाडा पुरै प्राप्त भएको उल्लेख गरी मान्यता दिएको, कमिशन, सञ्चयकोष सापटी, तलबी बिदा आदिको आधिकारिकता पुष्टि नगरी वैध आय मानेको, स्रोत नुखुलेको जग्गाको आयलाई वैध मानी भएको फैसलामा बिगो कम कायम गरी सजाय ठहर गरेको हदसम्म सुरू विशेष अदालत काठमाडौंको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी प्रतिवादीहरूलाई आरोपपत्र माग दाबीबमोजिम साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम भ्रष्टाचारको कसुर ठहर गरी सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको तर्फबाट परेको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । विशेष अदालत, काठमाडौंको मिति २०६७।९।१ को फैसला उल्टी भई प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल असार १३ गते रोज १ शुभम्।

२

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय, ०७२-WO-०३८७, परमादेश, *काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २९ सामाखुसीमा कार्यालय रहेको लुलु इन्टरनेनसल प्रा.लि. को अख्तियारप्राप्त भई आफ्नो हकमा समेत शेषकान्त पुरी वि. वैदेशिक रोजगार विभागसमेत*

वैदेशिक रोजगार व्यवसाय सञ्चालनका लागि अनुमति लिने संस्थाका सङ्ख्या र तिनका शाखा कार्यालयको अनुगमन गर्न पर्याप्त जनशक्तिको व्यवस्था हाल हुन नसकेकोले भनेर सरकारका निकाय कानूनतः आफ्नो जवाफदेहिताबाट उम्कन पाउँदैन । कम्पनी दर्ता गर्न अनुमति दिने, धरौटी राख्ने, बैंक ग्यारेन्टी स्वीकार गर्ने, विदेशबाट माग ल्याउन सक्ने सक्षमताको परीक्षण गरी सबै प्रक्रियामा सामेल गराउने तर इजाजतपत्र दिने नदिने निर्णय नगर्ने वैदेशिक रोजगार विभागको कार्यलाई वैधानिक मान्न नसकिने।

विपक्षी विभागले तोकेबमोजिमको प्रहरी प्रतिवेदन, धरौटी रकम, बैंक ग्यारेन्टीलगायतका सबै कार्य सम्पन्न गरिसकेको तथा विदेशबाट माग ल्याउनसक्ने सक्षमताको कागजात पेस गर्न लगाई सम्पूर्ण प्रक्रिया पुरा गरिसकेपश्चात पनि निवेदक कम्पनी उपरको निवेदनमा कुनै निर्णय नगर्ने वैदेशिक रोजगार विभागको कार्य नेपालको संविधान एवम् वैदेशिक रोजगार ऐन, २०६४ समेतको विपरीत देखिन आउने।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११ बमोजिम परेको निवेदनमा दफा ११ (२) बमोजिम इजाजत दिने वा दफा ११ (६) बमोजिम इजाजत नदिने सम्बन्धमा अविलम्ब निर्णय गर्नू भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल माघ २५ गते रोज २ शुभम्।

३

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०६९-CR-१०३७, कर्तव्य ज्यान, *बजिरसिंह खड्का वि. नेपाल सरकार*

भवितव्यमा प्रतिवादीको ज्यान लिने मनसाय वा रिसइवी त हुँदैन नै साथै प्रतिवादीबाट भएको काम विवेकयुक्त मानिस (reasonable person) को विचारमा बेमनासिब वा गैरजिम्मेवार पनि हुँदैन । सो कसीमा हेर्दा यी प्रतिवादीले रिसको झोंकमा

१२ इन्च ३ से.मी. लम्बाई र ४ से.मी.चौडाई भएको घातक हतियार चक्कु ताकेर मृतकको घाँटी जस्तो संवेदनशील अङ्गमा प्रहार गर्ने काम गरेको देखिँदा प्रस्तुत वारदातलाई भवितव्य कायम गर्न नमिल्ने।

ज्यानसम्बन्धीको महलको १४ नं. आकृष्ट हुन्छ कि भन्नलाई उक्त १४ नं. मा ज्यान मार्ने मनसाय नरहेको, ज्यान लिनुपर्ने सम्मको इवी पनि नरहेको, लुकी चोरी हान्ने काम पनि नभएको, जोखिमी हतियारको प्रयोग वा विष खुवाएको अवस्था नभई उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी साधारण, लाठा, ढुङ्गा, लात, मुक्का इत्यादि हान्दा सोही चोट पीरले ज्यान मरेमा दश वर्ष कैद सजाय गर्नुपर्ने भन्ने कानूनी व्यवस्था रहेकोमा प्रतिवादी बजिरसिंह खड्काले चक्कु जस्तो जोखिमी हतियारले मृतकको संवेदनशील अंग घाँटीमा प्रहार गरेको कारण मृतकको मृत्यु भएको देखिँदा ज्यानसम्बन्धीको महलको १४ नं. समेत प्रस्तुत मुद्दामा आकर्षित हुने देखिन नआउने।

यी पुनरावेदकले आफ्नो पुनरावेदनपत्रमा मुलुकी ऐन, अ.बं. १८८ नं. को जिकिर लिएको देखिन्छ । उक्त अ.बं. १८८ नं. ज्यानसम्बन्धीको महलको १३ नं. बाहेक अरू कानूनको लागि प्रयोग भएको नदेखिएको कुरा यस अदालतका फैसलाहरूबाट देखिन आउँछ । यसबाट समेत प्रतिवादीलाई ज्यान सम्बन्धीको ६(२) नं. वा १४ नं. को सजाय हुनुपर्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिँदा पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू कैलाली जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, दिपायलको मिति २०६९।६।२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

वारदात र मृतकउपर धन वा अरू कुनै कारण, मनसाय वा रिसइबीले हुने हत्या वा पटकपटक विभत्स प्रहार वा अन्य यातनाजन्य जस्तो कि लामो समय बन्दी बनाई वा विषादी खुवाई वा आगोले जलाई भएको हत्यालाई समान स्तरमा राख्न मिल्ने देखिन्न। फौजदारी न्यायले यसमा फरक गरेकै छ। वारदातको यस्तो अवस्थाको विचार नगरी पुनरावेदक प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिम सजाय गर्नु भनेको कसुरको फरक नहेर्नु हो। तसर्थ प्रतिवादीले मृतकको ज्यान लिनुपर्ने पूर्व मनसायको अभाव लगायतका माथि उल्लेख भएबमोजिम वारदातको समग्र अवस्था र प्रकृतिको विचार गर्दा प्रतिवादी वजिर सिंह खड्कालाई कैद वर्ष १५ गर्दा निजको कसुरअनुसारको सजाय पुग्ने देखिँदा मुलुकी ऐन, अ. बं. १८८ नं. बमोजिम पुनरावेदक प्रतिवादीलाई १५ (पन्ध्र) वर्षमात्र कैद हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल कात्तिक १६गते रोज २ शुभम्।

४

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०६९-CR-०४४०, कर्तव्य ज्यान/जबरजस्ती चोरी/ जबरजस्ती करणी, *चक्रबहादुर रावल वि. नेपाल सरकार*

प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानहरूमा चोरीको कसुरलाई स्वीकार गरी बयान गरेको र सो बयान अदालतमा अन्यथा हो भनी प्रमाणित गर्न सकेको समेत नदेखिँदा चोरीको वारदातमा समेत निज प्रतिवादीको संलग्नता थप पुष्टि हुन आएको देखिँदा अभियोग दाबीको कर्तव्य ज्यान, जबरजस्ती करणी र चोरीको वारदात गरी तीनवटै वारदातमा प्रतिवादी चक्रबहादुर रावलको संलग्नता रहेको पुष्टि हुन आउने हुँदा जाहेरी दरखास्त, प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान, जाहेरवालीको

अदालतमा भएको बकपत्र, सचिन नेपालीको घटना विवरण कागज, बरामदी मुचुल्का, लाशजाँच प्रकृति मुचुल्का तथा परिस्थितिजन्य प्रमाणसमेतबाट तीनैजना प्रतिवादीहरूले स्वास्थ्य उपचारको क्रममा मृत्यु भएका जाहेरवालाको पति दिलबहादुर नेपालीलाई कुटपिट गरी सख्त घाइते बनाएका र निज मृतक तथा जाहेरवालीको धनमाल जबरजस्ती चोरी गरी लिई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३(३) नं. को कसुर तथा चोरीको महलका ४ नं. बमोजिम कसुर गरेका र प्रतिवादीमध्येका चक्रबहादुर रावलले जाहेरवालीलाई जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणी महलको ३(५) नं.को कसुरसमेत गरेको देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद, ऐ जबरजस्ती करणीको ३(५) नं. बमोजिम पाँच (५) वर्ष कैद र ऐ. चोरीको महलको १४(२) नं. बमोजिम (१) एक महिना (१५) पन्ध्र दिन कैद र रू. ९९,७६६।५० जरिवाना हुने तथा जबरजस्ती करणीको १०(ग) बमोजिम निजबाट पीडित जाहेरवालीलाई रू. एकलाख पचासहजार १,५०,०००।– क्षतिपूर्तिसमेत भराइदिनुका साथै जाहेरवालीको चोरी भएको नपुग बिगो रू. ६५,९११।२५ भने तीनै जना प्रतिवादीहरूबाट जाहेरवालीलाई दामासाहीले भराइदिने ठहऱ्याएको सुरू सुर्खेत जिल्ला अदालतबाट मिति २०६८।१।२२।२ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति २०६९।३।११ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादी चक्रबहादुर रावलको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल भदौ ४ गते रोज ६ शुभम्।

५

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०६९-CR-०६५९, हाडनाता जबरजस्ती करणी, *भक्तबहादुर खतिवडा वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा प्रतिवादी विरूद्धको अभियोग दाबीलाई वादीले शङ्कारहित तवरबाट प्रमाणित गरेको कुरामा विवाद देखिँदैन। यसमा पछिबाट छोरीले के कसको गर्भ बोकेकी हुन् पीडित स्वतन्त्र हुँदाहुँदै पनि २४ दिन पछि जाहेरी परेको पीडितबाट प्रतिकार नभएको जस्ता पुनरावेदन जिकिर अर्थहीन छन्। छोरी जहिले पनि बाबुको प्रभुत्व र नियन्त्रणमा रहने नाता मानिन्छ। त्यसमा पनि बाबुले छोरीलाई डरत्रास धम्की दिएको भनी पीडितले मौका र अदालतमा उल्लेख गरेको अवस्था छ । आखिर प्रतिवादीलाई उनकै छोरीले आफ्नो पुरा जीवन बर्बाद हुने गरी किन झुट्टा कसुरमा फसाउनु पऱ्यो यसको युक्तिसङ्गत आधार प्रतिवादीले गुजार्नै पर्ने हुन्छ । ती सब कुनै कुराको प्रमाण प्रतिवादीबाट गुज्रिन आएको छैन । तपाईंको सबुद प्रमाण केही छ भनी अदालतबाट सोधिँदा सबुद प्रमाण केही छैन भनी प्रतिवादीले जवाफ दिनु भएको पाइन्छ। पीडितको मौका र अदालतको बकपत्र, शरीर जाँच, मौकामा कागज गर्ने व्यक्तिहरूको अदालतमा भएको बकपत्र र मौकामा कसुर गरेमा पुरै साबित रही करणी भएको भए हो तर पटकपटक होइन भनी अदालतमा समेत बयान गरेको अवस्थामा प्रतिवादीको माथि उल्लेख भएबमोजिमको पुनरावेदन जिकिरमा कुनै सार नपाइने।

पुनरावेदन अदालतले प्रतिवादीलाई हाडनातामा करणी गर्नेको महलको १ नं बमोजिम १० वर्ष र जबरजस्ती करणीको महलको ३(४) नं समेतका दुवै कानूनबमोजिम ५ वर्षसमेत जम्मा १५ वर्ष कैद गरेकोमा सो गर्न मिल्दैन भन्नेतर्फ प्रतिवादीको पुनरावेदन जिकिर रहेको देखिँदैन । तथापि यसबारे जबरजस्ती करणीको महलको २ नं प्रष्ट रहेको बारे पुनरावेदन अदालतले विवेचना गरेको मनासिब देखिन्छ। तसर्थ पुनरावेदन अदालत, इलामको मिति

२०६९।३।१७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल कात्तिक १६ गते रोज २ शुभम्।

६

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०६७-CR-१२२७, मानव बेचबिखन तथा ओसारपसार, *सीता भन्ने सरीता थिङ्ग वि. नेपाल सरकार*

ऐनको पश्चातदर्शी प्रयोग गरे ऐन मौन रहेको अवस्थामा पश्चातदर्शी प्रयोगबारेको मान्य सिद्धान्तको अनुशरण गर्नुपर्ने तर ऐनले पश्चातदर्शी प्रयोग हुने भनी स्पष्ट व्यवस्था गरेको संविधानविपरीत भएको भनी सर्वोच्च अदालतले सो कानून बदर नगरेसम्म त्यसको पालन गर्नु नै विधिको शासनको मर्म हुनजाने।

यी पुनरावेदिका मुख्य अभियुक्त देखिनु भएकी, पीडितहरूले प्रशस्त यातना भोगेका, नारकीय जीवन बिताएका, परिणामस्वरूप पीडितहरू तबाहै भएका, निजहरूको जवानी र घरजम सब समाप्त भएको, मानव भनेर बाँच्न दुरूह रहेको, कालीमाटी अनाथालयमा अर्थात् माइती नेपालमा आश्रय पाएको समेतको अवस्थाबाट पीडितहरूको त्रासदीपूर्ण र निरास जीवनलाई यो अदालतले बिर्सनु उचित हुँदैन। यसर्थ सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादी सीता भन्ने सरिता थिङलाई जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) बमोजिम ११ वर्ष कैद गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।५।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: रामप्रसाद पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल कात्तिक २३ गते रोज २ शुभम्।

७

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०७०-CI-००५९, निषेधाज्ञा, *भिष्ममान श्रेष्ठ वि. कर्पोरेट कार्यालय, कानून विभाग नारायणचौर नक्साल काठमाडौंस्थित लुम्बिनी विकास बैंक लिमिटेडसमेत*

निवेदकले माग गरेको निषेधाज्ञाको आदेशको आदेश जारी हुनका लागि कुनै कार्य हुन लागेको आशङ्काको स्थितिमा सो कार्य रोक्नमात्र जारी हुने हो। बैंकले धितोबापतको सम्पत्ति सकार गरी आफ्नो नाममा नामसारीसमेत गरिसकेकाले प्रस्तुत मुद्दामा निषेधाज्ञा जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिँदैन। निषेधाज्ञाको निवेदन कुनै कार्यलाई यथास्थितिमा नराखे निवेदकलाई अपूरणीय क्षति हुनजाने अवस्थामा जारी गरिन्छ। निषेधाज्ञाको हकको सिर्जना नगरी यथास्थितिमा राख्न मात्र जारी हुने भएकाले प्रस्तुत मुद्दाको सन्दर्भमा आकर्षित हुने नदेखिने हुँदा निषेधाज्ञा जारी हुनसक्ने अवस्था नदेखिई पुनरावेदन अदालत, पाटनबाट खारेज हुने ठहर्‍याएको मिति २०६९।९।२५ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: रामप्रसाद पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल असार १३ गते रोज १ शुभम्।

८

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०६९-RB-००५३, करार यथावत राखिपाउँ, *बौकु मलाह वि. श्री जनता शंकर उच्च माध्यमिक विद्यालय, राजगढ नर्घोसमेत*

यी निवेदकको ठेक्काको अवधि मिति २०६९ साल असार मसान्तसम्मका लागिमात्र भएको कुरा निवेदक स्वयम्ले स्वीकार गरेको स्थिति देखिन्छ। निवेदकले पाएको ठेक्काको अवधि २०६९

असार मसान्तमा सकिइसकेको देखिन्छ भने सुरू पुनरावेदन अदालतले फैसला गर्दा उक्त मितिभन्दा पछाडि अर्थात् २०६९।७।२२ मा मात्र फैसला भएबाट उक्त मिति भुक्तान भइसकेको देखिँदा प्रस्तुत मुद्दाको पुनरावेदनको सान्दर्भिकता देखिन नआउने हुँदा पुनरावेदन अदालत, राजविराजबाट निवेदन दाबी पुग्न नसक्ने ठहर्‍याई मिति २०६९।७।२२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल असार १३ गते रोज १ शुभम्।

९

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७०-WO-०७११, परमादेश, *अधिवक्ता राजुप्रसाद चापागाईंसमेत वि. नेपाल राज्यका महान्यायाधिवक्ताको कार्यालयसमेत*

कानूनी तथा नीतिगत विषयमा माथि उल्लिखित नीतिनिर्माण र कार्य योजनासमेत निर्माण तथा तर्जुमा भई क्रमशः कार्यान्वयनमा आएको भन्ने देखिएकोले निवेदकहरूले दाबी लिए जस्तो यौन हिंसा तथा जबरजस्ती करणीबाट पीडित महिला तथा बालबालिकाहरूको लागि कुनै सम्बोधन नै नगरेको भन्ने नदेखिँदा त्यसतर्फ यस अदालतले नेपाल सरकारसमेत अन्य विपक्षीको नाउँमा आदेश जारी गरी निर्देश दिइरहनु पर्ने देखिने।

जबरजस्ती करणी महलको ११ नं. मा "जबरजस्ती करणीको कुरामा सो भएगरेको मितिले ३५ दिनभित्र नालिस नदिए लाग्न सक्दैन" भन्ने र "अदालती बन्दोबस्तको ४० नं. मा "हदम्यादभित्र नालिस गर्नुपर्ने मानिस १६ वर्ष नाघेको रहेछ भने १६ वर्ष नाघेका दिनदेखि हदम्यादसम्म नालेस दिए लाग्छ । सो नाबालक १६ वर्ष नपुग्दै मर्‍यो भने मरेको दिन देखि हदम्यादसम्म मर्नेको हकवालाले नालिस गरे लाग्छ" भन्ने व्यवस्था रहेको पाइने।

मुलुकी ऐन, जबरजस्ती करणीको ११ नं. र अदालती बन्दोबस्तको ४० नं. को सामन्जस्यता पूर्ण व्याख्या गरिनुपर्छ भन्ने जिकिर सम्बन्धमा विचार गर्दा अदालती बन्दोबस्तको ४० नं. को व्यवस्था हदम्यादको व्यवस्था निलम्बन हुने सिद्धान्त (Doctrine of tolling) मा आधारित देखिन्छ । Doctrine of Tolling भइरहेको हदम्यादलाई कुनै निश्चित अवधिसम्म निश्चत सर्तमा स्थगित गरिनु हो । जसलाई कानूनी भाषामा हदम्याद स्थगनको सिद्धान्त (Doctrine of Equitable Tolling) भनिएको छ । यो विषय अपराधभन्दा दुष्कृति (Equitay) सँग सम्बन्धित विषय हो । यसको प्रयोग देवानी प्रकृतिका विषयमा हुने कुरा प्रचलित उल्लिखित ४० नं. को कानूनी व्यवस्थाले नै देखाएको छ । यस सम्बन्धमा मुलुकी ऐनको जबरजस्ती करणीको संरचना र अदालती बन्दोबस्तको महलको संरचनालाई पनि दृष्टिगत गर्नुपर्ने हुन्छ । मुलुकी ऐन प्रारम्भिक कथनको ४ नं. मा "विषय विषयमा छुट्टाछुट्टै बनेको कानूनमा लेखिए जतिमा सोही कानूनबमोजिम र सो कानूनमा नलेखिएकोमा यही मुलुकी ऐनबमोजिम गर्नुपर्छ" भन्ने उल्लेख भएकोले यद्यपी मुलुकी ऐनमा नै व्यवस्था गरिएको भए पनि जबरजस्ती करणीको महलमा गरिएको कानूनी व्यवस्था जबरजस्ती करणीसम्बन्धी कसुरको लागि विशेष कानून भएको र सोही महलमा सोसम्बन्धी कसुरको मुद्दा दायर गर्ने हकदैया सो कसुरबाट पीडित व्यक्तिलाई नभई राज्य नै पक्ष भई मुद्दा दायर गर्ने गरी त्यस्तो हकदैया राज्यलाई मात्र दिएको देखिन्छ । अर्थात् जबरजस्ती करणी मुद्दा सरकारवादी भई दायर हुने फौजदारी मुद्दा भएकोले राज्यका

तर्फबाट नेपाल सरकारले मुद्दा दायर गर्ने हुनाले पीडित भएको प्रमाणसाथ आएमा उजुर गर्न नपाउने भनी अर्थ गर्न नमिल्ने ।

मुलुकी ऐन अदालती बन्दोबस्तको ४० नं. ले हदम्यादभित्र नालिस गर्नुपर्ने मानिस १६ वर्ष नाघेको रहेनछ भने १६ वर्ष नाघेको दिनदेखि हदम्यादसम्म नालिस दिए लाग्छ । सो नाबालक १६ वर्ष नपुग्दै मर्‍यो भने सो मरेको दिनदेखि हदम्यादसम्म मर्नेको हकवालाले नालिस गरे लाग्छ भनी नाबालकको हकमा हकवालाले नालिस दिनसक्ने गरी व्यवस्था गरेको छ । यहाँ हकवालाले नालिस गर्न सक्ने कुराले सम्पत्ति वा पदसम्बन्धी देवानी प्रकृतिको मुद्दामा मात्र यो व्यवस्था आकर्षित हुने देखिने ।

फौजदारी मुद्दामा अपराधीसँगै अपराध मर्छ भन्ने फौजदारी कानूनको मान्य सिद्धान्तअनुसार अपराधको हकवाला हुन नसक्ने ।

कुनै पनि फौजदारी मुद्दामा यो व्यवस्था लागू हुन्छ भनी व्याख्या गर्न मिल्दैन र विधायिकी मनसाय पनि यही देखिन्छ । सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३ ले अनुसूची १ अन्तर्गतका मुद्दामा अपराध भएको वा भइरहेको थाहा पाउने जो सुकैले पनि अपराधको लिखित तथा मौखिक सूचना दिनसक्ने र नेपाल सरकारका तर्फबाट अनुसन्धान तहकिकात गरी मुद्दा दायर गर्न सकिने हुनाले हकवालाको प्रश्न नआउने ।

अदालती बन्दोबस्तको ४० नं. को व्यवस्था जबरजस्ती करणी मुद्दामा पीडितका तर्फबाट मुद्दा दायर गर्ने हदम्याद गणना गरिनुपर्छ भन्न मिल्ने नदेखिने ।

जबरजस्ती करणी मुद्दामा पिडित स्वयम्ले पनि अपराधको सूचना दिनसक्नेसम्म हो अनुसन्धान गरी मुद्दा दायर हुने नहुने कुरा राज्यको तर्फबाट सरकारले अनुसन्धानको आधारमा निर्णय गर्ने विषय भएकोले पीडित व्यक्ति उमेर पुगेको हुँदैमा वा नहुँदैमा मुद्दा चलाउन सक्ने कुरामा बाधा नहुने हुँदा यो व्यवस्था जबरजस्ती करणीबाट पीडित नाबालकको हकमा पनि लागू हुन्छ भन्न नसकिने ।

फौजदारी विषयमा Doctrine of Tolling लाई प्रयोग गर्न सकिने आधारका रूपमा निवेदकले Model Code for Post Conflict Criminal Justice ले गरेको प्रस्तावलाई देखाउनु भएको छ । उक्त नमुना कानून द्वन्द्व पछिको फौजदारी न्यायका लागि बनाइएको भन्ने कुरा त्यसै कोडको नामबाटै स्पष्ट हुन्छ । तर अदालती बन्दोबस्तको ४० नं. को व्यवस्था द्वन्द्व पछिको घटनाका सम्बन्धमा नभई सामान्य अवस्थामा लागू हुने कानूनी व्यवस्था हो । तसर्थ अदालती बन्दोबस्तको ४० नं. को हदम्यादसम्बन्धी व्यवस्था जबरजस्ती करणीको मुद्दामा पनि लागू गरिनुपर्छ भन्ने निवेदकहरूको निवेदन दाबीसित सहमत हुन नसकिने ।

हदम्याद निर्धारण गर्दा कसरी र कति निर्धारण गर्ने भन्ने सम्बन्धमा अपराधको गाम्भिर्यता, समसामयिक परिवेश, देशको सामाजिक तथा भौगोलिक अवस्था तथा अन्तर्राष्ट्रिय कानून र अभ्याससमेतलाई विचार गरी गरिनुपर्ने हुन्छ । यो विषय विधायिकी विवेक (legislative Wisdom) को विषय भएकोले यति नै हदम्याद निर्धारण गर्नु उपयुक्त हुन्छ भनी अदालतले दिन किटान गरिदिन भने मिल्ने नहुने ।

संवेदनशील विषयमा यस अदालतबाट पटक पटक निर्देशन गरी रहँदा पनि राज्यले अलमल गरी ढिलाई गरिरहेको देखियो । तसर्थ यथासक्य छिटो निवेदकले उठाएको हदम्यादको विषयमा नेपालको संविधान तथा महिला तथा बालबालिकाको संरक्षणको सम्बन्धमा नेपाल पक्ष भएका विभिन्न सन्धि महासन्धिसित नबाझिने गरी राष्ट्रिय अन्तर्राष्ट्रिय मान्यता र विधिशास्त्रको समेत अध्ययन गरी उपयुक्त मसौदा तयार गरी सो मसौदा सरोकारवालाहरूसँग

छलफल गराई कानूनको मसौदा संसद्मा पेस गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल जेठ २७ गते रोज ४ शुभम्।

१०

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७०-WO-०६६२, उत्प्रेषण / परमादेश, *डा. बसन्तकुमार ताम्राकार वि. लोक सेवा आयोग केन्द्रीय कार्यालयसमेत*

कुनै पदाधिकारीको त्रुटि वा भूलको कारण कार्य सम्पादन मूल्याङ्कन फाराममा पुनरावलोकन समितिबाट मूल्याङ्कन हुन छुट भएको अवस्थामा त्यस्तो कार्य सम्पादन मूल्याङ्कन फाराम पेस गर्ने कर्मचारीलाई बढुवाबाट बञ्चित गर्ने हो भने कर्मचारीको पदोन्नतिसम्बन्धी प्रावधान कानूनी हकको रूपमा नभई कुनै पदाधिकारी वा कार्यालयको स्वेच्छामा निर्भर रहन जाने हुन्छ। यस्तो अवस्थामा आफूले बढुवा गराउन चाहेको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन फाराम सुपरिवेक्षक, पुनरावलोकनकर्ता तथा पुनरावलोकन समितिबाट मूल्याङ्कन गराइ राख्ने र बढुवा गराउन नचाहेको कर्मचारीको फाराम मूल्याङ्कन नै नगराई राख्ने प्रवृत्तिको विकास हुने हुन्छ। कार्यसम्पादन मूल्याङ्कन फाराम भरी समयमा पेस गर्ने कर्तव्य पुरा गरेको अवस्थामा आफ्नो गल्ती वा दोषबेगर अन्य पदाधिकारीको त्रुटि वा भुलको परिणाम आफ्नो दायित्व पुरा गर्ने कर्मचारीले भोग्नु पर्दछ भन्नु न्यायोचित नहुने।

अधिकृत एघारौं तहको प्रमुख कन्सल्टेन्ट जनरल फिजिसियन पदमा मिति २०७१।१०।४ को निर्णयअनुसार निवेदक डा. बसन्तकुमार ताम्राकार बढुवा भइसकेको भनी बढुवाको नामाङ्कनसहितको सूची विपक्षीबाट पेस भएको पाइन्छ। विपक्षीबाट पेस भएको उक्त बढुवाको नामाङ्कनसहितको सूचीलाई निवेदकले अन्यथा भन्न नसकेको अवस्था छ। मिति २०७०।९।२० को निर्णय मुताबिक नै अन्य उम्मेदवारसरह निवेदकको समेत जेष्ठता कायम गरिनु पर्ने भन्ने निवेदन व्यहोरा तथा निवेदकको तर्फबाट प्रस्तुत भएको बहसका सम्बन्धमा विचार गर्दा निवेदकको प्राप्ताङ्कभन्दा विपक्षी सीताराम चौधरीको प्राप्ताङ्क बढी भएको कारण निवेदकको नाम बढुवा सिफारिस नामावलीबाट हटाई विपक्षी डा. सीताराम चौधरीको नाम बढुवा सिफारिस नामावलीमा समावेश गर्ने गरी आयोगबाट मिति २०७०।११।२२ मा निर्णय भएको र माथि विवेचित आधार र कारणबाट उक्त निर्णय न्यायोचित देखिएको अवस्था छ। साथै निवेदकको मिति २०७०।९।२० को निर्णय मुताबिक नै अन्य उम्मेदवारसरहको जेष्ठता कायम गर्दा वा नगर्दा निजको नोकरी अवधिलाई मनन गर्दासमेत अर्को बढुवा गर्न बढुवा समितिबाट पुनः निजको कार्य सम्पादनसहितको मूल्याङ्कन हुनसक्ने अवस्था देखिन्छ। पुनरावलोकन समितिबाट मूल्याङ्कन हुन छुट भएको आ.व. ०६७।०६८ र ०६८।०६९ का लागिसमेत आ.व. ०६९।०७० मा प्राप्त गरेको अङ्कको औशत अङ्क प्रदान गरी सो अङ्कको आधारमा विपक्षीमध्येका डा. सीताराम चौधरीलाई बढुवा गरेको कार्यलाई अन्यथा गर्न मिल्ने नदेखिने हुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल असार ९ गते रोज ४ शुभम्।

११

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७०-CI-०७००, बैना रकम र सो बराबरको रकम फिर्ता पाउँ, *बसन्तकुमार सिलवाल वि. किरणप्रसाद घिमिरे*

यसमा पुनरावेदक प्रतिवादी बसन्तकुमार सिलवाल र प्रत्यर्थी वादी किरणप्रसाद घिमिरेका

बिच निज प्रतिवादीका नाम दर्ताको कि.नं. १६० को जग्गा र सो जग्गामा बनेको घरसमेत खरिद बिक्री गर्ने गरी मिति २०६६।४।३२ मा प्रतिवादीले वादीबाट रू.५२,००,०००।- रूपैयाँ नगद लिई बैनापट्टाको कागज गरेको भन्ने कुरामा वादी प्रतिवादीबिच कुनै विवाद रहेको देखिँदैन। यी प्रतिवादी स्वयम्ले आफ्नो प्रतिउत्तर जिकिरमा वादीबाट बैनास्वरूप उक्त रूपैयाँ लिई कागज गरी दिएको कुरालाई स्वीकारै गरेको अवस्था देखिन्छ । उक्त बैनापट्टाको कागज हेर्दा प्रति आना रू. १२ लाख मूल्यसमेत निर्धारण गरी प्रतिवादीले वादीबाट रू.५२ लाख बैनाबापत बुझेको देखिनुका साथै उक्त लिखतमा वादीले समयमा लिखत पारित गराउन नसकेमा बैना फिर्ता नहुने र प्रतिवादीले लिखत पारित नगरी दिएमा बैनाको दोब्बर रकम तिर्नुपर्ने भन्नेसमेतको सर्त राखेको देखिन्छ। यी प्रतिवादीले सर्तबमोजिम बाँकी रकम लिई लिखत पारित गरी नदिएको भन्ने वादीको दाबी र वादीले समयमा बाँकी रकम जम्मा नगरेकोले भाखा राखेको म्याद नाघेको कारण जग्गा पास नभएको भन्ने प्रतिवादीको जिकिर भए तापनि सर्तबमोजिम उक्त बैनापट्टाको लिखत पारित हुन नसकेको भन्ने कुरा मिसिल प्रमाणबाट देखिन आउँछ। जहाँ कुनै लिखतको अस्तित्वलाई स्वीकार गरिएको हुन्छ त्यहाँ त्यस लिखतको प्रतिफल के हो भनी अदालतले हेर्न सक्छ। लिखत व्यहोरामा नै घर जग्गा किन्न बैना रकम दिएको भनेपछि वादीले दिएको रकमको घर जग्गा दिलाउनेतर्फ कानूनतः वादीले दाबी नगरेको र सो रकम प्रतिवादीले नलिएको नबुझेको भन्ने वस्तुनिष्ठ तवरबाट पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादीको कथनकै भरमा वादीले रकम पाउँदैन भन्न नमिल्ने देखिने।

यसरी बैनापट्टाको लिखतबमोजिमको घर जग्गा प्रतिवादीले राजीनामा पारित गरी वादीलाई दिएको नदेखिएको अवस्थामा वादीले प्रतिवादीबाट उक्त बैनापट्टाको लिखतबमोजिमको रकम रू.५२,००,०००।- र सोको ब्याजसमेत भराई लिन पाउने नै देखिन आउँछ। विवादित बैनापट्टाको लिखतअनुसार जग्गा पारित नभए बैना रकमको दोब्बर बुझाउन स्वीकार गर्ने प्रतिवादीले वादीलाई उक्त बैना रकमको ब्याज दिलाउन मिल्दैन भनी लिएको जिकिर मुनासिब देखिँदैन। प्रस्तुत मुद्दामा यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्ने आदेश गर्दा आधार लिइएको *ने.का.प.* २०५० नि.नं. ४७३१ पृष्ठ २२५ मा प्रकाशित नजिर प्रस्तुत मुद्दाको विवादका सम्बन्धमा आकर्षित हुनसक्ने नदेखिँदा सो आदेशसँग सहमत हुन सकिएन। तसर्थ वादीले दाबी गरेको बैनापट्टाको लिखतमा उल्लिखित रकमको दोब्बर भराउने कानूनी व्यवस्थाको अभावमा वादीलाई प्रतिवादीबाट उक्त बैना रकम रू. ५२ लाखको लिखत खडा भएको मितिदेखि फैसला हुँदाको मितिसम्मको ब्याजसमेत भराई लिन पाउने ठहर्‍याएको सुरू जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालतको फैसला न्यायोचित नै मान्नु पर्ने अवस्था देखिँदा वादीले लेनदेन व्यवहारको महलअनुसार ब्याजको दाबी नलिएको अवस्थामा ब्याजसमेत भराई लिन पाउने ठहराएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भन्नेसमेतको प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिने स्थिति नदेखिने हुँदा मिसिल संलग्न आधार प्रमाणको विवेचना गरी सुरू काठमाडौं जिल्ला अदालतले मिति २०६६।१२।१० मा गरेको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६८।१।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः तारादत्त बडू

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल भदौ ३ गते रोज ५ शुभम्।

इजलास नं. ४

१

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०६७-CR-११०४, कर्तव्य ज्यान, *साइँली भन्ने जङ्गलीमाया पहरी वि. नेपाल सरकार*

सर्वप्रथम नवजात बच्चाको जन्म जीवित वा मृत के थियो भन्ने सम्बन्धमा हेर्दा, प्रतिवादी जंगलीमाया पहरीले जिउँदो शिशु छोरी पाएकोमा लाजशर्मले गर्दा शिशु छोरीको घाँटी निमोठी मारिदिएको भनी गाउँघरमा भनेको कुरा सुनी मसमेतले थाहा पाई वारदातस्थलमा जाँदा शिशुलाई मारी ढुङ्गा, स्याउलाले थिची पुरिराखेको अवस्थामा फेला परेको भन्ने किटानी जाहेरी दरखास्त परेको देखियो। मृतक नवजात शिशुको लासको आँखा, नाक, मुखमा रगत माटो लागेको, घाँटी छिन्नलाई केही भाग बाँकी राखी घाँटी निमोठेको, दुवै खुट्टा निलो कालो जस्तो देखिएको, पिठ्यु, दुवै खुट्टाहरूमा चोटपटकको निलडामहरू देखिएको भन्ने घटनास्थल तथा लास प्रकृति मुचुल्का रहेको छ। मृत्युको कारणमा (Cause of death) probably due to hypovolaemic shock अत्यधिक रक्तश्रावबाट (excessive bleeding) भन्नेसमेत व्यहोराको शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको छ। त्यसका अतिरिक्त शव परीक्षण गर्ने चिकित्सकले समेत बच्चालाई बलपूर्वक (Force) मारेको भनी बकपत्र गरेको देखिएको एवम् निज प्रतिवादीले बच्चालाई जन्म दिई मारी पहिरेस्थित जङ्गलमा फालेको हो, समाजबाट लाज बचाउनका लागि सो बच्चालाई छाडी गएको हुँ भनी मौकामा बयान गरेको देखिएबाट मृतक बालिकाको जन्म हुँदा जीवितै जन्म भई यिनै प्रतिवादीको कर्तव्यबाट मृत्यु भएको देखिन आउने।

पुनरावेदक प्रतिवादी साइली भन्ने जंगलीमाया पहरीले प्रतिवादी मध्येका दुधलाल भोलन लामासँगको सम्पर्कबाट गर्भधारण गरी जन्माएकी बालिका शिशु मरेकोमा विवाद छैन । उक्त शिशुको मृत्यु उच्च रक्तश्रापको कारण भएको भन्ने पोस्टमार्टम प्रतिवेदनबाट देखिएको तथा मुख, घाँटीमा घाउँ चोटसमेत देखिएको अवस्था र शव परीक्षण गर्ने चिकित्सकले समेतले बच्चालाई बलपूर्वक Force गरी मारेको भनी बकपत्र गरेको अवस्था छ। पुनरावेदक प्रतिवादीले अदालतमा बयान गर्दा बच्चा सानो थियो, अलिअलि मात्र सास रहेको, नरोएको हुँदा कपडामा सुताई नजिकैको खोल्सीमा कपडा पखाली बच्चा नजिक घाम तापिरहँदा बच्चा नरोएको र साससमेत नफेरेको हुँदा मर्‍यो होला भनी त्यहीँ छाडी घर आएको भनी मौकाको बयानमा लेखाएकी छन् । आफूले उक्त बच्चालाई मारेकोमा इन्कार रहेको भए तापनि अनुसन्धान अधिकृतसमक्ष बयान गर्दा निजले समाजबाट लाज बचाउन बच्चा मारी फालेकोमा साबित नै रहेकी छन्। अदालतको इन्कारी बयानमा समेत आफ्नो बच्चालाई कसैको सहयोगमा उपचार गर्ने प्रयाससम्म गरेको देखिएन । नवजात शिशुलाई लापरवाहीपूर्वक त्यतिकै सुनसान ठाउँमा छाडेकोमा साबित नै रहेबाट निजले मौकामा अनुसन्धान अधिकारीसमक्ष गरेको बयानलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिन आयो। यस्तो अवस्थामा निज प्रतिवादी जंगलीमाया पहरीलाई ज्यानसम्बन्धीको महलको १ नं. र ऐ. को १३(३) नं. को कसुरमा सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला मनासिबै देखिन आयो। अतः मृतक जातकलाई मार्ने योजना तयारी तथा मनसायपूर्वक भएको वा रिस वा आवेगमा गरेको नभई बाध्यतावस उक्त घटना

भएकोतर्फ सुरू अदालत र पुनरावेदन अदालतबाट ध्यान नपुगी मलाई सर्वश्वसहित जन्मकैदको सजाय गरेको फैसला त्रुटिपूर्ण भएकोले उक्त फैसला बदर गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने।

पुनरावेदक प्रतिवादीको कर्तव्यबाट बालिकाको मृत्यु भएको देखिए तापनि निजको पारिवारिक अवस्था, निजको उमेर ३५ वर्ष मात्र भएको, पुनरावेदिकाको ५(पाँच) जना बालबच्चा रहेको र लोग्नेले छाडी बच्चाहरूको पालनपोषण गर्ने जिम्मेवारी निजकै भएको र आर्थिक अवस्थासमेत कमजोर रहेको मिसिल संलग्न कागजातबाट देखिन्छ । यस्तो अवस्थामा बच्चाहरू समेतको पालनपोषणको जिम्मेवारी लिने आशा देखाएबाट परपुरूष दुधलालको शारीरिक सम्पर्कबाट गर्भ धारण गरेकोमा बच्चा जन्मदा लोकलाजबाट बच्नको लागि प्रतिवादीबाट उपर्युक्त कसुर हुन गएको भन्ने कुरा मिसिल संलग्न कागजातहरूबाट देखिएको अवस्थामा निज प्रतिवादीलाई ठहरेबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने तथा सात वर्ष मात्र कैद गर्दासमेत ऐनको उद्देश्य पुरा हुने देखिएकोले निज प्रतिवादी जंगलीमाया पहरीलाई मुलुकी ऐन, अ.बं.१८८ नं.बमोजिम सात वर्ष कैदको सजाय गर्न मनासिब देखिएको हुँदा पुनरावेदन अदालतले व्यक्त गरेको रायसमेत मनासिब देखिन आउने हुँदा प्रतिवादी साइँली भन्ने जंगलीमाया पहरीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. को कसुरमा सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई निजलाई अ.बं. १८८ नं. बमोजिम ७ वर्ष कैदको सजाय गर्ने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।१२।०१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल माघ २० गते रोज ४ शुभम्।

२

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७०-CR-१५४२, कर्तव्य ज्यान, *तुलसीदेवी चन्द वि. नेपाल सरकार*

शेरबहादुर चन्दको नाउको 6-7% burn of (rt) upper ant thingl involving prined regin. (infected) penile burn injury भन्ने व्यहोरा उल्लेख भएको घाउ जाँच केस फाराम र मृतक शेरबहादुर चन्दको लासको दुवै हातको हत्केलाको भागमा पोलिएका घाउहरू, छालाहरू खुइलिएको, लिङ्गको भागमा ब्यान्डेज लगाएको, लिङ्ग पूर्णरूपमा पाकेको, घाउ अन्डकोशहरू सुनिएको, पोलिएको समेतको घटस्थल तथा लास प्रकृति मुचुल्काबाट देखियो । यी सम्पूर्ण कागजातहरूबाट मृतकको मृत्यु प्रतिवादी तुलसादेवी चन्दको संलग्नतामा कर्तव्यबाट भएको पुष्टि हुने।

मृतक शेरबहादुर चन्द स्वयम्ले श्रीमती तुल्सादेवी चन्दले कोकको गिलासमा पाउडर जस्तो सेतो धुलो मिसाई मलाई खान दिएपछि मैले पिईसकेपछि खाना खाई नसक्दै एक्कासी मेरो जिउ गलेर आयो । म बेहोस अवस्थामा भएँ, सोही मौका छोपी श्रीमती तुलसादेवी चन्दले कराईको भाँडोमा तातो तेल तताई ल्याई मेरो कम्मरदेखी तलको गुप्ताङ्गको भागमा एक्कासी खनाउदा म झसङ्ग भई खाटबाट भुइँमा लडेको थिएँ । पुनः निज श्रीमतीले तेल तताएको भाँडोले मेरो दायाँ आँखामाथिको भागमा प्रहार गरी मलाई घाइते बनाई उक्त कोठाको बाहिरबाट ढोकाको चुकुल लगाई आफू बाहिर गइन् भनी मौकामा

ब्यक्त गरेका छन् । सो कुरालाई प्रमाण ऐन, २०३१ को दफा १०(१) र ११ ले प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिने ।

पुनरावेदक प्रतिवादीले हृदयघातका कारण मृतकको मृत्यु भएको हुनसक्ने भन्ने शव परीक्षण प्रतिवेदनमा टेकी प्रतिवादीले जिकिर लिएको भए तापनि आफ्नो जिकिर पुष्ट्याई गर्ने गरी आफ्नो साक्षी लगायतका कुनै पनि सबुद प्रमाण पेस गर्न सकेको देखिएन । प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम प्रचलित कानूनबमोजिम सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाई पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार निज प्रतिवादीको हुन्छ भन्ने उल्लेख भएकोमा निज प्रतिवादीले त्यसरी सजायमा कमी वा छुट हुने कुराको मनासिब आधार प्रमाण पेस गरेको देखिएन । यस्तो अवस्थामा प्रतिवादीलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय हुने ठहर्‍याएको सुरू अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, तुलसीपुरको फैसला मिलेको नै देखियो । माथि उल्लिखित आधार कारणबाट प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी तुलसादेवी चन्दको हकमा अदालती बन्दोबस्तको १८८ नं. बमोजिम सुरू र पुनरावेदन अदालतले व्यक्त गरेको रायको सम्बन्धमा विचार गर्दा, पुनरावेदक प्रतिवादीको कर्तव्यबाट मृतक लोग्नेको मृत्यु भएकोमा प्रतिवादी र मृतक लोग्ने स्वास्नी नाताका व्यक्ति भई लामो समयसम्म शारीरिक र मानसिक यातनाको जटिल परिस्थितिमा घटना घटेको हुँदा र प्रतिवादीको पारिवारिक अवस्था, निजको उमेरसमेतलाई दृष्टिगत गर्दा ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सजाय गर्दा चर्को पर्नजाने तथा सात वर्ष मात्र कैद गर्दासमेत ऐनको उद्देश्य पुरा हुने देखिएकोले निज प्रतिवादी तुलसादेवी चन्दलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम सात वर्ष कैदको सजाय गर्न मनासिब देखिएको हुँदा पुनरावेदन अदालत, तुलसीपुरले व्यक्त गरेको रायसमेत मनासिब देखिन आउँदा प्रतिवादी तुलसादेवी चन्दलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. को कसुरमा सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई निजलाई अ.बं. १८८ नं. बमोजिम ७ वर्ष कैदको सजाय गर्ने गरी भएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७०।०७।०४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल फागुन ४ गते रोज ३ शुभम् ।

इजलास नं. ५

१

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०६९-CR-०४७८, ०९०६, कर्तव्य ज्यान, *संजिव भन्ने संजीभ गुरूङसमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. संजिव भन्ने संजीभ गुरूङ*

प्रतिवादीहरू राना भन्ने देव लामा र संजिभ गुरूङले मौकामा कागज गर्दा बरूण लामा र आशिष गुरूङले कुटपिट गरेपछि मृतक ढलेका, निजहरूले मृतकका साथीहरूलाई पनि कुटपिट गरेका र हारगुहार सुनेर मान्छेहरू आएका त्यसपछि मात्र आफूहरू वारदातस्थलबाट भागेको भनी उल्लेख गरेको र सो व्यहोरालाई अदालतको बयानमा समेत स्वीकार

गरेको देखिन्छ । यस अवस्थामा वारदात हुनुभन्दा २०/२५ मिनेट पहिले नै प्रतिवादी राना भन्ने देव लामा र संजिव गुरूङ हिँडिसकेका भन्ने राकेश महतो र अशोककुमार यादवको बकपत्र स्पष्ट झुट्ठा देखिन्छ । प्रतिवादी विरूद्धका मौकाका प्रमाणहरू स्वाभाविक प्रवाहमा छन् भने मौकाको कागज विरूद्धको बकपत्रमा पर्याप्त पश्चात विमर्श afterthought को प्रभाव छ। यस्तो प्रभाव पर्ने र सो कारणबाट विपरीत hostile बकपत्र हुने कुरालाई कानून र अदालतले भोगे र व्यहोरेकै हुन्। प्रस्तुत मुद्दामा पनि त्यस्तै भएको छ। ती बकपत्रहरूमा यी साक्षीहरूले प्रहरीमा भएको कागजमा सहीसम्म गरेको हो व्यहोरा भने प्रहरीले तयार गरेका थिए नसुनी सही गर्न भनेकोले सही गरेको भनी रहेको कथन ज्यादै कृत्रिम देखिन्छ। यो बकपत्र स्पष्ट रूपमा प्रतिवादीहरूलाई बचाउने हिसाबले सौदाबाजी भनौं वा प्रतिवादीहरूको डर त्रास भनौं वा जुनसुकै कारण भनौं प्रायोजित बकपत्र देखिन्छ । यस्ता बकपत्रहरू मुलुकी ऐन, अ.बं. १६९ नं र सरकारी मुद्दासम्बन्धी ऐन २०४९ को दफा २८(२)(क) द्वारा नियन्त्रित हुन्छन्। प्रमाण ऐन २०३१ को परिच्छेद ८ मा जिरह समेतको व्यवस्था गर्नुपर्ने कारण पनि यस्तै बकपत्रका लागि भएको हो। यस मुद्दामा अरू कुराको विचार नगरी साक्षीका बकपत्रलाई मात्र निर्णायक बनाउँदा न्याय सम्पादन गर्ने जिम्मा न्यायाधीशको नभई साक्षीहरूको जिम्मामा रहने दुष्परिणाम उत्पन्न हुन पुग्छ । यसै सन्दर्भमा मुलुकी ऐन, अ.बं. १८९ नं. फैसलाको नमुनामा *यस्तो व्यहोराले यस्तो भएकोमा यस्तो यस्तो फलानो फलानो प्रमाण भएको हुनाले यो यो रित प्रमाण र यो यो कानूनले यो ठहर्छ* भनी उल्लेख भएको महत्त्वपूर्ण छ। यिनै सब कारणहरूबाट साक्षीहरू अशोककुमार यादव, राकेश महतो एवम् जाहेरवाला लेखबहादुर रेग्मी मगरले झुट्ठा बकपत्र गरेको ठहर गरी निजहरूलाई मुलुकी ऐन, अबं १६९ नं. अनुसार जनही रू. १०००।- तजबिजी जरिवाना गरेको पुनरावेदन अदालत, पाटनको फैसला सो हदसम्म मिलेको देखिने।

यसै प्रसङ्गमा प्रतिवादीहरूबाट ने.का.प. २०६५ अंक ४ नि.नं ७९५३ समेतका केही नजिरहरू उल्लेख भएका देखिन्छ। सबुद प्रमाणको मूल्याङ्कनका आधारमा निर्णय गर्नुपर्ने विषयका सम्बन्धमा बनेका नजिरहरूले सम्बन्धित मिसिलको प्रमाणको रोहमा प्रतिपादन गर्ने सिद्धान्तहरूले सिर्फ एक मार्गदर्शकको कामबाहेक थप कुनै बाध्यात्मक स्वरूप लिन सक्दैनन् । शङ्काको सुविधा अभियुक्तले पाउँछ, निर्विवाद प्रमाणबाट कसुर प्रमाणित हुनुपर्छ, कसुर प्रमाणित गर्ने भार वादीमा रहन्छ, प्रमाण भनेको प्रत्यक्ष हुनुपर्छ, परिस्थितिजन्य प्रमाणका एकएक कडी मालाकार हुनुपर्छ, मौकाको बयान स्वतन्त्र प्रमाणहरूबाट समर्थित हुनुपर्छ, मौकाको कागज र अदालतको बकपत्रमा विरोधाभास हुनुहुँदैन जस्ता कुराहरू उल्लेख भई सिद्धान्त प्रतिपादन भएका फैसलाहरूको मुख्य आधार नै निर्णयकर्तालाई मागदर्शनसम्म गर्ने हो । कुनै पनि नजिरले फलानाको यो व्यहोराको कागज वा बकपत्र मान्य वा अमान्य हुने भनेर पछि पर्ने मुद्दामा असर पर्ने गरी मुद्दाको तथ्यगत कुराको छिनोफानो गर्ने गरी सिद्धान्त प्रतिपादन गरेका हुँदैनन्। प्रत्येक प्रमाण मूल्याङ्कनसम्बन्धी नजिरको जग भनेको मिसिल संलग्न प्रमाण हो जसको मूल्याङ्कनमा प्रशस्त फैलाव (wide margin) रहन्छ। मुद्दामा प्रमाण मूल्याङ्कन गर्ने न्यायकर्ताको विवेकलाई उल्लिखित वा कुनै पनि नजिरहरूले प्रतिस्थापन गरेका नपाइने।

नेपालको ज्यानसम्बन्धी कानूनले अरू मुलुकजस्तो मनसायपूर्ण ज्यान कसुर murder र

सो बाहेकको ज्यान कसुर culpable homicide/ manslaughter बिच कुनै वर्गीकरण गरेको पाइँदैन । मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १३ नं मा *यसै महलका अरू नम्बर बमोजिम ज्यानमाराको बात नलाग्ने अवस्थामा बाहेक कसैले अरूको ज्यान मर्ने गैह्र कुरा गर्दा उसै बखत वा ऐनका म्यादभित्र ज्यान मरेमा सो ज्यान मार्नेलाई* भनी उल्लेख भएको खास गरेर *ज्यान मर्ने गैह्र कुरा गर्दा* भन्ने वाक्यांशले ज्यान लिने मनसाय वा गम्भीर grievous कुटपिट गर्ने मनसायको क्रममा भएको मृत्यु murder र सो बाहेकका अरू मनसायरहित गैरकानूनी कुटपिट आदिबाट भएको मृत्यु culpable homicide/manslaughter दुवैलाई समेटेको देखिन्छ । पुनरावेदक प्रतिवादी मनिता राई भएको ०७०-CR-०३४६ को कर्तव्य ज्यान मुद्दामा मिति २०७१।५।११ मा भएको फैसलामा "नियतपूर्वक भएको हत्या वा साङ्घातिक कुटपिटलाई murder र ज्यान लिने वा साङ्घातिक कुटपिट गर्ने नियत भए पनि प्रतिवादीले आफ्नो नियन्त्रण गुमाएको loss of self-control कारणले वा diminished responsibility को अवस्था परेर वा suicide pact जस्ता mitigating factors रहेका कारणले voluntary manslaughter मा परिणत हुने वा ज्यान वा साङ्घातिक कुटपिट गर्ने नियत नरहेको involuntary manslaughter ज्यान वारदात हुने भन्ने बेलायत आदि देशमा रहेको कानूनी व्यवस्था वा संयुक्त राज्य अमेरिकाको कोडमा प्रथम first, द्वितीय second degree murder वा Section 1112 (a) Manslaughter is the unlawful killing of a human being without malice. It is of two kinds: Voluntary - Upon a sudden quarrel or heat of passion. Involuntary - In the commission of an unlawful act not amounting to a felony, or in the commission in an unlawful manner, or without due caution and circumspection, of a lawful act which might produce death. (b) Within the special maritime and territorial jurisdiction of the United States, Whoever is guilty of voluntary manslaughter, shall be fined under this title or imprisoned not more than 15 years, or both; Whoever is guilty of involuntary manslaughter, shall be fined under this title or imprisoned not more than 8 years, or both समेतको वा भारतमा जस्तो murder वा culpable homicide जस्तो वर्गीकरण रहेकोमा मुलुकी ऐन, १४ नं. मा आवेशप्रेरित हत्या, ऐ. को ५ र ६ नं. को accidental killing, ऐ. को १६ र १७ नं. को सजाय कम हुने अवस्थाका षडयन्त्र र मतियारसम्बन्धी व्यवस्था बाहेकका अरू कुरामा यहाँको न्याय व्यवस्थाले ती मुलुकहरूको फौजदारी विधिशास्त्र जस्तो वर्गीकरण गर्न सकेको देखिँदैन । उक्त ५, ६, १४, १६ र १७ नं. बाहेकका अरू अवस्थामा ज्यानसम्बन्धीको १३ नं (ले) ... मानिस मार्ने कार्य गर्न नहुने भनी निषेधात्मक दृष्टिकोण राखेको (देखिँदा) ... प्रतिपादित सिद्धान्तको परिधिभित्र रही सजाय गर्नुपर्ने र सजाय चर्को परेमा अ.बं. १८८ नं को प्रयोग गरी न्याय सम्पादन गर्नुपर्ने हुन्छ ।" भनी ज्यानसम्बन्धी नेपाल कानून र सजायबारे धारणा व्यक्त भएको पाइन्छ । त्यसैगरी *ने.का.प.* २०७१ अङ्क ९ मा प्रकाशित पुनरावेदक प्रतिवादी सीता भन्ने लालहीरा कामी भएको ज्यान मुद्दामा *मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. ...ले felony murder rule* र *constructive intent* अर्थात *Sometimes crimes may be satisfied by proof of the basic mens rea of a lesser offence than that charged –*

this is sometimes called 'constructive' crime भन्ने सिद्धान्तलाई स्वीकार गरेको कुरा स्मरण रहोस् भनी उल्लेख छ । ती नजिरसँग यो इजलास सहमत भएको हुँदा प्रस्तुत वारदातलाई उक्त १३ नं. मा रहेको murder र culpable homicide/manslaughter मध्ये कुन चाहिंले समेटेको भनी हेर्दा ज्यानसम्बन्धीको महलको भवितव्यको कसुरतर्फ प्रतिवादीहरूको कुनै जिकिर देखिँदैन । कुटपिट गर्ने नै नियतबाट भएको वारदातको परिणामस्वरूप मृतकको मृत्यु भएको यसमा भवितव्य कसुर आकर्षित हुन नसक्ने कुरा निश्चित सिद्धान्तको रूपमा प्रतिपादन भइसकेको पाइन्छ । ज्यानसम्बन्धीको महलको १४ नं आकर्षित नहुने कुरा पनि माथि उल्लेख भएकै छ । तर प्रतिवादीहरूले मृतकको ज्यान लिने पूर्वमनसाय राखी प्रस्तुत वारदात घटाएको भन्न मिल्दैन । जाँड रक्सीको सुरमा आँखा हेराहेर भई आफ्नो समूहको श्रेष्ठता कायम राख्नु पर्ने अहम्को तुष्टिको लागि रक्सीको सुरमा यो वारदात घट्न गएको छ । मृतकहरूलाई घातक कुटपिट गर्ने वा मृतकको ज्यान लिने मनसायसाथ नै वारदात भएको हो कि होइन भन्ने कुराको निरूपणमा दुविधा उत्पन्न भएको छ । तर प्रतिवादीहरू समेतले मृतकलाई कुटपिट गरेका र सोको परिणामस्वरूप मृतकको मृत्यु भएको कुरा मान्न कुनै दुविधा छैन । प्रतिवादीहरूको यो कार्य भनेको बेलायतको कानूनले मानेको manslaughter र भारतको कानूनले मानेको culpable homicide को कसुर देखिन्छ । यसमा अदालतसँग कसुरको मात्राअनुसार प्रतिवादीलाई जन्मकैदसम्म गर्नसक्ने तजबिज हुन्छ । यो तजबीजको प्रयोग अ.बं. १८८ नं. र सो सन्दर्भमा भएका व्याख्याहरूको आधारमा गर्नुपर्ने ।

सुरू जिल्ला अदालतले प्रतिवादी राना भन्ने देव लामा र संजीव भन्ने संजिभ गुरूङलाई मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १७(२) नं बमोजिम जनही ५ वर्ष कैद गरेको फैसला उल्टी गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम जनही दश वर्ष कैद गरेको पुनरावेदन अदालत पाटनको मिति २०६९।६।२ को फैसला मिलेको नदेखिँदा उल्टी भई अभियोग दाबीअनुरूप नै मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १३(३) नं बमोजिम प्रतिवादी राना भन्ने देव लामा र संजीभ गुरूङलाई जन्मकैद हुने र मुलुकी ऐन, अ.बं. १८८ नं बमोजिम ८ (आठ) वर्ष कैदको राय लगाउने ठहर्छ । अभियोग दाबीबाट सफाइपाउँ भन्ने पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

आजभोलि बिना कुनै कारण वादी नेपाल सरकारले वतनको र जिल्ला अदालतले जिल्ला अदालत नियमावली, २०५२ को नियम १९क लाई निहुँ बनाई कसुरदार प्रतिवादीहरूको हकमा पछि मुद्दा चलाउने वा फैसला हुने भनी उल्लेख गर्ने गरेको पाइन्छ । तर पछिबाट ती कसुरदार विरूद्ध अभियोगपत्र दायर वा फैसला हुने कुनै काम कुरा नहुँदा कसुरदारले व्यापकरूपमा कसुरबाट उन्मुक्ति पाएको देखिन्छ । ती सब कुरामा पुनरावेदन परेको पनि पाइँदैन । वतन स्पष्ट नभएको वा फरार भएको प्रतिवादीउपर अभियोगपत्र दायर हुन कुनै कानूनी बाधा देखिँदैन । मुलुकी ऐन, अ.बं ११२ नं कागजको खोस्टो होइन । अ.बं. ११० नं ले नसमेटेका प्रतिवादीहरूकै लागि अ.बं. ११२ नं बनेको हो । त्यसमाथि जिल्ला अदालत नियमावली, २०५२ को नियम २२क अनुसार उल्लिखित मोबाइल नम्बरमा वा राष्ट्रिय दैनिक पत्रिकामा पनि म्याद सूचना प्रकाशित गर्ने भन्ने कानून पनि रहेभएकै छ । इमानदार प्रयासका बाबजुद प्रतिवादीको अत्तोपत्तो नलागेको अवस्थाको लागि जिल्ला अदालत नियमावली २०५२ को नियम १९क को निर्माण भएको कुराको हेक्का रहनु आवश्यक छ । अभियोजनकर्ताले प्रतिवादीको

बाबु बाजेको नाम थर र प्रतिवादीहरूको वतन खुली आएमा अभियोगपत्र दायर हुने भन्ने कुरा उल्लेख गरी अभियोगपत्र दायर गर्ने गरी कामकारवाही गर्न पाउने कुराको कानूनी वा नजिरगत आधार देखिँदैन। कानूनी निकायले कानूनले तोकेको कुरा बाहेक आफूखुसी जथाभावी गर्दा दण्डहीनता र स्वेच्छाचारिता मौलाउने कुराको हेक्का रहनु आवश्यक भएकोले यो फैसलाको जानकारी यस अदालतको अनुगमन शाखालाई र नेपाल सरकारको महान्यायाधिवक्ता र प्रहरी प्रधान कार्यालयसमेतलाई उपलब्ध गराउने।

इजलास अधिकृतः इन्द्रकुमार खड्का

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल पुस १३ गते रोज २ शुभम्।

२

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०६९-CR-०३६२, जबरजस्ती करणी, *लालबहादुर परियार वि. नेपाल सरकार*

आफूले जन्माएको, हुर्काएको र वर्षौं वर्ष एउटै घर आँगनमा बस्दै आएको दिनका दिन देखादेख बोलचाल हुने छोरी चिन्न सकिन भन्ने प्रतिवादीको जिकिर कसरी पत्याउने ? एउटै खाटमा श्रीमती र पाको उमेरकी छोरीसमेत सुतेको कुरा प्रतिवादीलाई थाहा छ। यस्तो अवस्थामा छोरीको अगाडि श्रीमतीलाई करणी गर्न चाहेको भन्ने प्रतिवादीको जिकिर आफैंमा एउटा यौन दुर्व्यवहार हो। जुन सतर्कताको अपेक्षा गरिन्छ प्रतिवादीबाट त्यो पूरा भएको छैन। प्रतिवादी बिलकुल reckless छन्। छोरी स्वास्नी जो भए पनि करणी गर्छु भन्ने प्रतिवादीको मनसाय स्पष्ट प्रमाणित छ। करणीको लागि यति कुरा पर्याप्त हुने।

प्रतिवादी विरूद्धको अभियोग दाबी निर्विवाद र शङ्कारहित तवरबाट पुष्टि भएको मान्नुपर्छ। अतः प्रतिवादीले अभियोग दाबी बमोजिमको कसुर गरेको देखिँदा निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम ५ वर्ष कैद र हाडनाता करणीको महलको १ नं बमोजिम थप १०(दश) वर्ष कैद गरी पीडितालाई क्षतिपूर्तिबापत रू. २५,०००।– (पच्चिस हजार) भराई दिने ठहराएको झापा सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६८।११।३० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। करणी गर्ने नियत नहुँदा मलाई सजाय गरेको सुरू र पुनरावेदन अदालतको फैसला उल्टी गरी सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल माघ ६ गते रोज ४ शुभम्।

३

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०६९-CR-१०५९, ०७२-RC-००३२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अस्मिता जिआर (गहतराज), नेपाल सरकार वि. विनोद वि.क. (चितौरे)*

प्रतिवादी अस्मिताको मौकाको बयान भन्दा निजको अदालतको बयानमा आमाको हत्या थाहा पाएको सम्बन्धमा थोरै कुरा फरक परे पनि मूलतः प्रतिवादी अस्मिता प्रतिवादी विनोदसँग भागी बिहे गर्ने पक्षमा नरहेकी, प्रतिवादी विनोदको जिद्दीले गर्दा निजका साथमा जान तयार भएकी, आमालाई भेट्छु भन्दा आमा काम विशेषले अरूणखोला जानुभएको छ अहिले भागौं पछि फोनमा कुरा गरौं भनी प्रतिवादी

विनोद विकले लगेका र पोखरामा बिहे गरेपछि मात्र आमालाई मारेर लोबेडमा लास लुकाएको जानकारी दिएको भनी अभियोग दाबीको कसुर गरेकोमा इन्कार भई यी प्रतिवादी अस्मिताले मौकामा गरेको बयानलाई अविश्वास गरी वादी लेखकै भरमा अनुमान र अन्दाजलाई निर्णायक आधार बनाई निजलाई अभियोग दाबीबमोजिम यी प्रतिवादीलाई सजाय गर्नु प्रमाण ऐन, २०३१ को दफा ९, २५ र ५४, मुलुकी ऐन, अ.बं. १८४क तथा १८५ नं समेतको विपरीत हुनेछ। ठोस र शङ्कारहित तवरबाट प्रतिवादीको कसुर प्रमाणित हुनुपर्छ नभए शङ्काको सुविधा प्रतिवादीले पाउँछ भन्ने फौजदारी न्यायका मान्य सिद्धान्तलाई यो अदालतले अवज्ञा गर्न नसक्ने।

मृतकको हत्यामा प्रतिवादी अस्मिता जिआर संलग्न भएकी वा उक्त वारदातमा निज प्रत्यक्ष वा अप्रत्यक्ष (by omission) कुनै पनि तवरबाट मत सल्लाहमा पसेको कुरा प्रमाणित हुन सकेको छैन। प्रतिवादी विनोदको जोरजुलुमले गर्दा घटनाको बारेमा धेरैपछि निजले थाहा पाएको स्थितिमा निजले घटनाको बारेमा कोही कसैलाई नभनेको भनी निजउपर दोषारोपण गर्नु न्यायोचित हुँदैन । अतः प्रतिवादी अस्मिता जिआरले अभियोग दाबीबाट सफाइ पाउने ठहराएको पुनरावेदन अदालत, बुटवलको मिति २०६९।५।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी विनोद विक विरूद्धको अभियोग दाबी पुग्ने ठहराई निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं बमोजिम सर्वस्वसहित जन्मकैद गरेको सुरू नवलपरासी जिल्ला अदालतको फैसलालाई सदर गरी पुनरावेदन अदालत, बुटवलबाट भएको फैसलाउपर प्रतिवादी विनोद वि.क. ले पुनरावेदन नगरी चित्त बुझाई बसेको देखिन्छ। सो फैसला साधकको रोहबाट पेस हुन आएको अवस्था छ। प्रतिवादी विनोद वि.क. कसुर गरेकोमा मौकामा तथा अदालतमा साबित रहेको कुरा माथि उल्लेख भइसकेकै छ । उक्त साबिती मृतकको शव परीक्षण प्रतिवेदनसमेतबाट समर्थित छ । मिसिल प्रमाणसँग स्वभाविकरूपमा आबद्ध रहेको प्रतिवादी विनोद विकको अदालतको साबिती बयानबाट निजले मृतक शान्ता सुनारको हत्या गरेको भन्ने अभियोग दाबी ठोस र निर्विवाद प्रमाणबाट पुष्टि भएको देखिन्छ। आफ्नै दिदी मृतक शान्ता सुनारको हत्या निजले बडो वीभत्स तरिकाले गरेको अवस्था छ। आफ्नै भान्जीसँग यौन सम्पर्क गर्ने यी प्रतिवादी विरूद्ध मृतकको आक्रोश अभिभावकजन्य आक्रोश देखिन्छ । त्यसलाई सहज रूपमा स्वीकार गरेर आफूलाई सुधार गर्नुपर्नेमा सो नगरी निजको तत्कालको रीसको अवस्थाको २।४ घण्टापछि मृतक एक्लै रहेको अवस्थामा मृतकको हत्या गर्ने नियतले बासुला ल्याई सो बासुलाले टाउकोमा हिर्काई मृतकको नृशंस हत्या गर्ने प्रतिवादी विनोद वि.क. दया र सहानुभूतिका पात्र देखिन्नन्। निजलाई सजाय घटाउँदा समाजमा राम्रो सन्देश जाँदैन। यस्तो मनसायजन्य हत्या murder मा भारत र बेलायतमा समेत निश्चित सजाय जन्मकैद हुन्छ। Manslaughter/ culpable homicide मा मात्र तजबिजको प्रयोग गरी बढीमा जन्मकैद र घटीमा जति पनि कैद हुने अवस्था रहन्छ । हत्या murder को कसुरमा राय लगाउनु फौजदारी न्यायको मान्य सिद्धान्तविपरीत हुने।

प्रतिवादी विनोद वि.क. विरूद्धको अभियोग दाबी पुग्ने ठहर्‍याई निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गरेको सुरू नवलपरासी जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन

अदालत, बुटवलको मिति २०६९।५।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्द्रकुमार खड्का

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल पुस १३ गते रोज २ शुभम्।

४

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०६७-CR-१२००, सवारी ज्यान, *नेपाल सरकार वि. लेखनाथ भन्ने कृष्ण पुरी*

मोटरसाइकल चालक प्रतिवादी नारायण श्रेष्ठले चलाएको मोटरसाइकल दुर्घटना हुँदा लिला श्रेष्ठ गम्भीर घाइते भई उपचार भएको कुरा प्रतिवादीले बयानमा स्वीकार गरेको देखिन्छ । घाइते लिला श्रेष्ठलेसमेत दुर्घटनामा परी मेरो बायाँ खुट्टा भाँच्चिएको हो भनी अदालतमा आई बकपत्र गरेको देखिन्छ । प्रतिवादी नारायण श्रेष्ठले चलाएको मोटरसाइकल दुर्घटना हुँदा लिला श्रेष्ठ गम्भीर घाइते भई बायाँ खुट्टा भाँच्चिई अङ्गभङ्ग भएको देखिन आयो । यसमा दुर्घटना हुँदा अङ्गभङ्ग भएमा हुने सजायको सम्बन्धमा ऐजन ऐनको दफा १६२ (१) मा कसैले कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई सवारीमा रहेको वा सवारीबाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिसको त्यस्तो दुर्घटनाको कारणबाट अङ्गभङ्ग भएमा त्यस्तो कार्य बदनियतसाथ गरेको भए अन्धो वा नपुंसकमध्ये जुनसुकै कुरा भए पनि त्यसरी सवारी चलाउने व्यक्तिलाई आठ वर्षसम्म कैद र दश हजार रूपैयाँसम्म जरिवाना हुनेछ । सो दुई खतबाहेक अन्य कुनै अङ्ग बेकम्मा भएमा आठ वर्षसम्म कैद र पाँच हजार रूपैयाँसम्म जरिवाना र एउटै किसिमको काम लिने एउटाभन्दा बढी अङ्ग हुनेमा सो मध्ये एउटा अङ्ग मात्र बेकम्मा भएमा माथि लेखिएको सजायको आधा सजाय हुनेछ । सो खत निको भई काम लाग्ने भएमा त्यस्तो सवारी चलाउने व्यक्तिलाई पाँचहजार रूपैयाँ जरिवाना हुनेछ भन्ने उल्लेख छ । निज प्रतिवादीले चलाएको मोटरसाइकल दुर्घटनाबाट घाइते लिला श्रेष्ठको खुट्टा भाच्चिन गएको र उपचार भई घाइतेको खुट्टा निको भई काम लाग्ने भएको भन्ने देखिँदा निजले उल्लिखित कसुर गरेको देखिएकोमा निजलाई सो उपदफाबमोजिम पाँचहजार रूपैयाँ जरिवाना हुने नै देखिन आउने।

प्रतिवादी लेखनाथ भन्ने कृष्ण पुरीको हकको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा ऐजन ऐनको १६२(३) मा कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिसको अङ्गभङ्ग भएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई दुईहजार रुपैयाँ जरिवाना हुनेछ भन्ने उल्लेख भएकोमा लेखनाथ भन्ने कृष्ण पुरीको नाममा मोटरसाइकल नभएको र निजको नाममा नै नभएको मोटरसाइकल चलाउन दिएको भन्ने मान्न मिल्ने नदेखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्ने नदेखिने।

प्रतिवादी नारायण श्रेष्ठले सवारी चालक अनुमतिपत्र नलिई क्षमताभन्दा बढी व्यक्तिहरू चढाई लापरवाहीपूर्वक सवारी चलाई डम्बरसिंह गुरूङको मृत्यु भएको देखिन आएकोले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) को कसुर गरेको देखिँदा ऐजनको दफा १६१(२) बमोजिम सजाय हुने देखिएकोले पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।७।२४ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी नारायण श्रेष्ठलाई ऐजन ऐनको दफा १६१(२) बमोजिम २ (दुई) वर्ष कैद सजाय र सवारी चालक अनुमतिपत्र

नभएको देखिँदा ऐजनको दफा १६१(४) बमोजिम थप सजाय रू. २०००। (दुई हजार) जरिवानासमेत हुने ठहर्छ । अङ्गभङ्गतर्फ निज प्रतिवादीलाई ऐजन ऐनको दफा १६२(१) अनुसार थप रू. ५०००।- पाँच हजार) जरिवाना गर्ने गरी र वारदातमा प्रयोग भएको मोटरसाइकल यी प्रतिवादी लेखनाथ भन्ने कृष्ण पुरीको नाउँ दर्ता स्वामित्वमा भएको नदेखिँदा र निजले चलाउन दिएको भन्ने समेत पुष्टि नहुँदा निजलाई सफाइ दिने गरी भएको मोरङ जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।७।२४ को फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल माघ ४ गते रोज २ शुभम् ।

५

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०६७-CR-१०९६, जबरजस्ती चोरी, *नेपाल सरकार वि. लालबहादुर कार्की*

घटनास्थल मुचुल्का जाहेरी दरखास्त खानतलासी मुचुल्का तथा निज प्रतिवादीको बयानसमेतबाट प्रतिवादीले जाहेरवालाहरूमध्ये स्थानेश्वर रानाभाटको साथमा भएको रहेको सामान जबरजस्ती चोरी गरेको र विष्णुको साथमा केही नभएकोबाट चोरी नभएको भन्ने देखिन्छ । प्रतिवादी लालबहादुर कार्कीले जाहेरवाला विष्णुबहादुर रानाभाटको रू. ८७,६२३।- को धनमाल जबरजस्ती चोरी गरेको ठहरी फैसला भएको देखिन्छ । यसमा जिल्ला अदालतबाट फैसला हुँदा जाहेरवालामध्येकै विष्णुबहादुर रानाभाटको नगद र जिन्सी चोरी नै नभएको अवस्थामा निजको बिगो कायम गरी प्रतिवादीबाट बिगो भराई बिगोबमोजिम जरिवाना गरी जरिवानाबापत कैद गर्ने गरेकोमा अवस्था देखिन आयो। यसमा वादी नेपाल सरकारले जाहेरवाला स्थानेश्वरको हकमा पुनरावेदन जिकिर नलिएको अवस्थामा बिगो र जरिवाना कायम गरी प्रतिवादीलाई सजाय गर्न मिल्ने नहुँदा पुनरावेदन अदालतको फैसला मनासिब नै देखिन्छ । यसमा सुरू फैसलाउपर वादीको पुनरावेदन नपरेको अवस्थामा प्रतिवादीको पुनरावेदनमा जिकिर नै नलिएको कुरालाई विवाद उठाई प्रतिवादीबाट बिगो भराई बिगोबमोजिम जरिवाना गरी जरिवानाबापत कैद गर्ने गरेको हदसम्मको फैसला उल्टी गरेको पुनरावेदन अदालतको फैसला सो हदसम्म नमिलेको भन्ने वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा प्रतिवादी लालबहादुर कार्कीले जाहेरवाला विष्णुबहादुर रानाभाटको रू. ८७,६२३।- को धनमाल जबरजस्ती चोरी गरेको ठहरी फैसला भएकोमा जिल्ला अदालतबाट फैसला हुँदा जाहेरवालामध्येकै विष्णुबहादुर रानाभाटको नगद र जिन्सी चोरी नै नभएको अवस्थामा निजको बिगो कायम गरी प्रतिवादीबाट बिगो भराई बिगोबमोजिम जरिवाना गरी जरिवाना बापत कैद गर्ने गरेको अवस्था देखिन आएकोले सो हदसम्म नमिलेको देखिएबाट निजलाई १$^{१}/_{२}$ डेढ महिना कैद गर्ने गरेको हदसम्मको सुरू कास्की जिल्ला अदालतको मिति २०६६।१०।१४।५ को फैसला सो हदसम्म मनासिबै ठहर्याई बिगो र जरिवानाको हकमा दाबीको बिगो रू. ८७,६२३। जाहेरवालामध्येका स्थानेश्वर रानाभाटको देखिएकोमा निजको चोरी भएको नठहर्याएउपर वादी नेपाल सरकारको पुनरावेदन नपरेको तर जाहेरवालामध्येकै विष्णुबहादुर रानाभाटको नगद र जिन्सी चोरी नै नभएको अवस्थामा निजको बिगो कायम गरी प्रतिवादीबाट बिगो भराई बिगोबमोजिम जरिवाना गरी जरिवानाबापत कैद गर्ने गरेको हदसम्मको फैसला सो हदसम्म नमिलेकोले उल्टी हुने ठहर्याएको पुनरावेदन अदालत, पोखराको

मिति २०६७।१०।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल माघ ४ गते रोज २ शुभम् ।

इजलास नं. ८

१

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७२-RC-०००१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. धनबहादुर याक्सो लिम्बू*

प्रतिवादी धनबहादुर याक्सोले आफ्नो श्रीमती र मृतक विष्णुकुमार याक्सो भिरकुना जङ्गलमा गफ गरी बसिरहेको देखी मृतक र श्रीमतीबिच सहवास भएको शङ्का लागी सम्झाउन लाग्दा निज मृतकले छुरी झिकी प्रहार गरेपछि मैले बाम्फोकले मृतकलाई प्रहार गरी मारेको हुँ भनी प्रतिवादीले मृतकलाई प्रहार गरी मारेको कुरालाई अनुसन्धानका अवस्थामा कागज गरी अदालतमा आई बकपत्रसमेत गरी आरोपित कसुरमा पूर्ण साबिती रहेको देखियो । शव परीक्षण प्रतिवेदनले मृतक विष्णुकुमार लिम्बूको मृत्युको कारण Shock due to excessive bleeding from many cut injuries भन्ने उल्लेख भएको, धारिलो हतियारले काटिएका चोटहरू रहेको निज मृतकको घटना विवरण एवम् लास प्रकृति मुचुल्कासमेतले प्रतिवादीको साबिती बयानलाई समर्थन गरिरहेको देखिँदा निज प्रतिवादी धनबहादुर याक्सोले मृतक विष्णुकुमार याक्सोलाई बाम्फोकले प्रहार गरेको र सोही प्रहारबाट निज विष्णुकुमार याक्सोको मृत्यु भएको पुष्टि हुन आएकोले सुरू ताप्लेजुङ जिल्ला अदालतले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम निज प्रतिवादी धनबहादुर याक्सो लिम्बूलाई सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको फैसला साधकको रोहमा पुनरावेदन अदालत, इलामले साधक सदर गरेको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

ताप्लेजुङ जिल्ला अदालतले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) बमोजिम सर्वस्वसहित जन्मकैद ठहर्‍याएको फैसला पुनरावेदन अदालत, इलामबाट मिति २०७०।९।२९ मा साधक सदर भइ निज प्रतिवादी धनबहादुर याक्सो लिम्बूलाई सर्वस्वसहित जन्मकैद सजाय भएको प्रस्तुत मुद्दामा प्रतिवादीको मृतकलाई मार्नेसम्मको पूर्व रिसइवी मनसाय नभएको तथा योजनाबद्ध तरिकाले मृतकलाई मारेकोसमेत नदेखिएको, निज प्रतिवादीले आफ्नो पत्नीसँग सहवास गरेको भन्ने शङ्का लागेको कारणले तत्काल रिस उठी बाम्फोक प्रहार गरी मारेको कुरामा अनुसन्धान अधिकारी तथा सुरू अदालतमा समेत साबित रही बयान गरेको र अपराध गरेपछि नभागीकन गा.वि.स. अध्यक्षकोमा गई आफ्नो अपराध कबोल गरी न्यायिक प्रक्रियालाई सहयोग पुर्‍याएको अवस्थासमेतलाई विचार गर्दा निज प्रतिवादी धनबहादुर याक्सो लिम्बूलाई ऐनबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा निजलाई वर्ष १५ (पन्ध्र) मात्र कैद गर्दा पनि न्यायको उद्देश्य पूरा हुने देखिँदा पुनरावेदन अदालत, इलामको फैसला सदर भए पनि अ.बं. १८८ नं. बमोजिम प्रतिवादी धनबहादुर याक्सो लिम्बूलाई वर्ष १५ (पन्ध्र) कैद सजाय हुने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७२ साल माघ १५ गते रोज ६ शुभम् ।

२

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०६९-CR-०७५०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. इमबहादुर खड्का पाल्पाली*

प्रस्तुत मुद्दाको घटना स्थल मुचुल्का, लाश जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, किटानी जाहेरी, प्रतिवादीहरूको अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान तथा घटना विवरण कागज, साक्षी प्रमाण समेतबाट मिति २०६६।६।१२ गते प्रस्तुत वारदातमा प्रतिवादीहरू एक आपसमा लडाइँ झगडा गरिरहेको अवस्थामा झगडा छुट्ट्याउने उद्देश्यले गएका मृतक दुर्गाबहादुर पुरीउपर प्रतिवादीहरूलाई तत्काल रिस उठी निजहरूले मृतक घाइते दुर्गाबहादुर पुरीलाई कुटपिट गरी सो कुटपिटको चोटको कारण घाइतेको उपचारको क्रममा १३ दिनपछि मिति २०६६।६।२५ मा मृत्यु भएको मिसिल संलग्न प्रमाण कागजहरूबाट समेत पुष्टि भइरहेको अवस्थामा निज प्रतिवादीहरू अदालतमा इन्कार रहे तापनि उक्त वारदातमा निज प्रतिवादीहरूको संलग्नता देखिँदा प्रतिवादी चक्रबहादुर खड्का र इमबहादुर खड्काउपरको अभियोग दाबीलाई अन्यथा भन्न नमिल्ने ।

प्रतिवादी इमबहादुर खड्काको हकमा विचार गर्दा, प्रतिवादीहरू चक्रबहादुर खड्का र इमबहादुर खड्का एकआपसमा लडाइँ झगडा गरिरहेको ठाउँमा मृतक झगडा छुट्टाउने उद्देश्यले सो ठाउँमा पुग्दा निज प्रतिवादीहरूलाई तत्काल रिस उठी चक्रबहादुरले मृतक दुर्गाबहादुर गिरीको आँखामा एक मुक्का प्रहार गरेको र इमबहादुर खड्काले पनि लात मुक्का प्रहार गरेको भन्ने अभियोग दाबी रहे तापनि मृतक दुर्गाबहादुर गिरीलाई कुटपिट गरी मारेको आरोपमा प्रतिवादी इमबहादुर खड्का अनुसन्धानको क्रमदेखि नै पूर्णरूपमा इन्कार रहेको देखियो साथै प्रस्तुत वारदातमा संलग्न सहअभियुक्त चक्रबहादुर खड्काले निज प्रतिवादी इमबहादुर खड्कालाई पोल गर्न सकेको देखिएन भने मृतकलाई कोखामा लात्तीले हानेको भन्ने भनाई मिसिल संलग्न कागजहरूबाट देखिए तापनि मृतक दुर्गाबहादुर गिरीको मृत्युको कारण "cause of death is suggestion of head injury" भन्ने शव परीक्षण प्रतिवेदनबाट मृतकको मृत्युको कारण टाउकाको चोट हो भन्ने देखिएका र प्रतिवादी इमबहादुर खड्काले टाउकोमा प्रहार नै नगरेको अवस्थामा निजले प्रहार गरेको चोटको कारणबाट मृतकको मृत्यु भएको मान्न नसकिने हुँदा प्रतिवादी इमबहादुर खड्काले मृतकलाई कोखामा लात मुक्का प्रहार गरेको भन्ने अभियोग दाबी रहे तापनि मृतकको मृत्यु टाउकाको चोटको कारणबाट भएको देखिँदा निज प्रतिवादी इमबहादुर खड्कालाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको ६(४) बमोजिम ९ (नौ) महिना कैद र रू. ५००।– जरिवाना ठहर गरेको सुरू रामेछाप जिल्ला अदालतको फैसला पुनरावेदन अदालत, जनकपुरले मिति २०६८।६।४ मा सदर ठहर्‍याएको फैसला मिलेकै देखिँदा अन्यथा भन्न मिलेन सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल असोज १३ गते रोज ४ शुभम् ।

एकल इजलास

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ, ०७२-WH-००३८, बन्दीप्रत्यक्षीकरण, *वेगबहादुर तामाङ वि. जिल्ला कारागार कार्यालय, धादिङसमेत*

काठमाडौं जिल्ला अदालतबाट निजका नाममा जारी भई तामेल भएको मिसिल संलग्न रहेको

पुनरावेदन म्यादको प्रतिलिपि हेर्दा, उक्त म्याद धादिङ जिल्ला, दार्खा गा.वि.स. वडा नं. ८ को वतनमा जारी भई तामेल भएको देखियो । सो वतन निजको स्थायी वतन रहेको कुरामा कुनै विवाद रहेको देखिँदैन । उक्त म्यादको तामेली व्यहोरा हेर्दा, सोही वडा नं. ८ का सम्सेरबहादुर घलेसमेत साक्षी बसी गा.वि.स.का सचिव तेजसिंह गुरूङको रोहवरमा निजको घर दैलामा टाँस तामेल भएको देखिँदा सो म्यादलाई बेरितपूर्वक तामेल भएको भनी मान्न मिलेन । यसका अतिरिक्त काबुबहिरको परिस्थिति परी अदालतबाट तोकी पाएको तारेख गुज्रन गएको भए पनि आफू प्रतिवादी भई चलेको मुद्दा के कुन अवस्थामा छ भनी खोजी खबर गरी जानकारी लिने दायित्व प्रतिवादीको हुने कुरामा समेत विवाद हुन सक्दैन । यसप्रकार प्रतिवादीले चुनौती गरेको पुनरावेदनको म्याद रितपूर्वक तामेल भएको देखिएको तथा वादी पक्षको पुनरावेदन परी जिल्ला अदालतबाट भएको फैसला पुनरावेदन अदालतसमेतबाट सदर हुने ठहरी फैसला भई अन्तिम भएर बसेको फैसलाबमोजिम असुल हुन बाँकी कैद जरिवानाबापत पक्राउ गरी निवेदकलाई कैदमा राखिएको कार्य कानूनसम्मत रहेको देखिँदा २०६० सालको फैसलाको जानकारी पाउन नसकी पुनरावेदन गर्ने हकबाट बञ्चित हुनु परेको भनी हाल आएर रिट निवेदकले लिएको दाबी र निजतर्फका विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने हुँदा रिट निवेदक आफूउपर चलेको ठगी मुद्दामा धरौटीमा छुटेकोमा तारेखसमेत गुजारी बसेको अवस्था भई इन्साफको रोहमा कसुरदार ठहर भई सजाय तोकिएको देखिएको, पुनरावेदनको म्याद रितपूर्वक नै तामेल हुँदासमेत पुनरावेदन नगरी बसेको तथा वादी पक्षको पुनरावेदन परेकोमा सुरू फैसला सदर हुने ठहरी अन्तिम भएर बसेको हुँदा फैसलाबमोजिम लागेको दण्ड सजाय असुल तहसिलको क्रममा निवेदकलाई पक्राउ गरी कैदमा राखिएको कार्यलाई गैरकानूनी भन्न मिलेन । अतः निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरण समेतको आदेश जारी गर्नुपर्ने अवस्था प्रथम दृष्टिबाट नै देखिन नआएकोले विपक्षीहरूबाट लिखित जवाफ माग गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल माघ १० गते रोज १ शुभम् ।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"

- सर्वोच्च अदालत, मेलमिलाप समिति

अदालत गतिविधि

डडेल्धुरामा कानूनी नेपाली भाषाको भाषिक प्रशिक्षण सम्पन्न

२०७३ जेठ २७, २८ र २९ गते डडेल्धुरामा कानूनी नेपाली भाषाको भाषिक प्रशिक्षण कार्यक्रम सर्वोच्च अदालत प्रकाशन, सञ्चार तथा सम्पादन समितिको आयोजनामा सम्पन्न भएको थियो।

कार्यक्रमका प्रमुख अतिथि पुनरावेदन अदालत, दिपायलका माननीय का.मु. मुख्य न्यायाधीश श्री टिकाबहादुर हमालज्यूबाट पानसमा द्वीप प्रज्वलन गरी उक्त प्रशिक्षण कार्यक्रमको उद्घाटन गरी शुभारम्भ गर्नुभएको थियो।

सो भाषिक प्रशिक्षण कार्यक्रमको उद्घाटन सत्रका क्रममा पुनरावेदन अदालत, दिपायलका माननीय का.मु. मुख्य न्यायाधीश श्री टिकाबहादुर हमाल, माननीय न्यायाधीश श्री चित्रदेव जोशो, डडेल्धुरा जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री देवकुमार गिरी, डोटी जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री नरनारायण पौडेल, पुनरावेदन अदालत, दिपायलका रजिस्ट्रार श्री रामानन्दप्रसाद अधिकारीको उपस्थिति रहेको थियो । त्यसैगरी डडेल्धुरा जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी श्री उदयबहादुर सिंह ठकुरी, जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक श्री विपीन कर्माचार्य, जिल्ला सरकारी वकिल कार्यालयका जिल्ला न्यायाधिवक्ता श्री बद्रीप्रसाद नेपाललगायत डडेल्धुरा जिल्लाका पत्रकार महासंघका अध्यक्ष श्री छत्र साउदलगायत नागरिक समाजका व्यक्तिहरू समेतको उपस्थिति रहेको थियो भने पुनरावेदन अदालत,

पानसमा द्विप प्रज्वलन गरी भाषिक प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्नुहुँदै पुनरावेदन अदालत, दिपायलका माननीय कायम मुकायक न्यायाधीश श्री टिकाबहादुर हमालज्यू

दिपायल, जिल्ला अदालतहरू बझाङ, बाजुरा, डोटी, अछाम, बैतडी, डडेल्धुरा तथा दार्चुला जिल्लाबाट फैसला लेखन कार्यमा प्रत्यक्ष अप्रत्यक्षरूपमा संलग्न अधिकृत तथा सहायक कर्मचारीहरू जम्मा ३५ जनाको संलग्नता रहेको थियो ।

प्रशिक्षण कार्यक्रमका प्रमुख अतिथि पुनरावेदन अदालत, दिपायलका माननीय का.मु. मुख्य न्यायाधीश श्री टिकाबहादुर हमालज्यूले अदालतमा भाषिक परम्परालाई आत्मसाथ गर्दै आएकोमा यस्तो कानूनी नेपाली भाषाको आवश्यकता विगत धेरै वर्ष पहिलेदेखि नै महसुस गरिएको थियो । जे होस् ढिलै भएपनि राज्यका अन्य निकायभन्दा न्यायपालिकाले अग्रसरता देखाई कानूनी नेपाली भाषाको भाषिक प्रशिक्षणमा जोड दिनु राम्रो र सकारात्मक पक्ष मान्न सकिन्छ । अदालतमा प्रयोग हुने भाषा कानूनी नेपाली भाषाले छुट्टै महत्त्व राख्दछ । हुनत सबै निकायमा भाषाको ज्ञानले उत्तिकै महत्त्व राख्दछ । तर पनि न्यायिक क्षेत्रमा भाषिक शुद्धतासम्बन्धी प्रशिक्षणको व्यवस्था हुनु धेरै गौरवको विषय मानिन्छ भन्नुहुँदै यस स्थानलाई आयोजकले तालिम स्थलका रूपमा चयन गरी यस क्षेत्रमा कार्यरत जनशक्तिलाई तालिम दिन लागेकोमा आयोजकलाई हार्दिक धन्यवाद दिनुहुँदै कार्यक्रमको सफलताको कामनासमेत गर्नुभयो ।

त्यसैगरी सर्वोच्च अदालतका प्रवक्ता सहरजिस्ट्रार तथा प्रकाशन, सञ्चार तथा सम्पादन समितिका सदस्य सचिवसमेत रहनुभएका श्री नहकुल सुवेदीले आफ्नो मन्तव्य राख्नुहुँदै हामीले फैसलामा प्रयोग गर्ने भाषा सेवाग्राही, पाठक तथा सबैले बुझ्ने हुनुपर्दछ । कानूनी नेपाली भाषा बुझ्न कठिन तथा गाह्रो भएकाले यसलाई भाषिक प्रशिक्षणद्वारा सरल, बोधगम्य बनाउन सकिने विश्वाससमेत व्यक्त गर्नुभएको थियो ।

प्रशिक्षणका क्रममा स्वागत मन्तव्य दिनुहुँदै प्रकाशन, सञ्चार तथा सम्पादन शाखाका सम्पादक

कार्यक्रममा मन्तव्य राख्नुहुँदै सर्वोच्च अदालतका सहरजिस्ट्रार तथा प्रकाशन, सञ्चार तथा सम्पादन समितिका सदस्य सचिव श्री नहकुल सुवेदी

श्री गजेन्द्रबहादुर सिंहले प्रशिक्षार्थीहरूलाई काम कारवाहीको लागि तपाइँहरू नै अदालतको मेरूदण्ड हो, तपाइँहरू बिना अदालतका कुनै पनि योजना, कामकारवाही सफल हुँदैनन् भनी सहभागीहरूलाई Core Team को रूपमा संज्ञा दिनुहुँदै प्रशिक्षणपछि आफ्नो कार्यक्षेत्रमा गई आफूले सिकेका ज्ञान एवं सीपलाई प्रयोग गरी फैसला लेखनजस्तो गहन कार्यमा न्यायाधीशहरूलाई भाषिक शुद्धतामा सहयोग गर्नुहुनेछ, फैसलालगायत अदालती काम कारवाहीमा प्रयोग गरिने भाषामा शुद्धता, बोधगम्य र सरलतालाई पनि ध्यान दिनुहुनेछ भन्नुहुँदै प्रशिक्षण कार्यक्रमको उद्देश्यमाथि प्रकाशन पार्नुभएको थियो।

मन्तव्यकै क्रममा कार्यक्रमका अध्यक्ष तथा डडेल्धुरा जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री देवकुमार गिरीले आयोजक प्रति हार्दिक आभार व्यक्त गर्दै हामीले प्रयोग गरिने भाषामा फैसला लेखनलगायत अन्य लिखतहरू तयार गर्दाका अवस्थामा शुद्धतामा ध्यान दिई शब्द चयन गरी सेवाग्राही एवम् पक्षलाई समेत बुझाउने किसिमको वोधगम्य सरल भाषामा जोड दिनुपर्ने र समयको मागलाई ध्यान दिई अगाडि बढ्नुपर्ने तर्फ ध्यानाकृष्ठ गर्नुहुँदै हाम्रो सबै Document जिल्ला प्रहरी कार्यालय एवं जिल्ला सरकारी वकिल कार्यालयबाट उठान हुनेहुँदा त्यस्ता कार्यालयहरूका मुद्दा शाखामा कार्यरत जनशक्तिको लागि पनि भाषिक प्रशिक्षणको आवश्यकता माथि प्रकाश पार्नुहुँदै सो प्रशिक्षण कार्यक्रमको समापन गर्नुभएको थियो।

मिति २०७३।२।२७ देखि ऐ. २९ गते ३ दिनसम्म सञ्चालन भएको सो भाषिक प्रशिक्षण कार्यक्रममा सहरजिस्ट्रार श्री नहकुल सुवेदीले फैसला टिपोट दृष्टान्त र सुधार, आदेश लेखन र भाषिक पक्ष, प्रशिक्षक श्री रामचन्द्र फुयालले भाषाको सैद्धान्तिक परिचय, भाषिक भेद, कानूनी नेपाली शब्दका निर्माण प्रक्रिया, उपसर्ग / परसर्ग, वर्ण विन्यासको परिचय,

कार्यक्रमका बारेमा प्रकाश पार्नुहुँदै प्रकाशन, सञ्चार तथा सम्पादन शाखाका सम्पादक श्री गजेन्द्रबहादुर सिंह

ह्रस्वदीर्घसम्बनधी नियम र प्रयोग, वर्णहरूको सही प्रयोग (श, ष, स, क्ष्य, छ्य, क्ष ... आदि), शब्दमा हलन्त र अजन्तको प्रयोग, पञ्चम वर्णसम्बन्धी नियम, पदयोग र पदवियोग, साधित तथा असाधित शब्द र शुद्ध प्रयोग, फैसला लेखनमा शुद्धतासम्बन्धी अभ्यास, सम्पादक श्री गजेन्द्रबहादुर सिंहले कानूनी नेपाली भाषाको अध्ययन, आवश्यकता र महत्त्व र शाखा अधिकृत श्री मिनबहादुर कुँवरले फैसला लेखनमा कानूनी भाषाको महत्त्वका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने सो कार्यक्रमको सञ्चालन तथा संयोजन शाखा अधिकृत श्री मिनबहादुर कुँवरले गर्नुभएको थियो ।

कानूनी नेपाली भाषाको तिन दिवसीय भाषिक प्रशिक्षण कार्यक्रममा सहभागी प्रशिक्षार्थीहरू :

१.श्री रामानन्दप्रसाद अधिकारी, रजिस्ट्रार पु.वे.अ. दिपायल
२.श्री महिमानसिंह विष्ट, शा.अ., पु.वे.अ. दिपायल
३.श्री बसन्तराज जोशी, शा.अ., पु.वे.अ. दिपायल
४.श्री गुणराज पराजुली, शा.अ., पु.वे.अ. दिपायल
५.श्री सुरेश ओखेडा, क.अ., पु.वे.अ. दिपायल
६.श्री ईश्वरदेव भट्ट, क.अ., पु.वे.अ. दिपायल
७.श्री नरबहादुर नेगी, ना.सु., पु.वे.अ. दिपायल
८.श्री रामलखन चौधरी, ना.सु., पु.वे.अ. दिपायल
९.श्री प्रकाशबहादुर सिंह, ना.सु., पु.वे.अ. दिपायल
१०.श्री पुष्पा जोशी, ना.सु., पु.वे.अ. दिपायल
११.श्री विष्णुराज पन्त, स्रेस्तेदार, डडेल्धुरा जि.अ.
१२.श्री पुष्पराज जोशी, ना.सु., डडेल्धुरा जि.अ.
१३.श्री विनोदकुमार विष्ट, क.अ., डडेल्धुरा जि.अ.
१४.श्री चेतराज भट्ट, का.स., डडेल्धुरा जि.अ.
१५.श्री भवानी शाह, सि.स.प., डडेल्धुरा जि.अ.
१६.श्री कमलप्रसाद ढुङ्गाना, डिट्ठा, डडेल्धुरा जि.अ
१७.श्री धर्मसिंह महरा, डिट्ठा, डडेल्धुरा जि.अ.

प्रशिक्षणका क्रममा प्रशिक्षक श्री रामचन्द्र फुयाल

१८.श्री हेमराज जोशी, तामेलदार, डडेल्धुरा जि.अ.
१९.श्री शिवराज जोशी, तामेलदार, डडेल्धुरा जि.अ.
२०.श्री चुनुलाल चौधरी, तामेलदार, डडेल्धुरा जि.अ.
२१.श्री शेरसिंह विष्ट, तामेलदार, डडेल्धुरा जि.अ.
२२.श्री लिलानाथ राय, ना.सु., अछाम जि.अ.
२३.श्री आधार शर्मा, तामेलदार, अछाम जि.अ.
२४.श्री लक्ष्मीदत्त पन्त, डिट्ठा, दार्चुला जि.अ.
२५.श्री वर्तराज पण्डित, सि.स.प., दार्चुला जि.अ.
२६.श्री लबबहादुर थापा, ना.सु., डोटी जि.अ.
२७.श्री शैलेश गुप्ता, क.अ., डोटी जि.अ.
२८.श्री कष्णदेव भट्ट, ना.सु., बैतडी जि.अ.
२९.श्री रोहितप्रसाद भट्ट, डिट्ठा, बैतडी जि.अ.
३०.श्री सुशिल सुवर्णकार, डिट्ठा, बाजुरा जि.अ.
३१.श्री पुष्पराज जैशी, डिट्ठा, बाजुरा जि.अ.
३२.श्री खडकबहादुर खड्का, ना.सु., बझाङ जि.अ.
३३.श्री दिनेशप्रसाद पण्डित, ना.सु., बझाङ जि.अ.
३४.श्री नारायणसिंह नेगी, प्र.स.नि., जिल्ला प्रहरी कार्यालय, डडेल्धुरा
३५.श्री चन्द्रबहादुर रोकाया, ना.सु., जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा

कार्यक्रमका सहभागीहरू